# अभिलेख

श्री ५ को सरकार
राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अभिलेख विश्वसम्पदा हो
यसको जगेर्ना गर्नु हाम्रो कर्तव्य हो
अभिलेखको सुरक्षा गरौं
संस्कृतिको रक्षा गरौं ।

–राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

# अभिलेख

# ABHILEKHA

वर्ष १४ ~२०५३~ पूर्णाङ्क १४

सम्पादक-मण्डल

प्रधान सम्पादक
सानीमैयाँ राणा

सम्पादक
विष्णुकान्त शर्मा
जगन्नाथ उपाध्याय

प्रकाशक
श्री ५ को सरकार
युवा, खेलकूद तथा संस्कृति मन्त्रालय
पुरातत्त्व विभाग
राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मितिः- २०५३ साल आश्विन १७ गते

प्रथमबारः- ५०० प्रति

मूल्यः- १०/-

मुद्रकः- संकटा प्रेस, ख १-८३ टेबहाल, काठमाडौं-३। फोन २२८२०८, २४४५७९

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

# दुई शब्द

आफ्नो स्थापनाकालदेखि निरन्तर क्रियाशील रहँदै राष्ट्रिय अभिलेखालयले जीवनका अनेकौं खुड्किलाहरू पार गरी आज २९ औं बसन्तको संघारमा पाइला टेक्दैछ । स्वयं पारदर्शी भएर हामीलाई चिनाउनका लागि आँफू प्रकट भएको प्रत्येक पावन पर्वमा आपना मुटुभरीको मायाको प्रतीक 'अभिलेख' को १४ औं अङ्कको उपहार यहाँ दिएको छ । आफ्ना पाठकहरू प्रतिको धर्म निर्वाह गर्ने क्रममा आँफू खुम्चिनु, तन्किनु, मोटाउनु र दुब्लाउनु परे पनि हतोत्साही भएको छैन । आफ्ना अविरल यात्राको गोरेटोमा अगाडि बढ्ने क्रममा यस अङ्कमा पनि लालमोहर, ताडपत्र, तमसुक र विभिन्न अनुसन्धानात्मक लेख रचनाहरू समावेश गरेको छ ।

अन्त्यमा विज्ञपाठकहरूबाट रचनात्मक सुझाव र स्नेहिलो माया पाएर आफ्ना कमीकमजोरीहरूको निराकरण जीवनका आगामी वर्षमा गर्ने वाचा गर्दै 'अभिलेख' आपनो लेखनीको गति अवरोध गर्ने अनुमति माग्दछ ।

**सानीमैयाँ राणा**
प्रमुख
राष्ट्रिय अभिलेखालय

मिति:- २०५३।६।१७

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

# विषय-सूची


| विषय | लेखक | पृष्ठ संख्या |
|---|---|---|
| १. श्री गणेश | -विष्णुकान्त शर्मा | १ |
| २. प्राचीन हनुमन्नाटक सामान्य अवलोकन | -जगन्नाथ उपाध्याय | २३ |
| ३. कौसी तोषाखानाबाट प्राप्त लालमोहर | | ३० |
| ४. चिकित्सा मणिमालाको संक्षिप्त विवेचना तथा अन्य आयुर्वेद ग्रन्थहरूको विवरण | -काशीराज शर्मा सुवेदी | ६४ |
| ५. थानकोट महादेव गाउँस्थित चन्दन भराटेश्वर मन्दिरका अभिलेखहरू | -श्री हरि रुपाखेती<br>-श्यामसुन्दर राजवंशी | ८५ |
| ६. ग्यातपोल अर्थात् पाँच तले मन्दिर निर्माण प्रतिष्ठा कार्य-एक झलक | -जनकलाल वैद्य | ९२ |
| ७. भूमि सम्बन्धी केही तमसूक ताडपत्रहरू | -शिद्धिरत्न शाक्य भिक्षु | ११५ |
| ८. Results of the sixth Phase of the Nepal-German Manuscript Preservation Project and Future Prespects | -Klaus Dieter Mathes | १३३ |
| ९. Three Inscription of Jagatpal Varma | -Sukra Sagar Shrestha | १३७ |
| १०. Conservation of Rolled Palm leaf Manuscripts (RPLM) | -Griha Man Singh | १४३ |
| ११. बार्षिक गतिविधि | | १४८ |


CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

# लेखक–परिचय

| नाम | ठेगाना |
| --- | --- |
| १. विष्णुकान्त शर्मा | अभिलेख अधिकृत, राष्ट्रिय अभिलेखालय, |
| २. जगन्नाथ उपाध्याय | अनुसन्धान अधिकृत, राष्ट्रिय अभिलेखालय, |
| ३. डा. काशीराज शर्मा सुवेदी | आयुर्वेदिय क्याम्पस, नरदेवी, काठमाडौं |
| ४. श्रीहरि रूपाखेती | सह प्राध्यापक, रत्न राज्यलक्ष्मी क्याम्पस |
| ५. श्यामसुन्दर राजवंशी | सहायक लिपि विशेषज्ञ, पुरातत्व विभाग |
| ६. डा. जनकलाल वैद्य | प्राध्यापक, त्रिचन्द्र क्याम्पस, काठमाडौ |
| ७. सिद्धिरत्न शाक्य भिक्षु | स. लिपि सहायक, राष्ट्रिय अभिलेखालय |
| ८. Klaus Dieter Mathes | Director, Nepal–Germany Manuscript Preservation Project |
| ९. Sukra Sagar Shrestha | Archaeologist, Dept. of Archaeology |
| १०. Griha Man Singh | Chemist, National Archives |

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

# श्री गणेश

-विष्णुकान्त शर्मा

हाम्रो देश नेपाल देवताहरूको उत्तम वासस्थान हो। यहाँ वास नगर्ने र नगरेका कुनै पनि देवताहरू छैनन्। यसैले यस पुण्यभूमिमा 'श्री गणेश'को वास नहुने कुरै भएन। नेपाल अधिराज्यको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म, हिमालदेखि तराईसम्म हेर्ने हो भने गणेश-वास गरेका स्थान लाखौं-लाख होलान्। हाम्रो देशमा गणेश ढुङ्गामा कुँदिएका, धातुमा ढालिएका, काठमा कुंदिएका, माटोमा बनाइएका, कागज, कपडा, र भित्ता आदिमा चित्रकारी गरिएका का अतिरिक्त प्राकृतिक शिला, ढिस्को, हिमाल, कुण्ड आदिमा समेत देख्न, हेर्न पाइन्छ। यसैले पूजाका प्रमुख पात्र गणेशको चर्चा जति गरेपनि कम नै हुन्छ। अब यहाँ यस्ता श्री गणेशको प्रादुर्भावबारे चलेका केही अध्यात्म-कथा प्रसंग उल्लेख गर्न सान्दर्भिक ठान्दछु।

(क) पद्म पुराणको सृष्टि खण्ड अनुसार पार्वतीले शरीरमा बुकुवा दल्दा झरेको मयलबाट एउटा पुरुष-आकृति बनाइन्, जसको मुख हात्तीको समान थियो। पछि पार्वतीले त्यस गजमुख पुरुष आकृतिलाई गंगामा फ्यांकी दिइन्। गंगामा खस्ना साथ त्यो आकृति स-शरीर प्रकट भयो र उनलाई पार्वतीले 'पुत्र' भनी डाकिन्। यसपछि देवताहरूले उनलाई 'गांगेय' भन्न थाले। यिनैलाई ब्रम्हाले गणहरूको अधिनायक 'गणपति' बनाइदिए।

(ख) लिङ्ग पुराण अनुसार राक्षसहरूको उपासनालाई विघ्न पुऱ्याउन देवताहरूको अनुरोधमा शिवजीको वरदान स्वरूप गणेशको उत्पत्ति भयो।

(ग) शिव पुराणको श्वेत कल्प अनुसार पार्वतीले आफ्नो शरीरबाट मयल निकालेर त्यसबाट एक चेतन पुरुष जन्माइन्। त्यो बालक हेर्दैमा एकदम विशाल



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शरीर भएको, परम शोभायमान र महान् बलपराक्रमी थियो। यस्तो पुरुषलाई पार्वतीले विभिन्न वस्त्र, आभूषण आदि पहिराई आशिर्वाद दिएर, आफ्नो छोरा बनाएर आफ्नै ढोकामा रक्षकको रूपमा राखिन्। कुनै एक दिन भित्र कोठामा पार्बती नुहाइरहेको अवस्थामा शिवजी आई भित्र जान खोजे। तव द्वारपालको रूपमा बसेका मयल-पुत्रले उनलाई भित्र जानबाट रोके। शिवजी रिसाएर आफ्ना गणलाई गणेशसँग युद्ध गर्ने आदेश दिए। शिवगणको केही जोड नचलेकोदेखि शिवजी क्रुद्ध भै उक्त मयल-पुत्रको टाउको नै काटिदिए। यो कुरा पार्वतीले थाहा पाइन् र दु:खित र क्रोधित हुँदै सम्पूर्ण शिवगण-देवताहरूको संहार गर्न तयार भइन्। शिवजीले पार्वतीलाई शान्त पार्दै शिवगणलाई उत्तर दिशातिर गई सर्व प्रथम जुन जीव पाईन्छ त्यसैको शिर छेदन गरी ल्याउने आदेश दिए। शिवगणले एउटा एकदन्ता हात्तीलाई देखि त्यसैको शिर काटी ल्याए र त्यही शिर जोडेर शिवजीले उक्त मयल पुत्रलाई पुन: जीवित गराई 'विघ्नेश्वर' भनी नामाकरण गरिदिए।

(ध) ब्रम्ह वैवर्त पुराणमा कृष्ण जन्मखण्ड नामक एक अध्याय छ। यस अध्याय अनुसार श्री कृष्ण नै गणेश हुन् भनी तिनको उत्पत्तिबारे यस्तो वर्णन गरिएको छ– शिव-पार्वतीको विवाह भएको धेरै वर्षसम्म पनि सन्तान प्राप्ति नभएकोले पार्वती सार्है दु:खी भइन्। तव शिवजीले श्री हरिको आराधना गरेर पुण्यक नामक श्रेष्ठ व्रत एक वर्षसम्म बस्ने र सो व्रत बस्नाले गोपांगनेश्वर श्री कृष्ण पुत्रको रूपमा प्रादुर्भाव हुने कुरा पार्वतीलाई बताए। पार्वतीले पनि एक वर्षसम्म शास्त्रोक्त विधिपूर्वक श्री कृष्णको पूजा गरी पुण्यक व्रत बसिन्। व्रतको अन्तिम दिन हवन आदि गरी भोजन, दान, दक्षिणा आदि वितरण गरियो। यो कार्य समाप्त हुने बित्तिकै सबैले एउटा तेजपुञ्ज आकाशमा आएको देखे, तर यो ज्यादै नै प्रकाशमय भएकोले पार्वतीले बाहेक अरू कसैले हेरी रहन भने सकेनन्। तव पार्वतीले त्यस तेजपुञ्जको माझमा श्री कृष्णलाई देखिन् र उनले आराधना गर्न थालिन्। साथै श्री कृष्ण जस्तै पुत्रको चाहना भएको कुरा पनि व्यक्त गरिन्। तव श्री कृष्णले आफ्नो दिब्य स्वरूपको दर्शन दिएर पुत्र प्राप्तिको वरदान दिएर अन्तर्ध्यान भए।

शिव-पार्वती आफ्नो कोठामा विश्राम गरिरहेको बखत बिहानीपखको समयमा 'जगत पिता महादेव ! जगत माता देवी पार्वती ! तपाईहरू उठ्नुहोस् मैले सात रातको उपवास व्रत गरेको थिएँ, त्यसैले म ज्यादै भोको छु। तपाईहरू जस्तो



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

माता-पिता पाएर पनि म भोकै छु।' भन्ने कसैको दुःखी स्वर सुनियो। तव शिव-पार्वतीले ढोका खोलेर हेर्दा अत्यन्त बूढो, दुब्लो शरीर भएको झुत्रो लुगा लगाएको एक जना ब्राम्हणलाई देखे। तव पार्वतीले उसको ईच्छा बमोजिम विभिन्न स्वादिष्ट भोजन, फलफूल आदि खुवाउन चाहिन् तर उक्त ब्राम्हण एका-एक अन्तर्ध्यान भयो। त्यसै वेला उक्त ब्राम्हण नै श्री कृष्ण हुन् भन्ने आकाशवाणी भयो। श्री कृष्ण पनि त्यसको लगत्तै बालक रूप धारण गरेर दरवार भित्रको पलङ्गमा सुतिरहेको भेटियो। त्यो बालक ज्यादै नै तेजोमय थियो। त्यही बालक बल, पराक्रम र बुद्धिमा अपूर्व देखेर शिवजीले आफ्नो प्रथमादिगणको आधिपत्य दिएर 'गणेश' नाम राखेको भन्ने कुरा उल्लेख गरेको पाइन्छ। यसै बखत श्री गणेशलाई विष्णुले 'सर्वप्रथम पूजा पाउने छौ' भनी आशीर्वाद दिएको उल्लेख पनि पाइन्छ।

(ङ) तेर्‍हौं शताब्दीमा जयद्रथले प्राचीन ग्रन्थहरूको आधारमा लेखेको ''हर चरित्र'' नामक ग्रन्थमा वर्णित एक अनुश्रुति अनुसार पार्वतीले नुहाएको पानी गंगाजीमा बग्न गै सो पानी गजमुखी मालिनी नामकी देवीले पिएकीले उनको गर्भबाट ५ ओटा हात्तीका शिर भएको ४ हात भएको एक बालक जन्मियो। सो बच्चालाई गंगाजीले आफ्नो बच्चा भनी दावी गर्दा शिवजीले त्यो बच्चा पार्वतीको हो भनी घोषणा गर्नुका साथै सो बच्चालाई एक शिर युक्त बनाई विघ्नान्तकको पदवी प्रदान गरेका थिए।

(च) वराह पुराण अनुसार देवताहरूको अनुरोधमा शिवजीले आफ्नो आकाशिक अंशबाट एक सुन्दर युवकको सिर्जना गरे तर त्यस युवकको सिर्जनामा पार्वतीको कुनै देन नभएकोले गर्दा उनले रिसको झोंकमा त्यस युवकलाई ठूलो पेट भएको, हात्ती टाउके भई असुन्दर होस् भनी श्राप दिइन् र त्यसै श्रापको फलस्वरूप गजमुखयुक्त लम्बोदर गणेशको प्रादुर्भाव भयो भनिन्छ।

(छ) सुप्रभेदागम ग्रन्थ अनुसार शिवजी र पार्वतीले हात्ती र हात्तिनीको रूप धारण गरेर वन विहार गरिरहेको समयमा गणेशको जन्म भएकोले गर्दा उनको हात्तीटाउके र ठूलो पेट भएको हो भनिन्छ।

यस्ता विभिन्न अवस्था र घटनाबाट उत्पत्ति भएको गणेशलाई वैदिक कालमा नै महत्त्वपूर्ण देवताको रूपमा मानिएको पाइन्छ, तर त्यस बखत यिनलाई ऋग्वेद अनुसार 'ब्रम्हणस्पति' भनी सम्बोधन गरिन्थ्यो। जसको अर्थ हुन्थ्यो 'वाणीका मालिक'।



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यसैगरी वैदिक कालमा नै यिनलाई पाञ्चायन देवताको रूपमा समेत स्वीकार गरेको देखिन्छ। यिनलाई मध्य भागमा राखी ईशानमा विष्णु, आग्नेयमा शिव, नैऋत्यमा सूर्य र वायव्यमा देवीलाई राखी पाञ्चायन पूजा गरिन्थ्यो। गणेशलाई गाणपत्यहरूका मात्र आराध्यदेव नभएर सौर सम्प्रदाय, शैव सम्प्रदाय, वैष्णव सम्प्रदाय र शाक्त सम्प्रदायका पनि मुख्य पूजा पाउने अधिकारी-देवताको रूपमा लिईन्छ।

बौद्ध सम्प्रदायमा पनि गणेशको स्थान उच्च छ। यसमा पनि वज्रयानीहरूले गणेशलाई विशेष रूपले मान्दछन्। त्यसैले बौद्ध साहित्यको एक प्रमुख ग्रन्थको रूपमा 'गणपति हृदय'लाई लिइन्छ। बौद्ध धर्ममा शाक्यमुनि गौतमको गर्भ प्रवेश 'हात्तीको शरीरको रूपमा गरिएको छ।' 'कप्पदुभावदान' नामक संस्कृत भाषामा लेखिएको एक महायानी बौद्ध धर्म सम्बन्धि ग्रन्थमा गणेशको स्तुति सम्बन्धि एक कथा पाइन्छ। जस अनुसार श्रावस्तीका एक वजिक-पुत्रले व्यापारको लागि आफ्ना साथीहरू सहित 'रत्नाकर द्वीप' तर्फ प्रस्थान गर्दा कुनै एक दिन उनीहरूको डुङ्गा एउटा तुफानसँग टक्कर खाएर पानीमा डुब्यो र उनले आफ्नो प्राण रक्षार्थ गणेशको स्तुति गरेको प्रसंग उल्लेख छ।

बौद्ध धर्ममा सेतो हात्ती ज्यादै महत्वपूर्ण मानिन्छ। बुद्ध जन्मनु भन्दा अगाडि मायादेवीले सेतो हात्ती (श्री गणेश) स्वर्गबाट आएर उनको मुखबाट पसेको सपना देखेको फलस्वरूप बुद्ध गर्भमा वास गर्न आएको मानिन्छ। त्यसैले अशोककालीन थुप्रै स्तम्भहरूमा हात्तीलाई देख्न सकिन्छ।

यस्ता श्री गणेशलाई हिन्दू तथा बौद्ध धर्मावलम्वी दुवैले विद्या, ज्ञान, बुद्धि, सिद्धि, कीर्ति, सीप, धन, स्त्री पुरुष र सन्तान प्राप्तिका लागि पनि आराधना, उपासना गर्दछन्। त्यसैले नेपाल र भारतमा मात्र नभई गणेशको आराधना, उपासना चीन, तिब्बत, जापान, तुर्किस्तान, वर्मा, थाइलैण्ड, कम्बोडीया, भियतनाम, इण्डोनेशियाको जाभा, सुमात्रा वोर्नियो र मंगोलियामा समेत गरेको पाइन्छ।

गणेशलाई ईष्टदेवता, कुलदेवता, विश्वकर्मा, नृत्येश्वर र सूर्यको रूपमा पनि मान्ने चलन छ। यिनको शक्ति (पत्नी)को रूपमा सिद्धि र बुद्धिका अतिरिक्त अणिमा, महिमा, गरिमा, लघिमा प्राप्ति, प्राकाम्य, ईशित्व, वशित्व नामक अष्ट-सिद्धिलाई पनि लिइन्छ। यिनको वाहनमा सिंह, मयूर, घोडा, नाग र सर्वमान्य छुचुन्द्रो (मूसो)लाई लिइन्छ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यस गणनायकका ६ वटा गाणपत्य सम्प्रदायहरू पनि छन्:- १) महागणपति सम्प्रदाय २) हरिद्रागणपति सम्प्रदाय ३) उच्छिष्ट गणपति सम्प्रदाय ४) नवनीत गणपति सम्प्रदाय ५) स्वर्ण गणपति सम्प्रदाय र ६) सन्तान गणपति सम्प्रदाय ।

## गणेशका प्रमुख १२ नाम यस प्रकार छन्:-

१) सुमुख २) एकदन्त ३) कपिल ४) गजकर्ण ५) लम्बोदर ६) विकट ७) विघ्ननासक ८) विनायक ९) धुम्रकेतु १०) गणाध्यक्ष ११) भालचन्द्र १२) गजानन

## गणेशका ८ अवतार यस प्रकार छन्:-

१) वक्रतुण्ड – सिंह वाहन तथा मत्सासुर हन्ता
२) एकदन्त – मुसा वाहन तथा मदासुर नाशक
३) महोदर – मुसा वाहन तथा मोहासुर नाशक
४) गजानन – मुसा वाहन तथा लोभासुर नाशक
५) लम्वोदर – मुसा वाहन तथा क्रोधासुर नाशक
६) विकट – मयुर वाहन तथा कामासुर हन्ता
७) विघ्नराज – नाग वाहन तथा ममतासुर प्रहर्ता
८) धुम्रवर्ण – मुसा वाहन तथा अहंतासुर नाशक

यसको अर्थ हुन्छ– यी ८ अवतारी गणेशले काम, क्रोध, लोभ, मोह, मात्सर्य, ममता र अहम्लाई नाश गर्दछन् भन्ने नै हो ।

अब गणेशका विभिन्न प्रकारका मूर्तिहरूको चर्चा गर्नु सान्दर्भिक हुने ठानेको छु ।

## गणेश मूर्तिका स्वरूपहरू निम्न अनुसार पाइन्छन्:-

**१) बाल गणपति–** अरुणोदय सूर्यको जस्तो वर्ण भएको, बाल आकृति, ४ वाहु भएका र हातमा आँप, कैरा, कटहर तथा उखु लिएका र यिनको सुंडले कपित्थ (वेलको जस्तो रूख हुने सान्हो फल फल्ने वोटको फल) समातेको हुन्छ ।

**२) तरुण गणपति–** तरुणाकृति भएका, रक्त वर्ण भएका, ८ वटा हात भएका र २ वटा हात अभय र वरद मुद्रामा अन्य ६ वटा हातमा पाश, अंकुश, कत्था, जम्वुफल, तीलको बोट तथा बाँसको लट्ठी लिएका हुन्छन् ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

३) **भक्त गणपति**– (भक्ति विघ्नेश्वर):– शारदी चन्द्रमा जस्तो श्वेतवर्ण भएका, ४ वटा हात भएका र ती हातमा आँप, नरिवल, उखुको झुप्पा र खिरको कचौरा लिएको हुन्छ ।

४) **वीर विघ्नेश गणपति**– रक्तवर्ण भएका, १६ हातयुक्त र हातमा वेताल, कर्ति, धनुष, वाण, ढाल, तरवार, मुद्‌गल, गदा, अंकुश, पाश, शूल, कुन्द, परशु र ध्वज लिएका हुन्छन् र एक हात वरद् र अर्को हात अभय मुद्रामा हुन्छन् ।

५) **हेरम्ब गणपति**– सुवर्ण वर्ण भएका, सिंहासनमा बसेका, ५ टाउको भएका, ८ वटा हात भएका र हातमा पाश, दन्त, अक्षमाला, परशु, ३ टाउके मुद्‌गल तथा लड्डु र दुई हातहरू अभय तथा वरद् मुद्रामा हुन्छन् ।

६) **ध्वज गणपति**– भयानक डरलाग्दो आकृतिका यी गणेशको ४ हातमा पुस्तक, अक्षमाला, दण्ड तथा कमण्डलु हुन्छन् ।

७) **उन्मत्त उच्छिष्ट गणपति**– रक्त वर्ण भएका, कमलको फूलमा बसेका, ३ वटा आँखा भएका, कामुक स्वरूपका हुन्छन् र यिनको ४ हातले पाश, अंकुश, लड्डूले भरिएको कचौरा र हात्तीको दाँत समातेको हुन्छ ।

८) **विघ्नराज गणपति**– रातो सूर्यको जस्तो वर्ण भएका, छुचुन्द्रो माथि चढेका, ४ हात भएका र पाश, अंकुश समात्नुका साथै आँप खाइरहेको र एउटा हात अभय मुद्रामा हुन्छ ।

९) **भुवनेश गणपति**– श्वेत वर्ण भएका, ८ हात भएका, हातमा शंख, उखुको धनुष, पुष्पवाण, भाँचिएको दाह्रा, पाश, अंकुश तथा वोट सहितको धान लिएका हुन्छन् । कामदेवले झैं उखुको धनुष र पुष्पवाण धारण गर्नु यो गणेशको खास विशेषता हो भन्न सकिन्छ ।

१०) **हरिद्र गणपति**– (रात्रि गणपति) ४ हात भएका, ३ आँखा भएका, हरिद्रा (वेसार) वर्णका र पीत वस्त्र धारण गरेका हुन्छन् र हातमा पाश, अंकुश, लड्डु र दाँत लिएका हुन्छन् ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

११) **भालचन्द्र गणपति**– ब्रम्हाण्ड पुराण अनुसार ऋषिहरूको श्रापद्वारा आफ्नो प्रकाश घट्दै गएका चन्द्रमालाई रक्षार्थ आफ्नो शरीरमा (तिलकको रूपमा) धारण गरेका हुँदा यस्ता गणेशलाई भालचन्द्र गणपति भनिएको हो ।

१२) **सूर्पकर्ण गणपति**–ऋषिहरूको श्रापद्वारा आफ्नो अग्नि (ज्वाला, ताप) निभ्न लागेको अवस्थामा पुगेका अग्निदेवलाई आफ्ना ठूला-ठूला कानले हम्किएर पुनः आगो बल्न दिएकाले यस्ता करुणामय गणेशलाई सूर्पकर्ण गणपति भनिएको हो ।

१३) **प्रसन्न गणपति**– कमलको फूलमाथि उभिएको मुद्रामा रहेका, बाल-सूर्यको जस्तो वर्ण भएका, सिधा उभिएका, शरीरका केही अंग-हरूलाई मोडमाड पारेर उभिएका, (अभङ्ग वा समभङ्ग मुद्रामा उभिएका) हुन्छन् । यिनले रातो वस्त्र धारण गरेका ४ हात मध्ये २ हातमा अंकुश र पाश र २ हात अभय र वरद् मुद्रामा हुन्छन् । या लड्डु र दाँत समातेको पनि पाइन्छ ।

१४) **नृत्य गणपति**– ४ या ८ हात भएका, नृत्य मुद्रामा हुन्छन् । यस्ता गणेशको ८ हातमध्ये ७ हातहरूमा क्रमशः पाश, अंकुश, रोटी, कुठार, दन्त, वलय तथा अङ्गुलीय समाति राखेका हुन्छन् र एउटा हात खुल्ला आकाशमा हुन्छ । सुवर्ण वर्णका यी गणेशका वायाँ खुट्टा केही मोडेर पद्मासनमा राखेका हुन्छन् र दायाँ खुट्टा पनि केही मोडेर जमिनभन्दा माथि उठाइएको हुन्छ ।

१५) **एकदन्त गणपति**– एउटा मात्र दान्हा भएकाले यिनलाई एकदन्त गणपति भनिन्छ । पुराण कथा अनुसार यिनको एउटा दान्हा भगवान श्री परशुरामजीले भाँचिदिएका थिए भनिन्छ ।

१६) **छिप्र गणपति**– रक्त वर्णका यी गणेशको ४ हात हुन्छन् र ती हातमा लड्डु, परशु, गदा र हात्तीदाँत समातेका हुन्छन् ।

१७) **विजय गणपति**– रक्त वर्णका, ४ हात भएका र हातमा पाश, वज्र, परशु र मुला समातेको हुन्छ ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१८) **एकाक्षर गणपति–** यिनको वर्ण रातो हुन्छ र ४ हात भएका यी गणेशको २ हात जोडिएका मुद्रामा हुन्छन् र बाँकी २ हातमा मुला र लड्डु लिइएको हुन्छ ।

१९) **वर गणपति–** रक्त वर्णका यी गणेशको पनि ४ हात हुन्छ र यिनको २ हात अभय र वरद मुद्रामा हुन्छ र २ हातमा लड्डु र मुला हुन्छ ।

२०) **त्र्यक्ष गणपति–** ४ हात भएका, स्वर्ण वर्णका यी गणेशले रुद्राक्ष, अंकुश, पाश र लड्डु लिएका हुन्छन् ।

२१) **क्षिप्र प्रसाद गणपति–** रक्त चन्दन वर्णका, ६ हात भएका यी गणेशको हातमा पाश, अंकुश, गदा, खड्ग, चक्र र लड्डु लिएको हुन्छ ।

२२) **संकष्टहर गणपति–** रक्त वर्णका, ४ हात भएका र हातमा मुला, लड्डु, पाश र अंकुश लिएको हुन्छ ।

२३) **सृष्टि गणपति–** यिनको वर्ण पनि रातो नै हुन्छ र ४ हातमा पाश, अंकुश, मुला र दन्त समातेको हुन्छ ।

२४) **उद्दण्ड गणपति–** यिनको वर्ण पनि रातो नै हुन्छ र १२ हात भएका र ती हातहरूमा वज्र, कर्ति, दण्ड, खड्ग, पाश, अंकुश, गदा, त्रिशूल, पद्म, चक्र लिइएको हुन्छ र बाँकी २ वटा हात अभय र वरद मुद्रामा हुन्छन् ।

२५) **ऋणमोचन गणपति–** ४ हात भएका, शुक्ल वर्णका र हातमा लड्डु, मुला, खिरको कचौरा र परशु लिएका हुन्छन् ।

२६) **ढुण्डि गणपति–** यिनको वर्ण रातो हुन्छ र ४ हातमा लड्डु, परशु, गदा र हात्तीको दाँत समातेको हुन्छ ।

२७) **द्विमुख गणपति–** यिनको वर्ण (वेसार) हरिद्वर्णको हुन्छ । ४ हात भएका, पीताम्वर पहिरिएका र २ वटा टाउको भएका हुन्छन् र हातमा पाश. अंकुश, लड्डु र दाँत समातेको हुन्छ ।

२८) **त्रिमुख गणपति–** ३ टाउको भएको, रक्त वर्णको यी गणेशको २ हात जोडिएको मुद्रामा र हातमा मुला र लड्डु लिएका ४ हात भएको हुन्छ ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२९) **सिंह गणपति–** सिंहमाथि चढेका, सेतो वर्णका, ८ हात भएका र हातमा पाश, हात्तीदाँत, अक्षमाला, परशु, मुद्गल, लड्डु लिएका र २ हात चाहिं वरद र अभय मुद्रामा हुन्छन् ।

३०) **योग गणपति–** रक्त वर्णका यी गणेशका ४ हात हुन्छन् र हातमा, पाश, अंकुश, लड्डु र मुला लिइएको हुन्छ ।

३१) **दुर्गा गणपति–** कनक वर्णका यी गणेश सिंहमाथि चढेका, पीताम्वर पहिरिएका र ८ हात भएका हुन्छन् । ती हातहरूमा २ वटा अभय र वरद मुद्रामा हुन्छन् र बाँकी ६ हातमा वज्र, कर्ति, दण्ड, खड्ग, पाश र अंकुश लिइएको हुन्छ ।

३२) **शक्ति गणपति–** यस किसिमका गणपतिहरू आफ्ना शक्ति सहितका पाइन्छन्, यिनको भेद ५ प्रकारका छन् जस्तैः–

क) लक्ष्मी गणपति– श्वेत वर्णका, १० हात भएका, हातमा सुगा, अनार, पद्म, अंकुश, पाश, कल्पलता, वाणनामक बोटको अंकुर, लालमणी युक्त सुवर्ण कलश समातेका, त्रिशुल र चक्र धारण गरेका हुन्छन् । सुंडबाट पानी बगाई रहेका हुन्छन् । साथै ४ हात भएका, ३ आँखा भएका, सुवर्ण वर्णका चक्र तथा दन्त समातेका पनि हुन्छन् । एक हात अभय मुद्रामा हुन्छ र लक्ष्मीका एक हातले गणेशलाई अगालो मारेको हुन्छ र अर्को हातमा पद्म हुन्छ ।

ख) उच्छिष्ट गणपति– ४ वाहु भएका हातमा कमल, वीणा, अक्षमाला तथा अनार समातेका हुन्छन् । साथै रातो रंगको कमलको फूल माथि बसेका, आफ्ना शक्ति स्वरूपा नग्न-देवीसित रतीक्रीडा मुद्रामा बसेका हुन्छन् । साथै ३ आँखा भएका, कालो वर्णका ४ हात भएका र आसन मुद्राका हुन्छन् । टाउकोमा रत्नमुकुट, हातमा पाश, अकुश तथा उखु लिएका र एक हातले काखमा बसेकी नग्नदेवीको गुह्य-भागमा स्पर्श गरिरहेको हुन्छ । काखमा बसेकी बिघ्नेश्वरी नामकी २ हात भएकी ती देवी सबै प्रकारका गर-गहनाबाट सजिएकी हुन्छिन् । या हातमा पाश, अंकुश तथा लड्डु लिएका



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

र एक हातले नग्नदेवीको कम्मर भन्दा निकै मुनि अंगालो मारेको हुन्छ र काखमा बसेकी देवीले पनि एक हातले कमलको फूल समातेर दोश्रो हातले गणेशको गुह्यभागमा छोइराखेकी हुन्छिन् ।

ग) महागणपति– रातो वर्णका यी गणेशका १० वटा हात हुन्छन् । हातमा कमलको फूल, अनार, रत्नजडित कलश, गदा, दाँत, उखु, धानको बोट र पाश लिइएको हुन्छ र र यिनको काखमा बसेकी श्वेत वर्णकी देवीले कमलको फूल समातेकी हुन्छिन् ।

घ) उर्ध्व गणपति– सुवर्ण वर्णका, ६ हात भएका र ५ वटा हातले कल्हार पुष्प, धानको बोट, उखु निर्मित धनुष, वाण तथा दाँत समातेका हुन्छन् र एउटा हात आफ्नी शक्तिको कम्मरभन्दा निकै मुनिको भागमा स्पर्श गरिरहेको हुन्छ । यिनको शक्तिदेवीको वर्ण विजुली (चट्याङ्ग)को जस्तो हुन्छ ।

ङ) पिङ्गल गणपति– ६ हात भएका आँप, उखु, कल्पवृक्षको फलको झुप्पा, तिलको बोट, लड्डु तथा परशु समातेका हुन्छन् र यिनको साथमा लक्ष्मी बसेकी हुन्छिन् ।

३३) गणेशका अन्य केही स्वरूपको विभिन्न ग्रन्थहरूमा यसरी चर्चा गरिएको पनि पाइन्छ । जस्तै–

क) "विघ्नेश्वर प्रतिष्ठा विधि" ग्रन्थ अनुसार अस्ताउन लागेका सूर्यको जस्तो वर्ण भएका, डरलाग्दो आकृतिका, शक्ति सहितका गणेशजी हुन्छन् । यिनको शक्तिको वर्ण हरियो हुन्छ । यिनी शक्तिसहित पद्मासनमा बसेका हुन्छन् । गणेशले शक्तिको कम्मरमा अंगालो मारेका हुन्छन् तर शक्ति र गणेशको गुह्यभागले भने एक दोश्रोसित स्पर्श गरेको भने हुँदैन । यिनले पाश तथा वज्र समातेका हुन्छन् ।

ख) "मन्त्र महार्णव" ग्रन्थ अनुसार शक्ति सहितका गणेशले दन्त, अंकुश, पाश, अक्षमाला समातेका हुन्छन् र सुंडले लड्डु समातेका हुन्छन् र गणेश संगै सुन जडेको लुगा र गरगहनाले सजिएकी देवी बसेकी हुन्छिन् ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ग) "वृहद् संहिता" ग्रन्थ अनुसार हात्तीमुखे, प्रलम्ब जठर (लामा हातले ठूलो पेट छोएका ?) एक दाँते, हातमा फरसा, मुला, नीलदल कन्द (तरुल) लिएका हुन्छन् ।

घ) आद्य संकराचार्यका परमगुरु गोडपादाचार्य (वि. सं. ८४५–८७७) ले 'प्रपञ्चसार तन्त्र' नामक पुस्तकको सातौं पटलमा गणपतिको ध्यान मूर्तिको वर्णन गरेका छन् साथै यस ग्रन्थमा गणेशको एक दन्त र दश हात र उनका शक्ति सिद्धि, बुद्धि र ९ शक्तिहरूको साथ उनको पूजा-अर्चना बारे पनि उल्लेख छ ।

माथि वर्णन गरिएका विभिन्न गणेशका स्वरूपहरू हाम्रो देशमा पाइने गणेशमा पनि पाइन्छन् । हाम्रो देशमा गणेशका मूर्तिहरू उठेका, वसेका र नाचेका मुद्राका पाइन्छन् र यी सवै मूर्तिहरूमा कालक्रम अनुसार पाइने विशेषताहरू यस्त प्रकारका छन् ।

१) पाँचौं-छैठौं शताब्दी सम्मका– २ हात भएका, हात्तीको टाउको ज्यादै ठूलो र टाउकोको वोझले थिचिएको जस्तो देखिने, मुकुट विहीन, सर्पयज्ञोपवित धारण गरेको, नाडीमा मोटो बाला लगाएको, हात पाखुरा, छोटो, मोटो भएको साथै बुट्टा विहीन सादा आसनमा बसेका, कम कलात्मकता भएको र वाहानको रूपमा मुसालाई कुंदिएको पाइन्न ।

२) छैठौं-सातौं शताब्दी– यस समयमा बनेका गणेशका ४ हात, मुकुट विहीन, साधारण, हलुका भेषभुषा, गरगहना र वाहान विहीन तर शरीरहरू सुडोल एवं स्पष्ट रूपमा कुंदिएको पाइन्छ ।

३) आठौं शताब्दी र पछि– सुडौल शरीर, स्पष्ट, आकर्षक ढंगबाट कुंदिएका मूर्ति पाइन थाल्यो । कुनै-कुनै मूर्तिमा प्रतिहार र गणहरू पनि कुंद्न थालियो । एकला मूर्तिभन्दा फलकमा अरू गणहरू सहित कुंद्न थालियो । गर-गहनाको प्रचुर प्रयोग, मुकुट पहिरिएको र कान कम चौंडा र सानो बनाउन थालियो ।

४) एघारौं-बान्हौं शताब्दी र पछिल्लो कालका– यस अवधिमा बनेका मूर्तिहरूमा कलात्मकता, गलामा कलात्मक सर्पयज्ञोपवितको अलावा हारहरू पनि बढी संख्यामा पहिरिएको बनाउन थालियो । ढुंगाको गुणस्तरमा भने कमी आउन थाल्यो र फुश्रा ढुंगामा कुंद्न थालियो । ज्वालावली, प्रभावली आदि थपिएको पाइन थाल्यो । सादा आसन तथा कमलासनमा बसेको र ४ भन्दा बढी हातहरू भएको कुंदिन थालियो ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

५) ते-हौं-चौधौं शताब्दीताका– विभिन्न स्वरूपका एघारौं-बा-हौं शताब्दीसँग मेल खाने वा त्यसबाट प्रभावित भएका मूर्तिहरूका अतिरिक्त नृत्यरूप गणेश कुद्न थालियो। यस मूर्तिमा कम्मरमा चाँप कुद्न थालियो। नृत्य गणेश संग संगै वाहन मुसो पनि नाचेको मूर्तिहरू बनाइन थालियो।

६) सो-हौं शताब्दीदेखि बढी साजसज्जायुक्त मूर्तिहरू बन्न थाल्यो। यसै समयदेखि गणेशको टाउको माथि ७ फणा युक्त नागहरू कुदिन थालियो। साथै बसेका र नृत्य गणेश दुवैको घुंडाभन्दा केही तलतिर घुंघुरू बाँधिएको देखाइन थालियो। गर-गहनाको बढी से बढी प्रयोग र ज्वालावली, प्रभावली बढी सजाउन थालियो।

७) सत्रौं-अठारौं शताब्दी देखिका मूर्तिहरूमा उभिएका गणेशहरूका मूर्तिहरूमा घुंडाभन्दा मुनिसम्म आउने 'वनमाला'को प्रयोग हुन थाल्यो। ३, ४, ५ र ६ वटासम्म टाउको भएको ६ देखि ८ र १८ वटासम्म हात भएका मूर्तिहरू बन्न थाले। आभूषण- भेषभूषा, मुकुट आदि परिवानहरू, बढी से बढी गर-गहना र कलात्मक हुँदै आयो। शक्ति सहितका गणेशहरू पनि बन्न थाले। दुई खुट्टाले टेकी उभिएको मूसोमाथि उभिएको गणेश वा दुईवटा मुसामाथि बसेको गणेश मूर्तिहरू बन्न थाले। आसन, पृष्ठभूमि, ज्वालावली र प्रभावली पनि अति नै सजावट गर्न थालिएको पाइन्छ।

अब म नेपाल अधिराज्यभित्र पाइएका गणेशहरूको चर्चा गर्न चाहन्छु, तर यसभन्दा अगाडि स्पष्टीकरण स्वरूप यो प्रसंग उल्लेख गर्न अति आवश्यक ठान्दछु:–

[ काठमाडौं मखनटोलको गरूडलाई २०४४ सालभन्दा अगाडि यसको वनोट, कलापक्ष, ढुङ्गाको गुणस्तर आदिलाई अध्ययन गरेर प्रसिद्ध कलाविद् प्रतापादित्य पालले आफ्नो पुस्तक 'The Arts of Nepal Sculpture Vol. 1 Photo Plate No. 99/100' मा यस मूर्तिलाई छैठौं शताब्दीको भनी उल्लेख गरेका छन्। यसैगरी नेपालका थुप्रै पुरातत्त्वविद्हरूले पनि यस मूर्तिलाई छैठौं शताब्दीकै मानेका थिए। यसवेला करीव ५ फिट अग्लो यो मूर्तिको आधा भाग जमिन मुनि गाडिएको थियो। तर २०४४ सालमा मुख्य मन्दिर 'नारायण मन्दिर'को जीर्णोद्धार गर्ने क्रममा यस मूर्तिलाई पनि व्यवस्थित गर्न जमिनबाट उखाडियो तब यो मूर्ति ने. सं. ७०३ (वि. सं. १६४०) मा स्थापना भएको पाइयो। यो तथ्य यसै मूर्तिको पादपीठमा कुंदिएको अभिलेखबाट पुष्टी हुन आयो। यो मूर्तिको पादपीठको अभि-



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लेख सहित पूर्ण विवरण पुरातत्त्व विभागका लिपि विशेषज्ञ श्री श्यामसुन्दर राजवंशीले विभागको मुखपत्र 'प्राचीन नेपाल' अंक १०४ मा प्रकाशित गरेका छन् ।

यसबाट के बुझिन्छ भने कलापक्ष, वनोट, ढुङ्गाको गुणस्तर आदि-आदिवाट मात्र कालक्रमको आधार निर्धारण गर्दा मूर्तिहरूमाथि अन्याय पर्न जाने कुरा स्पष्ट भएबाट यहाँ अभिलेखले बताएको भन्दा बाहेक अरू कुनै मूर्तिलाई पनि चर्चा गरिएको छैन । ज्ञान र लगनशीलताको अभावले गर्दा पनि केही महत्त्वपूर्ण मूर्ति र त्यसको अभिलेख हेर्न– देख्न नपाइएको कारणले केही उल्लेखनीय मूर्तिहरू यहाँ छुट्न पनि गएका होलान् तर पनि यथासम्भव प्राप्त अभिलेखका आधारमा वि. सं. १८०० भन्दा जेठा गणेशको मात्र चर्चा यहाँ गरिएको छ । ]

### १) अभिलेख सहित्का लिच्छविकालीन गणेशहरू:–

१) काठमाडौं कागेश्वरीमा प्राप्त अभिलेख सहितको गणेशको मूर्तिको वनोट, लिपी आदि-आदिलाई हेर्दा तेश्रो शताब्दीको मान्न सकिने देखिन्छ । उक्त मूर्तिमा कुंदिएको अभिलेखमा 'विधानपूर्वक यज्ञ सम्पन्न गरी मूर्ति स्थापना गरी थिम्पातु प्रदेशको भूमि ५० खेत गुठी राखेको' प्रसंग उल्लेख गरिएको छ ।

२) भक्तपुरको प्रसिद्ध चांगुनारायण मन्दिरको हाता भित्र एउटा लिच्छविकालीन अभिलेख सहितको गणेशको मूर्ति छ । उक्त मूर्तिको वनोट, लिपि आदि-आदिलाई हेर्दा सातौं–आठौं शताब्दीताकाको मान्न सकिने देखिन्छ । उक्त मूर्तिमा कुंदिएको अभिलेखले 'प्राणधर शर्माले यो मूर्ति स्थापना गरेका हुन्' भन्ने कुरा जनाउँछ ।

### २) अभिलेखको आधारमा लिच्छविकालभन्दा पछि शाहकाल सम्मका गणेश मूर्ति एवं मन्दिरहरू जिल्लागत रूपमा यस प्रकार छन्:–

१) **काठमाडौं जिल्ला:–**

१) ने. सं. ५२० (वि. सं. १४५७) मा ह्यूमत टोलमा नृत्य गणेशको स्थापना गरेको पाइन्छ ।

२) ने. सं. ५७८ (वि. सं. १५१५) मा टोखा तपलाछें टोलमा स्थापना गरेको गणेश छ । यो कुरा उक्त गणेशको पादपीठको अभिलेखबाट बुझिन्छ ।

३) ने. सं. ६२३ (वि. सं. १५६०) मा कीर्तिपुर बाघभैरव मन्दिरको हातामा श्री मन विनायक स्थापना गरेको देखिन्छ । यसैगरी यी गणेश-



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सँग सम्बन्धित ने. सं. ७५० (वि. सं. १६८७) को अभिलेख पनि पाईन्छ। साथै यस मन्दिर हाता भित्रकै अर्को गणेश मन्दिरमा ने. सं. ८२४ (वि. सं. १७६१) मा स्वर्ण गजुर चढाएको देखिन्छ।

४) मखनटोल स्थित लिङ्गायत मठको एउटा वि. सं. १६३६ को अभिलेख सहितको उमामहेश्वरको मूर्तिमा गणेशको एउटा राम्रो मूर्ति कुँदिएको देख्न सकिन्छ।

५) ने. सं. ७२३ (वि. सं. १६६०) को चोभार जलविनायक मन्दिरको यस अभिलेखले यस गणेशको प्राचीनतालाई दर्साउँछ। साथै यहाँ जीर्णोद्धार मर्मत-सुधार आदि गरिएको बारेको ने. ७८७ (वि. सं. १७२४) र ने. सं. ८०८ (वि. सं. १७४५) का अभिलेखहरू पनि छन्।

६) ने. सं. ७४२ (वि. सं. १६७९) को अभिलेखले अहोरात्र यज्ञ गरी चावहिल चन्द्रविनायक मन्दिरमा छत्र चढाएको देखिन्छ। साथै ने. सं. ७८६ (वि. सं. १७२३) मा गजुर चढाएको देखिन्छ।

७) ने. सं. ७४९ (वि. सं. १६८६) मा नरदेवी टोलको ढुंगेधारामा श्री गणेश र श्री कुमारको मूर्ति स्थापना गरेको देखिन्छ।

८) ने. सं. ७५९ (वि. सं. १६९६) को शीला लेखले स्वयम्भू सूर्य विनायक गणेशको प्राचीनतालाई दर्साउँछ।

९) ने. सं. ७७७ (वि. सं. १७१४) को अभिलेख अनुसार देउपाठन स्थित जयवागेश्वरी मन्दिरनिरको इटीटोलको गणेशको प्रतिमा राखेको पाटीको जीर्णोद्धार गरी पुन: गणेश देवता स्थापना गरेको देखिन्छ।

१०) ने. सं. ७८४ (वि. सं. १७२१) को टोखा धलाग टोलको सियो गणेश स्थान र ने. स. ८११ (वि. सं. १७४८) र ने. सं. ८१८ (वि. सं. १७५५) का शीललेखले थलाल गाउँको गणेश मन्दिरको प्राचीनतालाई दर्साउँछ।

११) ने. सं. ७८८ (वि. सं. १७२५) को अभिलेखले सतुंगलको गणेशलाई पनि प्राचीन दर्साउँछ। यो अभिलेख उक्त मन्दिरको तोरणमा कुँदिएको छ।

१२) ने. सं. ७९० (वि. सं. १७२७) को अभिलेखले राजा प्रताप मल्लले रानीपोखरीको किनारमा रहेको प्रसिद्ध सोऱ्हहाते गणेश निर्माण गर्न लगाएको कुरा बुझिन्छ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१३) ने. सं. ७९० (वि. सं. १७२७) को अभिलेखले सिनामङ्गल बाटोको छेउमा रहेको इनारनिरको गणेश मन्दिरमा गणेशको मूर्ति सहितको पाटी निर्माण गरेको कुरा पुष्टी हुन्छ ।

१४) ने. सं. ७९५ (वि. सं. १७३२) को शीलालेखले धर्मपुर गाउँको गणेश मन्दिरमा गजुर चढाएको देखिन्छ। साथै ने. सं. ८३८ (वि. सं. १७७५) मा श्री ३ सिद्धि महागणेशलाई गजुर चढाई गुठ राखेको देखिन्छ ।

१५) ने. सं. ७९७ (वि. सं. १७३४) को अभिलेखले ओमवहाल टोल जोर गणेश स्थानको प्राचीनतालाई दर्शाउँछ ।

१६) ने. सं. ८०४ (वि. सं. १७४१) को अभिलेखले वलंव् लाछीटोलको गणेश मन्दिरको प्राचीनतालाई दर्साउँछ । यो अभिलेख गणेश मन्दिरको पाटीमा छ र यसमा गणेशलाई सम्मान गरी सिंह-सिंहिनी चढाएको कुरा उल्लेख छ ।

१७) ने. सं. ८०९ (वि. सं. १७४६) को अभिलेखले थानकोट चन्दन भराटकैश्वर महादेव मन्दिर संगैको गणेशको प्राचीनतालाई दर्साउँछ। त्यस ठाउँमा रहेको शिलालेखमा श्री ३ गणपतिलाई तोरण चढाएको कुरा उल्लेख छ ।

## २) भक्तपुर जिल्ला:–

१) ने. सं. ५७३ (वि. सं. १५१०) अभिलेख कुंदिएको सांगाको नारायण मन्दिर भित्रको रक्त गणेश मूर्ति र सांगाकै अर्को सिद्धिविनायक मन्दिरको ने. सं. ८१४ (वि. सं. १७५१) को अभिलेखले यी दुवै गणेशको प्राचीनतालाई दर्साउँछ ।

२) ने. सं. ७२३ (वि. सं. १६६०) को अभिलेखमा तुपलाछें टोलको गुरु बहाल भित्र विभिन्न देवताको आकृति वनाएको चर्चा गरिएको छ र जसमध्ये श्री गणेश थापना दिवस भनी ने. स. ७०० (वि. सं. १६३७) उल्लेख छ ।

३) ने. सं. ७२७ (वि. सं. १६६४) को अभिलेखले ठीमी चपाचो टोलको श्री विद्या गणेशको मूर्ति भएको पाटीको जीर्णोद्धार गरेको कुरा बताउँछ ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

४) ने. सं. ७६२ (वि. सं. १६९९) को अभिलेखले गोलमढी टोलमा श्री त्वार गणेशको प्रतिमा स्थापना गरेको कुरा थाहा पाइन्छ। साथै यहाँ ने. सं. ७८७ (वि. सं. १७२४) को अभिलेख पनि पाइएको छ।

५) ने. सं. ७७१ (वि. सं. १७०८) को अभिलेखले कुमाल टोलको गोरखनाथ स्थानको श्री तंडचो गणेशलाई घडा आदि चढाएको देखिन्छ।

६) ने. सं. ७७१ (वि. सं. १७०८) मा तालादफोको चुचुरोमा रहेको गणेश मन्दिरमा राखिएको यस अभिलेखबाट यस मन्दिरको प्राचीनतालाई थाहा पाउन सकिन्छ।

७) ने. सं. ७७४ (वि. सं. १७११) को अभिलेखले ठिमी चपाचो टोलमा गणेश देवताको देवल बनाएको कुरा बताउँछ।

८) ने. सं. ७७५ (वि. सं. १७१२) को अभिलेखले कमलपोखरी स्थित कमलविनायक मन्दिरमा तोरण चढाएको देखिन्छ।

९) ने. सं. ७९४ (वि. सं. १७३१) को अभिलेखले ठिमी पतसी टोलमा देवल बनाई गणेशको प्रतिमा स्थापना गरेको देखिन्छ।

१०) ने. सं. ८०५ (वि. सं. १७४२) को अभिलेखले बोडे वाकोचो टोलको गणेश मन्दिरमा ढोका-खापा बनाई चढाएको देखिन्छ।

११) ने. सं. ८३२ (वि. सं. १७६९) मा हनुमानघाटमा पाञ्चायन देवता स्थापना गर्दा गणेशको पनि स्थापना गरेको देखिन्छ। (पाञ्चायन देवतामा गणेश पनि पर्दछन् भन्ने चर्चा माथि गरिसकिएको छ)

१२) ने. सं. ८५२ (वि. सं. १७८९) को ताम्रपत्र अनुसार नकदेशको गणेशलाई सुनको फूलको माला चढाएको पाइन्छ।

**३) ललितपुर जिल्ला:—**

१) ने. सं. १०७ (वि. सं. १०४४) को क्वाबाहाल टोलको उमामहेश्वर मूर्तिमा कुंदिएको गणेशको मूर्ति उल्लेखनीय छ।

२) ने. सं. १०८ (वि. सं. १०४५) को धायबु टोलको उमामहेश्वर मूर्तिमा कुंदिएको गणेशको मूर्ति उल्लेखनीय छ।

३) ने. सं. १३२ (वि. सं. १०६९) को त्यागल गचाननी टोलको उमामहेश्वरको मूर्तिमा कुंदिएको गणेशको मूर्ति उल्लेखनीय छ।

४) ने. सं. ५३६ (वि. सं. १४७३) को अभिलेखले चिकमवहिलको श्री यंदु विनायकको प्राचीनतालाई दर्साउँछ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

५) ने. सं. ५५८ (वि. १४९५)को पादपीठमा कुंदिएको अभिलेख सहितको भीमसेन स्थान अगाडि मणिछें आगममा रहेको गणेश मूर्ति उल्लेख्य छ।

६) ने. सं. ६८९ (वि. सं. १६२६) को शीलालेखले खोकनाको गणेश मन्दिरको प्राचीनतालाई दर्साउँछ।

७) ने. सं. ७१९ (वि. सं. १६५६) को चुलुगाउंको गणेश-मन्दिरको पाटीको एउठा शीला लेखमा गणेशको स्थापनावारे चर्चा गरेको पाइन्छ।

८) ने. सं. ७४१ (वि. सं. १६७८) को लुभू भवालाछी टोलको गणेश मन्दिरको अभिलेखले यस मन्दिरको प्राचीनतालाई दर्साउँछ।

९) ने. सं. ७५५ (वि. सं. १६९२) को अभिलेखले भींछे टोलको गणेश मन्दिरको प्राचीनतालाई दर्साउँछ।

१०) ने. सं. ७५८ (वि. सं. १६९५) र ने. सं. ८१७ (वि. सं. १७५४)का शिलालेखहरूले क्वाबाहाल टोलको पींवहाल भित्रको गणेश मन्दिरको प्राचीनतालाई दर्साउँछ।

११) ने. सं. ७५९ (वि. स. १६९६), ने. सं. ८१३ (वि. सं. १७५०), ने. सं. ८१८ (वि. सं. १७५५) र ने. सं. ८२४ (वि. सं. १७६१) का शीला लेखहरूले कुंभेश्वर आलुको टोलको गणेश स्थानको प्राचीनतालाई दर्साउँछन्।

१२) ने. सं. ७६२ (वि. सं. १६९९) को अभिलेखले ओकुवहाल वाहिर गणेशको सानो देवल निर्माण गरी श्री गणेशको मूर्ति स्थापना गरेको कुरा बताउँछ।

१३) ने. सं. ७६४ (वि. सं. १७०१) को अभिलेखले ज्याठाटोलको गणेश मन्दिरको प्राचीनतालाई दर्साउँछ।

१३) ने. सं. ७६४ (वि. सं. १७०१) अभिलेखले ज्याठा टोलको गणेश मन्दिरको प्राचीनतालाई दर्साउँछ।

१४) ने सं. ७६८ (वि. सं. १७०५) को शीलालेखले शंखमूल भीडोल गणेश स्थानको र ने. सं. ८३३ (वि. सं. १७७०) को शीलालेखले शंखमूल इष्ट देवताको गणेश देवलको प्राचीनतालाई दर्साउँछ।

१५) ने. सं. ७७३ (वि. सं. १७१०) मा पिलाछें टोलको गणेश मन्दिर बनाएको कुरा त्यहाँ रहेको अभिलेखबाट बुझिन्छ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१६) ने. सं. ७७३ (वि. सं. १७१०), ने. सं. ७९४ (वि. सं. १७३१) र ने. सं. ८१८ (वि. सं. १७५५) का अभिलेखहरूले पींछे टोलको गणेश मन्दिर र त्यसको पाटीको प्राचीनतालाई दर्साउँछ।

१७) ने. सं. ७८१ (वि. सं. १७१८) को अभिलेखबाट बुंगमती कार्य विनायक मन्दिरको मर्मत-जीर्णोद्धार आदि बारे जानकारी पाइन्छ।

१८) ने. सं. ७८२ (वि. सं. १७१९) को अभिलेखबाट तापाहिटी स्थित गणेश मन्दिरमा मूर्ति बनाई स्थापना गरेको पाइन्छ।

१९) ने. सं. ७८२ (वि. सं. १७१९) को अभिलेखले पटको टोल गणेश मन्दिरको प्राचीनतालाई दर्साउँछ।

२०) ने. सं. ७८२ (वि. सं. १७१९) र ने. सं. ८३७ (वि. सं १७७४) का अभिलेखहरूले आलुको टोल सँथु गणेशको प्राचीनतालाई दर्साउँछन्।

२१) ने. सं. ७८३ (वि. सं. १७२०) को अभिलेखले खोकना गाउँ हेलाछीं टोलको गणेश मन्दिरको प्राचीनतालाई दर्साउँछ।

२२) ने. सं. ७८७ (वि. सं. १७२४) र ने. सं. ८१२ (वि. सं. १७४९) का पुल्चोकको गणेश मन्दिरको र ने. सं. ८१३ (वि. सं. १७५०) को लाछी टोलको गणेश मन्दिरको अभिलेखहरूले यी मन्दिरहरूको प्राचीनतालाई दर्साउँछन्।

२३) ने. सं. ७९२ (वि. सं. १७२९) मा च्यासलहिटीमा पाटी बनाई शीलाको गणेश स्थापना गरेको अभिलेखले बताउँदछ।

२४) ने. सं. ८०० (वि. सं. १७३७) मा थैनाटोलको गणेशलाई काष्ठ तोरण चढाएको पाइन्छ। साथै ने. सं. ८३५ (वि. सं. १७७२) मा मन्दिरको जीर्णोद्धार गरेको देखिन्छ।

२५) ने. सं. ८०० (बि. सं. १७३७) को अभिलेखले साना गाउँ देउननी टोलको गणेश मन्दिरको प्राचीनतालाई दर्साउँछ।

२६) ने. सं. ८०० (वि. सं. १७३७) र ने. सं. ८०२ (वि. सं. १७३९) का २ वटा अभिलेखले खालटोल इनारमूनीको गणेश मन्दिरको प्राचीनतालाई दर्साउँछ।

२७) ने. सं. ८०३ (वि. सं. १७४०) अभिलेख पादपीठमा कुंदिएको र पाटीमा रहेको ने. सं. ८३८ (वि. सं. १७७५) को अभिलेखले वलखु टोलको ओमवहाल भित्रको गणेशको प्राचीनतालाई दर्साउँछ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२८) ने. सं. ८०३ (वि. सं. १७४०) को अभिलेखले क्वाठटोलको गणेश मन्दिरको प्राचीनतालाई दर्साउँछ ।

२९) ने. सं. ८०३ (वि. सं. १७४०) र ने. सं. ८०६ (वि. सं. १७४३) को पाटी तथा मन्दिरको शिला लेखले नवहिल टोल वालिफले गणेश मन्दिरको प्राचीनतालाई दर्साउँछ ।

३०) ने. सं. ८०८ (वि. सं. १७४५) को अभिलेखले गुइत टोलको गणेश मन्दिरको प्राचीनतालाई दर्साउँछ ।

३१) ने. सं. ८१९ (वि. सं. १७५६) र ने. सं. ८४१ (वि. सं. १७७८) का शिलालेखले चापागाउँ घुसीटोलको गणेश मन्दिर, अम्वरगालको गणेश मन्दिरको ने. सं. ८३० (वि. स. १७६७) र भन्सार टोलको ने. सं. ८३२ (वि. सं. १७६९) का अभिलेखहरूले चापागाउँका ३ वटा प्रसिद्ध गणेश मन्दिरको जानकारी दिन्छ ।

३२) ने. सं. ८२२ (वि. सं. १७५९) को अभिलेखले नवहिल टोल कोट-लाछीं गणेश मन्दिरको प्राचीनतालाई दर्साउँछ ।

३३) ने. सं. ८२८ (वि. सं. १७६५) र ने. सं. ८४२ (वि. सं. १७७९) का अभिलेखहरूले चयासल टोल धारामुनिको गणेश मन्दिरको प्राचीनता-लाई दर्साउँछ ।

३४) ने. सं. ८२९ (वि. सं. १७६६) को अभिलेखले क्वालाखु टोलको गणेशको प्राचीनतालाई दर्साउँछ । यो अभिलेख मन्दिरको पाटीमा राखिएको छ ।

३५) ने. सं. ८३१ (वि. सं. १७६८) को अभिलेखले हरिसिद्धि गाउँ उपीटोलको गणेश मन्दिरको प्राचीनतालाई दर्साउँछ । यो शीला लेख मन्दिरको पाटीमा राखिएको ।

३६) ने. सं ८३१ (वि. सं. १७६८) मा इलाननी टोलको गणेश मूर्ति भएको पाटी जीर्ण भएकोले मर्मत गरेको देखिन्छ । यस कुराबाट यो गणेश मूर्ति र पाटी यो अभिलेख राख्नुभन्दा धेरै अगाडि स्थापना भैसकेको देखिन्छ ।

३७) ने. सं. ८३३ (वि. सं. १७७०) को अभिलेखले सुवहाल टोल वाटो मुनिको गणेश मन्दिरको प्राचीनतालाई दर्साउँछ ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

३८) ने. सं. ८३३ (वि. सं. १७७०) को अभिलेखले वाहालुखाटोल त्रिलिंगेश्वर महादेव मन्दिर अगाडिको गणेश स्थानको प्राचीनतालाई दर्साउँछ।

३९) ने. सं. ८३६ (वि. सं. १७७३) को अभिलेखले कपिडोटोल गणेश मन्दिरको प्राचीनतालाई दर्साउँछ। यो शीलालेख मन्दिरको भित्तामा टाँसिएको छ।

४०) ने. स. ८४१ (वि. सं. १७७८) को अभिलेखले दुपाटोल गणेश मन्दिरको प्राचीनतालाई दर्साउँछ। यो अभिलेख मन्दिरको भित्रपट्टि भुईमा राखिएको छ।

४१) ने. सं. ८४६ (वि. सं. १७८३) को अभिलेख अनुसार थपाहिटीमा रहेको गणेश मन्दिरमा तोरण चढाएको देखिन्छ। यसबाट यो मन्दिर अझ पुरानो हो भन्न सकिन्छ।

**४) काभ्रेपलान्चोक जिल्ला:–**

१) ने. सं. ६३७ (वि. सं. १५७४) को अभिलेख पादपीठमा कुंदिएको गणेश मूर्ति नाला वलाछें टोलमा पाइएको छ।

२) ने. सं. ६३७ (वि. सं. १५७४) को अभिलेख अनुसार बनेपा वकुटोलको गणेशमूर्तिको स्थापना गरेको देखिन्छ।

३) ने. सं. ८१० (वि. सं. १७४७) मा बनेपाको भोलाछें टोलको गणेश मन्दिरमा सिंह-सिंहिनी चढाएको देखिन्छ।

**५) नुवाकोट जिल्ला:–**

१) ने. सं. ६७६ (वि. सं. १६१३) को अभिलेख पादपीठमा कुंदिएको गणेश मूर्ति ब्रम्हटोलमा स्थापना गरिएको छ। यसै स्थानमा ने.सं. ६८८ (वि. सं. १६२५) को अर्को शिलालेख पनि राखिएको पाइन्छ।

**६) मकवानपुर जिल्ला:–**

१) ने. सं. ८५८ (वि. सं. १७९५) को प्रवेश द्वारमा टांगिएको तामापत्रले टिस्टुङ्ग बजारको गणेश मन्दिरको प्राचीनतालाई दर्साउँछ।

**७) गोरखा जिल्ला:–**

१) शक संवत् १५३६ (वि. सं. १६७१) को पोखरी थोकमा पोखरीको सामुन्ने मुरलीधर नारायणको मन्दिरको ढोकामाथि कुंदिएको राजा राम शाहको अभिलेखमा '.. गणेश आदि देवताहरूको मठ बनाउनु



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भयो ।' भनी गणेशको मन्दिर बनाएको कुरा उल्लेख गरिएको छ ।

२) शक संवत् १६४४ (वि. सं. १७७९) मा श्री उद्योत शाहले श्री सत्यरुपेश्वर सिद्धिविनायकको स्थापना गरेको देखिन्छ । यस कुराको पुष्टी गोरखा बजारको सिद्धि गणेश स्थानमा रहेको गणेशको पादपीठको अभिलेखबाट हुन्छ ।

८) **चित्रकला-हस्तलिखित ग्रन्थ आदिमा गणेश:-**

१) ने. सं. २९४ (बि. सं. १२३१) को रुद्र मल्लको समयमा बनाइएको 'पिंगलमतम्' नामक हस्तलिखित ग्रन्थको गातामा मूसोमाथि चढेका ४ हात भएका गणेशको सुन्दर मूर्ति चित्रकारी गरिएको छ ।

२) वि. सं. १७३८ को एउटा पेन्टीङ्गमा (कागजमा पानी रंगद्वारा चित्रकारी गरिएको) एक राजकीय पोशाक लगाएका भद्र पुरुषले ५ टाउको भएका गणेश 'हेरम्व' (सिद्धि विनायक) को आराधना गरिरहेको चित्रण गरिएको छ ।

**अन्तमा, काठमाडौं उपत्यकाका ४ विनायक यस प्रकार छन्.-**

१) अशोक विनायक (मरु, काठमाडौं)– राजकीय तथा संरक्षणका देवता

२) जल विनायक (चोभार, काठमाडौं)– वृष्टि तथा पानीका देवता

३) चन्द्र विनायक (चावहिल, काठमाडौं)– घाउ खटिरा निको पार्ने देवता

कसै-कसैले चन्द्र विनायकको स्थानमा कार्य विनायकलाई लिएको पाइन्छ ।

कार्य विनायक (वुंगमती, ललितपुर)– कार्य सिद्धि गराई दिने देवता

४) सूर्यविनायक (सूर्यविना. भक्तपुर)–केटाकेटीलाई बोल्न, हिंड्न सिकाउने देवता

---

## सन्दर्भ ग्रन्थ


१) विभिन्न जिल्लाका अभिलेख/शीलालेख आदिका उतारहरू– राष्ट्रिय अभिलेखालय

२) शाहकालका अभिलेख (पहिलो भाग)– धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ

३) लिच्छवीकालका अभिलेख – " " " "

४) नुवाकोटको ऐतिहासिक रूपरेखा – " " " "

५) नेपाली कला – मोहन प्रसाद खनाल

६) चांगुनारायण ऐतिहासिक सामग्री – " "

७) पशुपति क्षेत्रका सांस्कृतिक सम्पदाहरू – सरला मानन्धर

८) काठमाडौं अधिराज्यका गणेशमूर्तिहरू – गोविन्द टण्डन




CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

९) नेपालको धार्मिक इतिहास — जगदीशचन्द्र रेग्मी
१०) मल्लकालीन नेपाल — लीलाभक्त मुनंकर्मी
११) हिन्दु देवी देवता — हरिराम जोशी
१२) श्री गणेशाय नमः — जीतवहादुर मानन्धर
१३) देवमाला वंशावली — योगी देवीनाथ
१४) भाषा वंशावली (भाग १-२) — पुरातत्त्व विभाग
१५) सांस्कृतिक सम्पदाको प्रारम्भीक
सर्वेक्षण प्रतिवेदन (भाग १-८) — " "
१६) प्राचीन नेपाल (अंक ४०, १०५, १०९) — " "
१७) अभिलेख (वर्ष-अंक ११, १२) — राष्ट्रिय अभिलेखालय
१८) वनेपा सातगाउँ (बनेपा नगरपालिका स्मारिका-३) — बनेपा नगरपालिका
१९) कल्याण (श्री गणेश अंक, बर्ष ४८ अंक १) — हिन्दी धार्मिक पत्रिका।
२०) A Report on the Survey and
Study of Newari Script — *National Archives*
२१) Ganesa — *Alice Getty*
२२) Nepal Mandala (Vol. 1–2) — *Mary Shepherd Slusser*
२३) Kirtipur — *Mehrdad Shokoohy and*
*Natalie H. Shokoohy*



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

# प्राचीन हनुमन्नाटक सामान्य अवलोकन

-जगन्नाथ उपाध्याय

नाटक पूर्वीय र पाश्चात्य दुबैतिरका साहित्यमा ज्यादै पुरानो विधा हो। प्राचीन र मध्यकालीन नेपालमा पनि संस्कृत भाषामा नाटक रचना हुनुका साथै प्राचीन संस्कृत नाटकको रूपान्तरण परम्परा कायम रहेको पाइन्छ। हाल राष्ट्रिय अभिलेखालयमा नेवारी, संस्कृत, मैथिली भाषा र रञ्जना, देवनागरी र मैथिली लिपिमा ताडपत्र र कागजमा लेखिएका १–५ लगतका २७६ थान र षष्ठ लगतका ३९ थान गरी जम्मा ३१५ थान हस्तलिखित नाटकको संख्याले पनि नेपालको महानतम नाट्य परम्परालाई प्रष्ट्याउँछ।

'हरिसिद्धि समो नास्ति नाट्य ब्रह्माण्ड मण्डले' भन्ने प्रेमबहादुर कंसाकारको भनाइ अनुसार नेपालमा सर्व प्रथम लिच्छवीकालमा 'हरिसिद्धि' नामक नाटक मञ्चन भएको मानिन्छ। त्यस्तै छविलाल शर्माको 'सुन्दर चरित्र' (८ औं श.) रामनाथ शर्माको 'दुश्यन्तोपाख्यान' (१० औं श.) आदि नाटकहरू लिच्छवी कालमा रचित र मञ्चित भै प्रसिद्धि पाएका मानिन्छन्। त्यस्तै मल्ल काल पनि नाटक लेखन र मञ्चनका दृष्टिले महत्त्वपूर्ण मानिन्छ मनोरञ्जनको प्रमुख साधन नाटक नै रहेको मल्ल कालमा पौराणिक धार्मिक, ऐतिहासिक नाटकहरू लेखिन्थे र मञ्चित हुन्थे। मल्ल राजाहरू स्वयं विद्वान भएकाले नाटक लेख्ने र खेलाउने काम राजदरबारकै प्रोत्साहनबाट हुने कुरालाई मल्लकालीन इतिहासले प्रष्ट पारेको छ। यो नाट्य परम्परा राजेन्द्र विक्रम शाहले 'महासत्योपाख्यान' र महारानी राज्यवतीले 'लालहीरा' नामक नाटक लेखाइ मञ्चन गर्न लगाएकोले शाहकालमा अझ विकसित भएको देखिन्छ।

नेपाली नाट्य परम्पराको लामो जरो लोक नृत्य, लोक गाथा र लोक नाटकमा पाइन्छ भने लेख्य परम्परामा चाहिं पृथ्वीनारायण शाहकालीन 'हास्यकदम्ब' (१८२७)



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

[illegible] पुरा गरिएको छन् । नेपाली नाट्य परम्पराको पहिलो लेख्य नाट्य [illegible] अनिरुद्ध [illegible] नाटकका लेखक [illegible] संस्कृत नाटकको रूपान्तरण गर्ने परम्पराबाट प्रभावित थिए र यसैले १८९४ [illegible] नेपाली रूपान्तरण गरेको मानिन्छ । [illegible] संस्कृत भाषाको 'प्रबोधचन्द्रोदय' नाटकको नेपाली अनुवाद १८९२ [illegible] गरेको मानिन्छ । [illegible] 'हनुमन्नाटक' र [illegible] 'प्रबोधचन्द्रोदय' नाटक [illegible] संस्कृत भाषाको अनुवाद रूपान्तरण परम्पराबाट आएको [illegible] 'हनुमन्नाटक' पनि । नेपाली अनुवाद गर्नेको नाम र मिति [illegible] १८७६ देखि १८९२ का बीच अनुवाद गरिएको हुन सक्ने अनुमान पनि [illegible] गर्न सकिन्छ ।

[illegible] राष्ट्रिय अभिलेखालयमा [illegible] ५२१ नं. मा रहेको 'हनुमन्नाटक' [illegible] पूर्ण छ, यस ग्रन्थलाई रिल नं. A 1026/27 A 1027/1 मा [illegible] माइक्रोफिल्म पनि गरिएको छ । २२१ [illegible] प्रयोग गरिएको छ । प्राचीन भाषाका दृष्टिले मात्र नभई लिपिकलाका दृष्टिले पनि महत्त्वपूर्ण रहेका यस पुस्तकमा नेपाली कागजमा [illegible] लिपिमा लेखिएका २२१ पत्र छन् । जसमा १४ अध्यायमा विभाजन गरिएको यस ग्रन्थ नाटकमा ५७१ संस्कृत भाषाका श्लोकहरू र त्यसैको नेपाली अनुवाद पनि रहेको छ ।

संस्कृत भाषाका [illegible] श्लोकबाट यसमा मङ्गलाचरण गरिएको छ:—

श्री गणेशाय नमः ॥ कल्याणानां निधानं कलिमल मथनं पावनं पावनानां पाथेयं यन्मुमुक्षोः सपदि परपद प्राप्तये प्रस्थितस्य ॥ विश्राम स्थानमेकं कविवर वचसां जीवनं जीवनानां बीजं धर्मद्रुमस्य प्रभवतु भवतां भूतये रामनामः ॥१॥ श्री रामाय नमः ॥ श्री रामचंद्राय नमः ॥ श्री रामः ॥

ग्रन्थ अनुवाद निर्विघ्नतापूर्वक सिद्ध होस् भनेर विघ्न हर्ता गणेशजीको स्तुति पनि नेपाली टीकाको आरम्भमा गरिएको छ । जसका रचनाकार मूल लेखक नभएर नेपाली अनुवादक नै हुन भन्ने कुराको पनि अनुमान गर्न सकिन्छ । श्लोक यस प्रकार रहेको छ:—



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्री गणेशाय नमः श्री हनुमते नमः ॥ यं ब्रह्म वेदान्तविदो वदन्ति परं प्रधानं पुरुषं तथान्ये ॥ विश्वोद्गतेः कारणमीश्वरं वा तस्मै नमो विघ्नविनाशकाय ॥

प्राचीन अनूदित नाटक र भाषिक दुवै दृष्टिले महत्त्वपूर्ण मानिने यस कृतिको नेपाली भाषामा गरिएको अनुवादको आरम्भको भाषिक नमूना यस प्रकारको रहेको छ–

श्री हनुमान्जीले हनुमन्नाटकनामाथ ॥ व सकलकल्याण पूर्वक निर्विघ्नसित समाप्तहुनन् भनि निर्विघ्न श्रीरामचन्द्रको महिमावर्णन गरि मङ्गलाचरण गर्दछन् ॥ कस्तो ॥ हेलोकहो श्रीरामचन्द्र तिनिहेरुका ऐश्वर्यकानिमित्तहुनन् ॥ श्रीरामचन्द्रकस्तोहोभन्या सकलकल्याणका गुणनिधानभयाको ॥ फेरि कस्तोहो भन्या सर्वकलपवित्रगर्न्या योगीहरूलेदेख्नलाइर छन् तिनिहेरुलाई पनि पवित्रगर्न्याभयाको ॥ यौहै परमपदकनयाउँभनि मोक्षकार्यप्रयत्न गरिरहन्या ॥ योगीइहेरुका मूलज्ञानस्वरूपभयाको ॥ फेरिकस्तोभन्या ब्रह्मादि गन्याका योगडाकविहेरु तत्त्वज्ञानको विभानस्थानभयाको ॥ अर्थात् कविहेरुलेवर्णन् गर्नुहुन रामनामभन्दाठुलोकुरो कसैकेहि छैन ॥ योगाभ गर्वेरथले परिपूर्णछ भनिकविले वर्णनगर्न्यापनि रामनामकामहिमाका पारकन्नमानुष्यवर्दनन् ॥ तत्त्वार्थवचनपनिरहिवोल्छन् भनि तात्पर्य- बुझियो ॥ सर्वैलाई चैतन्यादिन्या ॥ धर्मस्वरूपजो पुरुषतत्त्वकोबोधभयाको ॥

'हनुमन्नाटक'का २ र ३ श्लोक नान्दीश्लोकका रूपमा आएका छन्। चौथो श्लोकबाट नाटकका नायक श्री रामका उदात्तताको बयान गर्नुका साथै कथा-वस्तुको थालनी गरिएको छ। रामायणको मूल कथामा आधारित भए तापनि यस नाटकमा प्रशस्त घपघट गरी वर्णनात्मक चातुर्यताले काव्यात्मक कौशलता प्रदर्शन गरिएको छ। राजा दशरथका जेठा छोराका रूपमा रामको जन्मदेखि लिएर सीता स्वयंवरसम्मको घटनालाई ५१ श्लोकमा बयान गरी "इति श्री हनुमन्न-विरचिते हनुमन्नाटके जानकी स्वयंवरोनाम प्रथमोङ्क" भनी पहिलो अङ्क टुंग्याइएको छ। प्रमुख घटनालाई एक-एक अङ्क खर्च गरिएको यस नाटकमा सीता रामको शयनागार र कामक्रीडाको शृङ्गारिक बयान दोस्रो अङ्कमा गरिएको छ। रामा-यणको मूलकथाभन्दा भिन्नै देखिने ३१ श्लोक रहेका यस अङ्कको अन्त्यमा इति श्री हनुमन्नविरचिते हनुमन्नाटके सीता विलापोनाम द्वितीयोङ्क भनिएको छ। श्रवण-कुमारको कथा, राम वनगमन, दशरथको मृत्यु, कैकेयी भरत सम्वाद, भरतद्वारा रामलाई अयोध्या फर्काउने चाहना, अहिल्या उद्धार, पर्णशाला निर्माण र मायावी



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्वर्णमृगको पछि लागेर राम कुटीभन्दा टाढासम्म पुगेको घटनाको बयान ३० श्लोकमा गरी तृतीय अङ्क टुंग्याइएको छ। रावण-जटायु युद्ध, सीताले रावणको रथबाट हनुमानलाई देखेर आफ्ना आभूषण फाली दिएको र राम लक्ष्मण कुटीमा फिर्ता आएसम्मको कथानकलाई १६ श्लोकमा चतुर्थ अङ्कमा समावेश गरिएको छ। पाँचौं अङ्कलाई रामको विलाप, जटायुसँगको भेट, किस्किन्ध्यामा हनुमानसंग भेट र सुग्रीवसँग मितेरी एवं वालीवधसम्मको घटना बयान गरी ६२ श्लोकमा टुंग्याइएको छ। हनुमान लकाका निम्ति प्रस्थान, सीतासँग भेट अशोक वाटिका विध्वंश लंका दहनपछि हनुमान किस्किन्ध्या फिर्ता भएसम्मको प्रसङ्गलाई ४६ श्लोकमा षष्ठ अङ्कमा समावेश गरिएको छ। लक्ष्मण सुग्रीव सम्वाद, वानर सेना सहित रामचन्द्रको लङ्का प्रस्थान, रावणद्वारा तिरस्कृत विभीषण रामको शरणमा आएको र समुद्रमा सेतुवन्ध गरेसम्मको प्रसङ्गलाई सातौ अङ्कमा २३ श्लोकमा टुंग्याइएको छ। रामले आफ्नो दूतका रूपमा अङ्गदलाई रावणको दरवारमा पठाएको र रावणको सभामा अङ्गद र राबण बीच भएको सम्वादलाई निकै रोचक र आकर्षक रूपमा ५८ श्लोकहरू अष्ट अङ्कलाई खर्चिएको छ। नवौं अङ्कका ४० श्लोकमा रावणद्वारा रामका सेना निरीक्षण, मन्दोदरी र मन्त्रीहरूद्वारा रावणलाई सचेत गराइएको प्रसङ्ग उल्लेख गरिएको छ। दशम अङ्कका २४ श्लोक रावणद्वारा सीतालाई मायाजाल प्रदर्शन गरेको घटना वर्णन गर्न र एघारौं अङ्कका ४१ श्लोक कुम्भकर्ण-वानरसेनाको युद्ध वर्णनमा खर्चिएको छ। बाह्रौं अङ्कका १९ श्लोकमा मेघनाद वधको प्रसङ्ग राखिएको छ भने तेह्रौं अङ्कमा रावण-लक्ष्मण युद्ध, लक्ष्मणलाई ब्रह्मास्त्र प्रहारद्वारा मुर्छा पारिएको र संजीवनी बुटी ल्याएर उनको मुर्छा हरण गरिएको प्रसङ्गको बयान ३९ श्लोकहरूमा गरिएको छ।

चौधौं यस महानाटकको अन्तिम र महत्वपूर्ण एवं वृहत् अङ्क हो। यसका ९२ श्लोकहरूमा वानर सेनाद्वारा रावणलाई युद्धका निम्ति आह्वान, रावण मन्दोदरी सम्वाद, राम रावण युद्ध, रावण वध, विभीषणको लङ्कामा राज्याभिषेक, सीताको अग्नि परीक्षा, पुष्पक विमानद्वारा युद्ध भूमि निरीक्षण र अयोध्या फिर्ती भई रामको राज्याभिषेक, अंगदद्वारा आफ्ना बाबु बालीका हत्याको बदला लिन रामलाई युद्धका निम्ति आह्वान, आकाशवाणीद्वारा राम परमेश्वरको अवतार भएको जानकारी, अङ्गद र हनुमानद्वारा रामको प्रार्थना र विदाइ एवं सीता परित्यागसम्मको घटना तथा फलश्रुतिको विस्तृत वयान गरी इति श्री हनुमन्नविरचिते



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हनुमन्नाटके... ... ... .. नाम चतुर्दशो अङ्क भनी, टुंग्याइएको छ। बीच-बीचमा अङ्कहरूलाई रातो मसीले लेखिएकोले अङ्क स्पष्ट छुट्टिएको र पुस्तक पनि बढी आकर्षक देखिएको छ।

मूल रचनाकार पवनपुत्र हनुमानजी र यसलाई उद्धार गरेर व्यवस्थित पार्ने राजा भोजका दरवारिया पण्डित मानिएका यस नाटकको अन्त्यमा यसो भनिएको छः–

**रचितम् निलपुत्रेणथ वाल्मीकिनाधौनिहित ममृत गूह्याप्राङ् महानाटकं यत् ।। सुमति नृपति भोजेनोद्धृतेतत्क्रमेण ग्रथित विघ्नं मिश्र दामोदरेण ।।६२।। इति हनुमन्नविरचिते महानाटके श्रीराम विजयोनाम चतुर्दशोङ्क महाग्रन्थ ।।१४।। श्री रामाय नमः ।।**

नाटकका अन्त्यमा नाटकको उत्पत्तिका सम्बन्धमा कथा यस प्रकार बयान गरिएको छः–

**सबैनाटकहरूमध्ये अतिश्रेष्ठ भयाको यो हनुमन्नाटकनामा महानाटक जोछ यो अघि हनुमानजीले बनाउँदा भया ।। सोसकलरसले भरिपूर्ण हुनाले फेरि सकल अलंकारिगुणसित युक्त हुनाले बडाबडा जान्या भयाका ऋषिहेरलाई पनि अमृतजस्तै अत्यंन्त पियारो हुँदो भयो सोदेखि वाल्मीकिनामका ऋषि जोछं सो एस्तो ग्रन्थ छँदाछँदै मैले बनायाको ग्रंथ लोकविषये चलैन अथवा एस्तो अति दिव्य भयाको ग्रंथकन अर्काले पनि पाउला र एसैको छाया उतारिकन बाल्मीकि ऋषिले रामायण बनायाको छ ।। म पनि एसैका छायाले बनाउँला भनि अर्काले पनि मैले बनायाको रामायणजस्तै बनाउँला र मेरो ग्रंथ लोकविषये हलुका हुन जाला भनि एस्बुद्धिले हनुमन्नाटककन समुद्रका जलभित्र गरि दवाईराख्या ।। सो समाचारकन भोजराजले सुन्या र आफ्ना सिद्धिबुद्धि प्रभृतिकाबलले समुद्रदेखिन् एस ग्रन्थकन झिक्या ।। ताँहाँ उप्रान्त सकलशास्त्रको जान्या भयाका भोजराजका दरवारविषये रह्याका दामोदर-मिश्र एस् नामले प्रसिद्ध भयाका पण्डितले एस् श्लोकको पछि यो श्लोक चाहिन्छ भनि एस्ता प्रकारसित क्रमैले संगतिकन मिलाई पत्थरका कण्डिका-हरुविषये लेखिराख्याको श्लोकहेरुकन झिकि ग्रन्थकन तयार पार्दा भया तेस् दिनदेखिन् लोकमा एस्को प्रचार भयो भंन्या अभिप्राय समेतको अर्थ हो ।। फेरि पृथ्वीबाट शिवको मुखबाट निस्क्याको मोक्षरुपि फलकन दिन्या भयाको**



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यस्तो शब्द जोछ वोही मंत्र हो भनि यो लक्षण शास्त्रविषये कह्याको लक्षण कह्याको छ। सो यदि हनुमन्नाटकनाम ग्रन्थ जोछ सो साक्षात् शिवजीका अवतार भयाका हनुमान्जीले बनायाको निश्चय ठहरियोभंन्या हनुमन्नाटकको संपूर्ण श्लोकप्रभृति जो छन् सो मंत्रमय हुन् भनि जांनु ।१६२।।

श्री रामचंद्राय नमः श्री राम।

'हनुमन्नाटक'का मूल संस्कृत भाषाका लेखक दामोदर मिश्र हुन्। संस्कृतमा यसलाई एउटा महानाटक मानिएको छ र आनन्दवर्धन (८५० ई.) ले आफ्नो 'ध्वन्यालोक' नामक लक्षणग्रन्थमा यस नाटकबाट अनेक उद्धरणहरू लिएको हुनाले निश्चय पनि यो ८५० ई. पूर्वकै रचना हुनुपर्छ भन्ने विद्वान्हरूको मत रहेको छ। नेपाली अनुवाद सहित राष्ट्रिय अभिलेखालयमा हस्तलिखित रूपमा मौजुद रहेको यस नाटकमा नेपाली अनुवादकको नाम र अनुवादको तिथि-मिति उल्लेख नभए पनि यसमा प्रयोग भएको भाषाका आधारमा पृथ्वीनारायण शाह कालीन हुन सक्ने अनुमान भने सहजै गर्न सकिने यस नाटकले नेपाली नाटकको रूपान्तरण परम्परालाई अगाडि बढाउने काममा मद्दत भने अवश्य पुऱ्याएको मान्न सकिन्छ।

संस्कृतका भाषा बाहेक नेपाली भाषामा अनुवाद सहित भएका अन्य २ वटा 'हनुमन्नाटक' पनि राष्ट्रिय अभिलेखालयमा मोजूद छन्। चतुर्थ लगत ७०७ वि. सं. २४० 'ठ्यासफु' रिल नं. B 276/77 रहेको हनुमन्नाटकमा मूल संस्कृत १६३ श्लोक र त्यसको अङ्क नछुट्याइकन एउटै ढर्रामा आख्यानात्मक शैलीमा गरिएको नेपाली अनुवाद सहित रहेको छ। अन्त्यमा **"इति सम्वत् १८८० साल मिति चैत्र शुक्ल पञ्चम्यां तिथौ रविवाशरे ऐस्दोण श्री कप्ताण दल केशर पाण्डेका आज्ञाले भैरव सिले लेष्याको हो"** भनी अनुवादकको नाम र अनुवाद मिति समेत दिइएको छ। अर्को षष्ठ लगतको ३८४२ को हनुमन्नाटकमा चाहिं आदि अन्त्य छैन। जम्मा ४ वटा जीर्ण पानाहरू छन् भने यसको रिल नं. A 1399/40 रहेको छ।

यस नाटकका सम्बन्धमा एउटा परम्परा प्रचलित छ। "कुनै समयमा हनुमानजीले रामकथामा आधारित एउटा नाटक बनाउन आरम्भ गर्नु भएछ। त्यही बेला वहाँलाई वाल्मीकिले रामायण लेख्दै हुनुहुन्छ भन्ने थाहा भएपछि त्यसलाई समुद्रमा हालिदिनु भएछ। यस्तो कुरा राजा भोजले थाहा पाएर यसलाई समुद्रबाट उद्धार गरी ग्रन्थका रूपमा प्रकट गराएछन्।" तर यो कुरा आधारहीन लाग्छ किनभने राजा भोज ११ औं शताब्दीका हुन् भन्ने 'हनुमन्नाटक'को रचना ८५० ई. पूर्व नै भइसकेको थियो।



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्राचीन परिवेशमा लेखिएको यस १४ अङ्के 'हनुमन्नाटक'मा नायक राम र नायिका सीतालाई बनाइएको छ भने अन्य पात्रहरू पनि रामायणबाट नै लिइएका छन्। विदुषकको योजना पनि गरिएको छैन। गद्यको मात्रा न्यून र पद्यको मात्रा अधिक भएको यस नाटकमा सम्बाद पनि प्रत्यक्ष कथनमा नभएर अप्रत्यक्ष कथनमा रहेको छ। त्यसैले यसलाई महानाटक भन्नभन्दा एउटा वर्णनात्मक काव्य मान्न सकिन्छ।

---

## सन्दर्भ ग्रन्थ


१. उपाध्याय केशवप्रसाद, साहित्य-प्रकाश, च. सं., काठमाडौं: सा. प्र., २०४४।

२. त्रिपाठी बाबुराम, संस्कृत साहित्यका आलोचनात्मक इतिहास, दो. सं., आगरा: विनोद पुस्तक मन्दिर, १९७९।

३. शर्मा तारानाथ, नेपाली साहित्यको इतिहास, दो. सं.- काठमाडौं: संकल्प प्रकाशन, २०३६।

४. शर्मा मोहनराज र श्रेष्ठ दयाराम, नेपाली साहित्यको संक्षिप्त इतिहास, ते. सं., काठमाडौं: साझा प्रकाशन, २०४६,

५. मिश्र दामोदर, 'हनुमन्नाटक', (हस्तलिखित) काठमाडौं: राष्ट्रिय अभिलेखालय

६. श्रेष्ठ दयाराम, प्रारम्भिक कालको नेपाली साहित्य इतिहास र परम्परा, काठमाडौं: पा. वि. के. त्रि. वि., २०३८।




CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

# कौसी तोषाखानाबाट प्राप्त लालमोहर

(अभिलेखका प्रत्येक अङ्कमा विविध ऐतिहासिक सामग्रीहरू प्रकाशित गर्दै जाने योजनाअनुसार यस अङ्कमा पनि कौसी तोषाखानाबाट प्राप्त २५ थान लालमोहर प्रकाशित गरिएको छ।)

**विषय:– श्री नानी युवराजाधिराज व्रतवन्ध विवाहको लागि हाती हत्यानीको दस्तुर माफ तमुषाद गरिबक्सेको।**

मिति::– १८९९।१।७।१ खाम संख्या:– २०१

श्री:– १

श्री नानि युवराजाधिराज

१) स्वस्ति श्री मन्माहाराजाधिराजकस्य रूक्का– – – – – – – –
२) आगे काजि रण दल पाडे प्रति. पालपा हातिसारका जघिया पो
३) र. षेदाका हाति हत्यानि मध्ये. पुतवारहरूके– – – – – – – – – – – –का
४) व्रतवंध विवाहको प्याला. ९७ साल मार्ग शुदि २ का दिन. व भ
५) निमा लालमोहरले, तनुषाह भै. नसघ्याको. हाति १ के हात ४
६) कुं मे दान डिल्लि सिं वस्न्यात. डिठ्ठा विद्यानाथ पाध्या. वाकाष
७) त्रि दारोगा विर धोज कार्कि. रामदत्त पाध्याले. ९८ साल श्रा
८) वण सुदि १५ का दिन. संकर पाडे संग. सापट् लियाका हत्या
९) नि. १ के इजाफ स्मेत. हात. ३।६ साल ९८ दुतिय आश्विन व
१०) दि ३ का दिन. प्रकास पाडे. संग. सापट् लियाको हत्यानि १
११) के इजाफ स्मेत हात ३।१० जमा हाति हत्यानि ३ के हात ११।४ द



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१२) स्तूर माफ. तनुषाह गरिवक्स्यौं. वाव् प्रभु साह मार्फत भरिदे

१३) वहि बुझ्दा असूलिका रसिद वमोजीम मोजरापलाई इति स

१४) म्वत १८९९ साल मिति वैसाष वदि ७ रोज १ शुभम्– – – – –

**विषयः– घडेरी खेत पाको पखेरो समेत कुश विर्ता वितलप गरी पंच खत समेत मोहर ताम्रापत्र गरिवक्स्यौं ।**

मितिः– १८५८।२।२।६ खाम संख्याः– २०२

श्री दुर्गा सहाये १

१) स्वस्ति श्री गिरिराज चक्र चूडामणि नरनारायणोत्यादि विविध विरुदावली विराजमान मानोन्नत

२) श्री मन्महाराजाधिराज श्री श्री श्री महाराजे गीर्वाण युद्ध विक्रम साह वहा- दूर्मम्सेर्जङ्ग देवानाम् स

३) दा समर्विजयिनाम– – – – – – – – – – – –

४) आगे. गोविन्द पाध्याय तिमिल्सिनाके सम्वत १८५५ साल कार्तिक सुदि १५ का दिन कुसपानी

५) डल्लो सकल्प गरिवक्स्याको षेत मुरि येक सये १०० औ आफले गऱ्याका पाठ जपको दक्षिणा

६) निमित्य. सम्वत १८५७ साल कार्त्तिक सुदि १५ का दिन. कुसपानी डल्लो संकल्प गरिवक्स्याको

७) षेत मुरि दुइ सये २०० जम्मा षेत मुरि तिन सय ३०० तस्को सांध मैधिका अम्वल पुर्सु मध्ये. गं

८) गा जमनाका भ्याा षेत मुरि १४० ढांडचा षेत मुरि १३ चांपा वोटचा षेत मुरि २४ वसुंधऱ्या षेत मु।

९) रि ८ जम्मा षेत मुरि १८५ र मुरि १५ षेतको साटो पाषो तस्को सांध पूर्व लोहकील. ठाडो षो

१०) ल्सी दक्षिण. गंगा जमुना षेतका पुछारको लोहकील चांपा वोटचा षेतका पुछारको लोहकी



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

११) ल वाध्या पहरो ठाडो षोल्सी. पश्चिम उघो लोहकील. कुलाको मुहान उभो लोहकील षेतका

१२) सिऱ्हानको मुल लोहकील ठूलो ढेगो लोहकील षोल्सीका सिऱ्हान लोहकील. ढाडचा षे

१३) तका मूलमाथिको लोहकील उत्तर लोहकील वांध्या ढंगो वसंघऱ्या षेतका सिऱ्हानको मू

१४) ल ठाडो. षोल्सी लोहकील. औचऱ्हौटचा षेत मुरि २४ अवला वोटचा षेत मुरि १६ षवाऱ्या षेत

१५) मुरि ८ वडहऱ्या षेत मुरि १२ जम्मा षेत मुरि ६० तस्को सांध पूर्व लोहकील ठुलो साजको वो

१६) ट बाटो वढऱ्याका पुछारको लोहकील ठाडो षोल्सी. दक्षिण ठाडो षोल्साको दोभान. पश्चिम्

१७) ठाडो षोल्सी लोहकील. उत्तर चऱ्होटचा षेत माथिका पाटाको सालको वोट लोहकील का

१८) ऱ्हलो लोहकील. चिलाउन्याको वोट वढन्या षेतको मुहान लोहकील औ ढोडचानी षेत मु

१९) रि २० र मुरि २० षेतको साटो पाषो तस्को सांध. पूर्व लोहकील सुन षानीको सांध. दक्षिण. ढा

२०) ल न्या कटुजको वोट वांध्या पहरो षेत माथि पहेराको लोहकील षोलाको पहरो लोहकी

२१) ल पहरो. पहरा छेउको लोहकील पहरो. पश्चिम चिसापानि षोलो. उत्तर षोलो. सुन षानीको

२२) सांघ दोभान. यति सांघ भित्रको षेत मुरि दुइसय पैसट्ठी २६५ र पैंतिस मुरि षेतको साटो

२३) पाषो हाली षेत मुरि जम्मा तिन सय ३०० औ पुर्सुगां वघडचारिको सांध. पूर्व लोहकील. चौ

२४) तारो ठाडो बाटो. दक्षिण पीपलका वोटको कान्हलो. पश्चिम भंज्याङको लोहकील. देउरालीको

२५) सांघ. उत्तर मूलबाटो लोहकील यति सांघ भित्रको घर घडचारी षेत पाषो पषेरो लगापात स



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२६) मेत कुस वित्र्ता वितलप गरी पंच षत समेत मोहोर तांवा पत्र गरि गरिवक्स्यौं आफ्ना षातिर्जामासंग हा
२७) म्रा सन्तान पर्यंतको सुभ चिंतन गरि तम्रा संतान पर्यंत कुस विर्ता वितलप् जानी भोग्य गर यो वि
२८) र्त्ता संकल्प हुदा. अघिल्लो संकल्प हुदा पानी हालन्या काजि त्रिभुवन. दोस्रा कुसको संकल्प हुदा पा
२९) नी हालन्या काजि दामोदर पांडे. वाक्य पऱ्ह्या. देवज्ञ केषरी पंडित. सघियार भानु पाध्या षनाल जम
३०) जीत पांडे श्री हर्ष पंथ विरु वोहोरा बंस वीर राना डुगोल काल्या समेत जना तिन् चार किल्ला भ
३१) दा अर्घ्यालो व्रांह्मणले नचापनु विना तक्सीर श्री राजाले नहर्नु यो वंधेजमा जो रहैन सो यस्
३२) श्लोकमा भन्याको पातकी होला स्वदत्तां परदत्तां वा यो हरेच्च वसुन्धराम ।। षष्टि वर्ष सह
३३) स्राणि विष्टायां जायते कृमिः ।।१।। इति सम्वत १८५८ साल अधिक ज्येष्ट वदी २ रो
३४) ज ६ मुकाम् कान्तिपूर राजधानी शुभम् ----------

**विवयः– श्री ५ मुमाज्यूले कुश पानी डल्लो संकल्प गरिबक्सेको सतुंगलको जग्गाहरू रोपनी १५ भोग गर भन्ने ।**

मितिः– १८५६।८।१४ खाम संख्याः– २०३

श्री दुर्गा सहाय १

श्री ५ मुमाज्यु

१) स्वस्ति श्री गिरिराज चक्र चूडामणि नर नारायणेत्यादि विविध विरुदावलि वि
२) राजमान मानोन्नत श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराजे गीरवाण युद्ध वि
३) क्रम साह वहादूर सम्सेर जङ्ग देवाना सदा समर विजयिनाम्----



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

४) आगे. विद्याधर षऱ्यालके सम्वत १८५५ साल कार्तिक शुक्ल पौर्णमासि चं
५) द्र पर्वमा ले कुशपानि डल्लो संकल्प गरिवक्स्याका जग्गाको साध. स
६) तंगलका लगा मध्ये. पूर्व. दक्षिण. पश्चिम. उत्तर. रैंकर्को लुहुकिल. यति
७) चार किला भित्र चपाडोल ढचोपुवाल षेत रोपनि पंद्र १५ औं लुहुकोट म
८) ध्ये. पूर्व दक्षिण. रैंकरको लुहुकिल. पश्चिम डिल लुहुकील. उत्तर राधा
९) कृष्ण लोहनिका विर्ताको लुहुकिल. यति भित्र पाषो रोपनि तिन ३ को घ
१०) डेरी समेतको मोहोर तावा पत्र गरिवक्स्यौ. हाम्रा संतान प्रजंतको सुभ
११) चिंतन गरि आफ्ना संतान प्रजंतक कुश विर्ता जानि भोग्य गर. यो विर्ता
१२) वक्सदा संकल्प वाक्य पढन्या दैवज्ञ केसरी पुरोहित पानि हालन्या नि
१३) ज सधियार जगजित पाडे. श्री हर्ष पंथ. हरि अर्ज्याल भानु पाध्या षना
१४) ल हरिवंस वोहरा वंसविर राना. गौविंद पाध्या. काठमाडौंका डुगल. म
१५) हंत सिं. कृष्ण. जगत. मटचाङ चार किला भंदा अर्घ्यालो व्राह्मणले न
१६) चापनु. विना तक्सीर श्री राजाले हरन नगर्नु. यो वंधेजमा जो रहैन सो
१७) यस श्लोकमा भन्याको पातकी होला. स्वदत्तां परदत्ता वा यो हरेच्च वसु
१८) न्धराम ।। षष्टिर्वर्ष सहस्राणि विष्टायां जायते कृमिः ।। इति सम्वत १८
१९) ५६ साल मिति मार्गसिर सुदि १ रोज ४ मुकाम कांतिपूर राजधानि शुभम्--

**विषयः– मकर संक्रान्तीका दिन श्री ५ बुवाज्यूबाट टोखाको खेत विर्ताको मोहर तामापत्र गरिबक्सेको ।**

मितिः– १८६४।५।१।५ खाम संख्याः– २०४

श्री दुर्गासहाय १

श्री वूबाज्यू

१) स्वस्ति श्री गिरिराज चक्रचूडामणि नर नारायणेत्यादि विविध विरुदावलि विराजमान
२) मानोन्नत श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराजे गीर्वाण युद्ध विक्रम साह वहादू
३) र सम्सेर जङ्ग देवानाम सदा समर विजयीनाम्-------



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

४) आगे. शिवनारान वझाके सम्वत १८६२ साल मकर संक्रान्तिका दिन ... ...
बाट संक

५) ल्प भयाका षेत मध्ये १ घडचारि रोपनि ५ कुश डल्लो संकल्प गरि विर्त्ताको
मोहो

६) र तांवापत्र गरिवक्स्यौं. यस मध्ये. टोषाको अम्वल. लम्वुषेत रोपनि पांच ५
तस्को सां

७) घ. पूर्व मूलवाटको लुहुकिल. दषिन. दयानन्द नेवारको सुना षेतका आलिको.
लुहु

८) किल. पश्चिम. महास्नान गुठिका आलिको लुहुकिल उत्तर. घन संकर. नेवारका

९) सुना षेतको लुहुकिल. दफे पासि प्वाट् रोपनि १४ तस्को सांध. पूर्व. दषिन.
नेवा

१०) रको सुनाषेत लुहुकिल. पश्चिम. राजकुलो र रैंकर लुहुकिल. उत्तर महांष्ना

११) न गुठि. नेवारको सुनाषेत लुहुकिल. दफे पासिप्वाट् रोपनि ६ तस्को सांध पू

१२) र्व. दषिन. पश्चिम. नेवारको सूनाषेत लुहुकिल. उत्तर रैंकर लुहुकिल. औ घ

१३) डचारि. नैंनडोल पाषो रोपनि पाच ५ तस्को सांध. पूर्व. रैंकर. पाषो भिरका
डिल

१४) को लुहुकिल. दषिन. कस्नेरिका सूना षेत डिल लुहुकिल. पश्चिम. वाटो लु

१५) हुकिल. उत्तर. रैंकर वारिको लुहुकिल. येति चार किला भित्र षेत रोपनि

१६) २५ घडचारि रोपनि ५ कुश विर्ता जानि संतान दर्शन्तान पर्यन्त सुष

१७) भोग्य गर. यो विर्त्ता अवसंदा संकल्प वाक्य वक्ता प्रोहित. यदुनाथ अर्ज्याल पा

१८) नि हालन्या काजि भिमसेन थापा. सधियार. हरिवंस वोहोरा. वंस विर्राना.

१९) श्रीनाथ पंथ. कासिराम पांडे. श्री भक्त अर्ज्याल. भानु पाध्या. षनाल. भास्क

२०) र पाध्या. दुवै कृणानन्द पाध्या रिमाल. डगोल. धनवन्त. जगत. छोटचा

२१) धनवन्त. भिंजू- अम्वलि. द्वान्या विष्णु. प्रधान. विचारि संष नारान. थरि

२२) सुक देउ भडारि. नारान कृष्ण प्रमा देउ. मोहि नाईक. हेमन्त. प्रमानन्द

२३) चार किला भन्दा अघ्यालो विर्त्तावारले नचापनु विनातक्सिर सरकार वा

२४) ट नहर्नु जो यस बन्देजमा रहोईन. सो यस श्लोकमा भन्याको पातकि

२५) होला. स्वदत्ताम्परदत्तामवा यो हरेत वसुन्धराम ।। षष्टि वर्ष सहस्रा

२६) णि विष्टायां जायते क्रिमिः इति सम्वव १८६४ साल मिति. भाद्र सुदि

२७) १ रोज ५ शुभम्- - - - - - - - - - - -



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

**विषयः– बुबाज्यूका शुद्ध शान्तीमा नुबाकोट खेत मुरी ८०। घडेरी रोपनी ५।। विर्ताको मोहर तामापत्र गरिबक्सेको ।**

मितिः– १८६४।२।१३।४ खाम संख्याः– २०५

श्री दुर्गा १

श्री बूबाज्यू

१) स्वस्ति श्री गिरिराज चक्रचूडामणि नर नारायणेत्यादि विविध विरुदावलि विराजमान मानोन्नत श्री

२) मन्महाराजाधिराज श्री श्री श्री महाराजे गीर्वाण युद्ध बिक्रम साह बहादूर सम्सेर जङ देवानाम

३) सदा समर विजयीनाम– – – – – – – – – – –

४) आगे. रघुनाथ पाध्या रिमालके सम्वत १८६४ साल मिति जेष्ठ वदि ४ रोज ३ का दिन– – – – – –का

५) सुद्ध शान्तिमा संकल्प भयाका षेत मध्ये षेत मुरि ८० र घडचारि रोपनि ५।।। कुश पानि डल्लो

६) संकल्प गरि वित्तीको मोहर तांवापर गरिवक्स्यौ. यस मध्ये नुवाकोटका अम्वलमा. वला

७) टचा. ढुंग्या सुवारा मध्ये. विन्हाउनु हुन्या पाषो रोपनि ३२ का दरले रोपनि १६ विन्हाउ

८) नु नहुन्या पाषो. रोपनि ३५ का दरले रोपनि १०।। डिहि रोपनि ५।।।. तस्को सांध. पूर्व.

९) ढुंग्या षोलो र. सिल्या षोलाको दोभान लुहुकिल. दषिन पाषो रैकर. लुहुकिल.

१०) पश्चिम रैकर. पानि ढलो. लुहुकिल. उत्तर. रैकर पाषो र कुलो लुहुकिल. ढंग्या

११) षोलाको कुलो. साहानिटार. मा जान्या पानिमा चार षण्डमा यक षण्ड लि विन्हा

१२) उनु. येति चार किला भित्र. ज्मा रोपनि. ३२। कुश वित्ती जानि संतान दर्शन्तान प



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१३) यंत सुष भोग्य गर. यो विर्त्ता वक्संदा संकल्प वाक्य पर्न्या प्रोहित यदूनाथ पंडित.

१४) अर्ज्याल. पानि ह्वालन्या काजि भिमसेन थापा. सधियार. कासि राम पांडे. हरि वं

१५) स वोहोरा वंस विर्राना. श्री नाथ अर्ज्याल. श्री निधि पंथ. भानु पाध्या षनाल. कृ

१६) ष्णानन्द पाध्या. डगोल. घनवन्त. जगत. सिजु. थरि पसुपति षति वाडा. देव

१७) नारान घमाला. चन्द्र मनि लामिछान्या. श्री हर्क तिमिलसिना. अम्वलिबाट

१८) को मानिस चामु षवास. झाक्सि मिझार. भास्कर पाध्या. चार किला भन्दा अघ्यालो

१९) विर्त्तवारले नचापनु विना तक्सिर. सर्कारबाट नहुर्नु. जो यस बन्देजमा रहो

२०) ईन सो यस श्लोकमा भन्याको पातकि होला. स्वदत्ताम परदत्ताम्वा यो हरे

२१) च्च वसुन्धराम. षष्टि वर्ष सहस्राणि विष्टाया जायते क्रिमि इति सम्वत

२२) १८६४ साल मिति जेष्ठ वदि १३ रोज ४ शुभं- - - - - - -

**विषयः- ठिमीको अम्वल मध्ये रोपनो ५ घडेरी समेतको मोहर ताम्रपत्र गरिबक्सेको ।**

मितिः- १८५६।८।१४ खाम संख्याः- २०६

श्री दुर्गा सहाय १

श्री माहिली मुमाज्यू

१) स्वस्ति श्री गिरिराज चक्रचूडामणि नरनाराधएत्यादि विविध विरुदावली विराज

२) मान मानोन्नत श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराजे गीरवाण युद्ध विक्र

३) म साह वहादूर सम्सेर जङ्ग देवानाम सदा समर विजयिनाम- - - -

४) आगे तुलाराम पाध्या अधिकारिके सम्वत १८५५ साल ज्येष्ठ शुक्ल पोर्णं मासि

५) चंद्र पर्वमा ... ले कुशपानी डल्लो संकल्प गरिबक्स्याका जगाको साध. ठी



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

६) मीको अम्वल तर्षा गालम मध्ये. पूर्व. उत्तर. पश्चिम· नेवार्का सुना विर्ताको सा
७) ध. दक्षिण नेउपान्याका विर्ताको साध. श्रौ. पूर्व भादगाउल्याको साध. द
८) क्षिण. सिताराम पंडितको साध. पश्चिम उत्तर. रैकरको लुहुकिल. एति भित्र
९) विसंजोल षेत रोपनि एकैस २१ श्रौ· पूर्व दक्षिण. नेवारका विर्ताको साध. प
१०) श्चिम नेउपान्या र नेवारका षेतको र वाटाको साध. उत्तर ढोलषाका सुना
११) षेतको साध. यति चार किला भित्र विसंजोल षेत रोपनी चार ४ जंमा षेत रो
१२) पनि पचीस २५ श्रौ तर्षागालमा. पूर्व रैकर. दक्षिण सिताराम पंडितको सा
१३) ध पश्चिम वाटो. उत्तर वीर भद्र पंथको साध. एति भित्र पाषो रोपनि पाच ५
१४) घडेरी समेतको मोहर तावापत्र गरिवक्स्यौं. हाम्रो संतान प्रजंतको सुभ चि
१५) तन गरि. आफ्ना संतान प्रजंत कुश विर्ता जानि भोग्य गर. यो विर्ता वक्सदा
१६) संकल्प वाक्य पढन्या पुरोहित. देवीदास पानी हालन्या नीज· सघियार ज
१७) ग जित पाडे. हरि जैसि अर्ज्याल. भानु पाध्या षनाल. हरिवंस वोहरा. वंसवीर
१८) राना. काठमाडौंका डुगल. किष्ण काल्या. जगत हेमंतसि. चार किला भंदा
१९) अर्घ्यालो व्रांह्मणले नचापनु. विना तक्सीर श्री राजाले हरन नगर्नु. यो वघे
२०) जमा जो रहैन सो यस श्लोकमा भन्याको पातकि होला. स्वदत्तां परदत्तां वा
२१) यो हरेच्च वसुन्धराम ।। षष्टि वर्ष सहस्राणि विष्टायां जायते कृमिः ।। इति स
२२) म्वत १८५६ साल मिति मार्गसिर सुदि १ रोज ४ मुकाम कांतिपूर राजधाने शु
२३) भम्– – – – – – – – – – –

**विषयः– काठमाडौं अम्वल मध्ये घरवारी वनाउना निमित्त श्री ५ वुवाज्युबाट वक्सनु भएको खेत र मोहर तामापत्र गरिबक्स्यो ।**

मितिः:– १८५६।९।५।३ खाम संख्याः– २०७

श्री दुर्गा सहायः १

श्रीं ५ वुवा

१) स्वस्ति श्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध वि
२) रुदावली विराजमान मानोन्नत श्रीमन्महाराजाधियाज श्री श्री श्री म



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

३) हा राजे गीर्वाण युद्ध विक्रम साह बहादूर सम्सेर्सङ्ग देवानाम्सदा स
४) मर विजयिनाम्---------
५) आगे. विरभद्र गुरु के. संवत १८५५ सालमा सहर काठमाडौंका अंव
६) ल मध्ये. घरवारि वनाउना निमित्त... .. ज्यूबाट विर्ता बक्सनु भया
७) को जगाको सांध. पूर्व. तमोटका सुना विताको लुहुकिल. दक्षिण कुला
८) को लहुकिल. पश्चिम. मूल वाटाको लुहुकील. उत्तर. मूलवाटाको लु
९) हुंकील. एतिछार कीला भित्रको चागाल भन्याको षेत. रोपनि पचास
१०) ५० ताके षेत दुइ २ मोहोर तावापत्र गरिबक्स्यौं हांम्रा संतान पर्यंत
११) को निमिष्को सोभो टहल चिताइ. आपना संतान पर्यंत. विर्ता जानि
१२) भोग्य गर. यो विर्ता वक्संदाका संधियार. श्री हर्क पंथ. जोति षर अ
१३) र्ज्याल वंशमनि राना. हर्क सिं वोहोरा. इंद्र सिं थापा. गोविंद पा
१४) ध्या कोइराला. काठमाडौका डुंगल. काल्या. षटन्. जगत्या. घनी वं
१५) त. चारकीला भन्दा अघ्यालो सेवकले नचाषनु. विना तक्सीर श्री रा
१६) जाले हरन्नगर्नु. यो वंन्देजमा जो रहैन. सो. यश्लोकमा भन्याको पा
१७) तकी होला. स्वदत्तां परदत्तां वा यो हरेच्च वसुन्धराम् ।। षष्टिर्वर्षं स
१८) हस्राणि विष्टायां जायते क्रिमिः ।। इति सवत १८५६ साल मिति पौष
१९) शुदि ५ रोज ३ मोकाम कांतिपुर. राजधानि शुभम्----

**विषयः– वाडेको अम्वल मध्ये संकल्प भएको खेत पाको रोपनी ३०**
**विर्ता मोहर तामापत्र गरिबक्सेको ।**

मितिः– १८५६।९।५।३ खाम संख्याः– २०८

श्री दुर्गायः

१) स्वस्ति श्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावलि विराजमान मा
२) नोन्नत श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराजे गीर्वाण युद्ध विक्रम साह वहादू



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

३) र सम्सेर जङ्ग देवानाम्. सदा समर विजयीनाम्———————
४) आगे. रघुनाथ पांडेके सम्वत १८५६ साल मिति ‥ ˙ मा संकल्प भ
५) याका षेत मध्ये. पाषो रोपनि तिस ३० कुश डल्लो संकल्प विर्त्ता. मोहर तांवा प
६) त्र गरिबक्स्यौं. यस मध्ये. वोडेको अम्वल. व्रह्मको रोपनि तिस ३० तस्को सां
७) ध पूर्व. दषिन. उत्तर. वाटो. रैंकर लुहुकिल. पश्चिम रैंकर लुहुकिल. येति चा
८) र किला भित्रको जग्गाह रोपनि तिस ३० कुश विर्ता जानि सन्तान दर्शन्ता
९) न पर्यंत सुष भोग्य गर. यो विर्त्ता वक्संदा संकल्प बाक्य पऱ्ह्यां प्रोहित दैव
१०) ज्ञ केसरी अर्ज्याल. पानी हालन्या काजि किर्ति मान सिंह. संधियार. रघुना
११) थ अर्ज्याल. कासिराम पांडे. श्री निधि पंथ. भानुपाध्या षनाल. हरिवंस वो
१२) होरा. वंस विर्राना. भास्कर पाध्या रिमाल. डंगोल.. छोटचा धनिवन्त. का
१३) लो धनवन्त. मटयाङ भला मानिस. वोडेका प्रधान. विष्णु सिं. देउनारान
१४) पाध्या. द्वारिका दास फुयाल. वलभद्र अधिकारि. भिमसेन थापा. किसं
१५) षड्का. लक्ष्मि संकर. धरणिधर. चुकुटि नेवार. धंजै डोल्या. चार किला भ
१६) न्दा अर्घ्यालो विर्त्तवारले नचापनु विना तक्सिर्सर्कारबाट नहर्नु जो यस व
१७) न्देजमा रहोईन सो यस श्लोकमा भन्याको पातकि होला. स्वदत्ताम्पर द
१८) त्ताम्वा यो हरेत वसुन्धराम षष्टि वर्ष सहस्राणि विष्टायां जायते क्रिमिः
१९) इति सम्वत १८६४ साल मिति. आसिन सुदि ७ रोज शुभं————

**विषयः— जेठा मुमाज्यू सहकामीनी हुदा आर्य घाटमा संकल्प भएको खेत मुरी ३० घडेरी रोपनी १।। विर्ता मोहर तामापत्र ।**

मिति:— १८६४।५।७।५ खाम संख्या:— २०९

श्री दुर्गा सहाय १

श्री जेठा मूमाज्यू

१) स्वस्ति श्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावलि विराजमा



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२) न मानोन्नत श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराजे गीर्वाण युद्ध विक्रम सा
३) ह वहादूर सम्सेर जङ्ग देवानाम सदा समर विजयी नाम-----
४) आगे. हर्क देउपाडेके सम्वत १८६३ साल मिति वैशाष सुदि १५ रोज का दि
५) न ˙ सहकामि हुदा आर्याघाटमा संकल्प भयाका षेत मध्ये मुरि
६) तिस ३० घडचारि रोपनि १।। कुश डल्लो संकल्प. गरि विर्त्ता मोहर तावां पत्र
७) गरिबक्स्यौं. यस मध्ये. किर्तिपूरको अम्वल. अष्वाट् भटमास्यटार मध्ये रोपनि
८) साढे सात ७।।. घडचारि रोपनि १।।. तस्को सांध पूर्व. उत्तर रैकर षेत लुहुकि
९) ल. पश्चिम दषिन. रैकर पाषो लुहुकिल. येति चार किला भित्रको षेत मु
१०) रि तिस ३० घडचारि रोपनि १।।. कुश विर्त्ता जानि सन्तान दर्शन्तान पर्यंत सु
११) ष भोग्य गर. यो विर्त्ता वक्सदा संकल्प वाक्य पऱ्ह्या प्रोहित यदूनाथ अ
१२) र्ज्याल. पानि हालन्या काजि भिमसेन थापा. सुंधियार. कासिराम पांडे
१३) वालकृष्ण वोहोरा श्रीनाथ अर्ज्याल. भानुपाध्या षनाल. श्री निधि पं
१४) थ. वंसविर राना. भास्कर पाध्या कृष्णानन्द पाध्या रिमाल डगोल छो
१५) टचा घनवन्त. घनवत्त. मटचाङ भला मानिस. सरूप वस्न्यात. महे
१६) श्वर रैला चार किला भन्दा विर्त्तवारले नचापनु विना तक्सिर्स
१७) कारबाट नहर्नु जो यस वन्देजमा रहोईन सो यस श्लोकमा भन्याको
१८) पातकि होला. स्वदत्ताम्परदत्ताम्वा यो हरेत वसुन्धराम षष्टि वर्ष स
१९) हस्राणि विष्टायां जायते क्रिमि. इति सम्वत १८६४ साल मिति आ
२०) श्वीन सुदि ७ रोज ५शुभं -------------

**विषयः- सर्वकर अकर सर्वाङ्ग माफ गरी विर्ता बितलप गरि मोहर तामापत्र गरिबक्सेको ।**

मितिः- १८६४।६।७।५ खाम संख्याः- २१०

श्री दुर्गासहाय् १

१) स्वस्ति श्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावलि विराजमान मानोन्न



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२) त श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराजे गीर्वाण युद्ध वीक्रम साह वहादुर समसेर जङ देवानां

३) सदा समर वीजयीनाम्-----------

४) आगे विष्णु उपाध्या दोहालके चयनपुर थुम्म षेत ८ सम्वत १८६३ साल कर्कट संक्रातिका दि

५) न गोड घुवा चुर्माउन गादीममा डंड लाट्टंना धर्म्माधीकार येती कलम सर्वकर

६) अकर सर्वाङ्क माफ वीर्ता वीतलपको मोहर ताम्वापत्र गरिववक्स्यौं: छबीस्या षेत १ मुरि ५८

७) तस्को सांध पूर्व वाभ्काकोर वाटको लुहुकिल: दषीन मुलवाटको लुहुकील पश्चीम मेघ वर्ण

८) कार्किका जफती माटा सीतको लुहुकील: उत्तर षेतका पुछारको वाभ्का आली लुहुकील: दफे

९) न ल षाडचा षेत मुरी चौदह १४ तस्को सांध: पुर्व उत्तर मेघवर्न कार्किका जफती माटा सीतको

१०) लुहुकील: दषीन पश्चीम माभ्कीको कीपर रैकरको लुहुकिल: दफे कोसी षेत मुरी २४ त

११) स्को सांध पुर्व: माभ्कीका कीपटका कुलो आली लुहुकील दषीन उंतर माभ्कीका कीपट सीतको लु

१२) हुकिल: पश्चीम कौसीका दफे पीपल्या कुह्माल्या चकमक्या वाऱ्हवीस्या षेत २ मुरि चौरासी:

१३) ८४ तस्को सांध पुर्व बाऱ्हवीस्या षेतका आली सीतको लुहुकील: सांध दषीन चयनपुर

१४) षोलो र माभ्कीका कुलाका ढिकको लुहुकिल: सांध पश्चिम माभ्कीका कीपट सितको लुहु

१५) किल. उंतर कार्कीको जफती माटा सीतको लुहुकिल: दफे नागीणी ,षेत मुरी अठासी

१६) ८८ तस्को सांध पुर्व चयनपुर षोलो दषीन पहरावान्ध कुलाका म्हानको लुहुकिल. पश्चीम



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१७) पहराको सांध उंतर चयनपुर षोलो र माझीका कीपट सीतको लुहुकिलः
दफे सातवीस्वा षेतः

१८) १।५२ तस्को सांध पुर्व चयनपुर षोलो पहराका मुषको लुहुकील दषीन
चयनपुर षोलो

१९) र पश्चीम षेतको कुलाका मुहानको लुहुकील उंतर षेतको घारी पाषा लुहुकील.
दफे सय मुऱ्या

२०) षेत मुरी असी ८० तस्को सांध पुर्व इन्द्र मनि प्रसैंका जफतीं माटा सीतको
लुहुकील. दषीन

२१) पश्चीम कुलो रेकर लुहुकील. उंतर चयनपुर षोलो औ चयनपुर थुमः तस्को
सांधः पुर्व

२२) पुछि घा घा माझीका कीपट र इन्द्र मनि प्रसाईको वीर्ताका सांधको लुहुकीलः
दषिन नेवाः

२३) पाऱ्या तीर्मीसीना व्राह्मणको वीर्ताको लुहुकीलः पश्चीम गर्गऱ्या षोलको
सीऱ्हान भंज्यां

२४) न् लुहुकीलः उंधो अमाऱ्यां षोलोको दोभाहानः उंतर चयनपुर षोलो र
सात बीस्या षेतको

२५) मोहानको लुहुकील. उंभो पोषरी माडीको चौतांराको लुहुकीलः सांध दफे
तिन पोष

२६) ऱ्याको सांध पुर्व नगोनी षेतको मोहानका लुहुकीलः दषीन सात वीस्या
षेतको मोहान

२७) को लुहुकील. पश्चीम डुम्री डांडाको लुहुकीलः उंधो आमको रुष छोऱ्या
डाडो षहऱ्याः दो मो

२८) हानको लुहुकिल उंवर पुछ घाघ्या माझिको कीपट षेत आलीको लुहुकील.
येती चार की

२९) ला भीत्र व्राह्मण कार्किको जफति माटो वीर्ता कम्पनीको षानगी गुठि माना
चावल पुछी

३०) घाघा माझीको कीपट वाहीक येति चार किल्लाको जगाः कुस वीर्ता वीतलप
जानि संन्तान्द

३१) संन्तान प्रजंत सुष भोग्य गरः यो वीर्ता वक्सदा संकल्प वाक्य पऱ्ह्या प्रोहित
जदुनाथ अ



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

३२) ज्र्यालः पानी हालन्या काजी भीमसेन थापा संधीयार श्रीनाथ पंथ वंसवीर रानाः ह

३३) रिवंस वोहोराः भानु पाध्या षनालः कासीराम पाडे श्री भक्त अर्ज्याल. भास्कर पाध्या

३४) मालः डगौल धनवन्त नायेक्या सिंजू. जगत चयनपुरका भला मानीस धनंजय

३५) तिमल्सिनाः बीस्वनाथ निवापान्या विस्वनाथ प्रसाई लिलावल प्रसाई ससिधर

३६) प्रसाई चतुर्भुज प्रसाई मेघवर्न कार्कि रामचन्द्र कार्कि लछीमन कार्कि भीडु बर्न का

३७) कि जगनाथ कार्कि अज्यू कार्कि गजराज कार्किः चार कील्ला भन्दा अर्घालो वीर्तवारले

३८) नचापनु वीना तक्सीर सर्कारवाट नहर्नु जो यस दन्देजमा रहोइन सो यस स्लोकमा भन्या

३९) को पातकी होलाः स्वदतां परदतांम्बा यो हरेच्च वशुंधरा षष्टि वर्ष सहश्रानी वीष्टाया

४०) जायते क्रीमी सम्वत १८६४ साल मीती आसिन सुदि ७ रोज ५ शुभम– – –

**विषयः– आर्यघाटमा संकल्प भएको खेत मुरी ४० घडेरी रोपनी २॥। विर्ता मोहर तामापत्र ।**

मितिः– १८६३।२।३।१ खाम संख्याः– २११

श्री दुर्गासहाय

श्री जेठा मूमाज्यू

१) स्वस्ति श्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावलि विराजमान मानोन्न

२) त श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराजे गिर्वाण युद्ध विक्रम साह बहादुर सम्सेर जङ्ग दे

३) वानाम सदा समर विजयीनाम– – – – – – – – – – – –



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

४) आगे. वृहस्पति उपाध्या जोसिके सम्वत १८६३ साल मिति वैशाष सुदि १५ रोज ·· ··· ···का

५) दिन ·· ···सहकामिनि हुदा आर्याबाटमा संकल्प भयाका षेत मध्ये षेत मुरि ४० र

६) घडचारि रोपनि २।।. कुश डल्लो संकल्प गरि. विर्त्ताको मोहोर तांवा पत्र गरिबक्स्यौं. य

७) स मध्ये मुसुऱ्याकोटको अम्वल. षंलाच्या षेत मुरि छत्तिस ३६ तस्को सांध. पूर्व. प

८) श्चिम प्रद्युम्न पंडितको लुहुकिल. दषिन. प्रद्युम्न पंडितको विर्ता बाटो लुहुकि

९) ल उत्तर मह्यास षोलाको सांध. दफे २ याल्या षेत मुरि ४ तस्को सांध. पूर्व. रैंकरको

१०) सांध. दषिन कुलाको सांध. पश्चिम. पंडितको सांध. उत्तर मह्यास. षोलाको लुहु

११) किल औ घडचारि मुसुऱ्याकोट मध्ये रोपनि २।।। तस्को सांध. पूर्व सुवेडिको विर्ता

१२) का सांधको लुहुकिल. दषिन मुलवाटको लुहुकिल. पश्चिम गौरि पति पंथका

१३) विर्त्ताको लुहुकिल. उत्तर. सिरूवारि रैंकर. ठूलो काल्हो लुहुकिल. यति चार

१४) किला भित्रको षेत मुरि ४० घडचारि रोपनि ३।।। कुश विर्त्ता जानि सन्तान पर्य

१५) न्त सुष भोग्य गर. यो विर्त्ता वक्संदा संकल्प वांक्य पन्ह्र्या प्रोहित यदुनाथ पंडि

१६) त अर्ज्याल. पानि हांलन्या काजि भिमसेन थापा सधियार. भानुपाध्या षना

१७) ल श्रीनाथ पंथ श्री भक्त अर्ज्याल कासिराम पांडे. वंसविर्राना. हरिवंस वो

१८) होरा. डगोल. पुर्नसि. अमृतसि. अम्वलि द्वाऱ्या विरू पाध्या. थरिवल भद्र

१९) रेग्मि. ससिघर पाध्या अर्ज्या. व्रह्मा विडारि. कर्नानन्द पंडित जगन्नाथ

२०) वासकोटा चार किला भन्दा अघ्यालो विर्तवारले नचापनु विना तक्सिर स

२१) करिवाट नहर्नु जो यस वन्देजमा रहोईन सो यस श्लोकमा भन्याको पात

२२) कि होला. स्वदत्ताम्परदत्ताम्वा यो हरेत वसुन्धराम. षष्टि वर्ष सहस्राणि वि

२३) ष्टायां जायेते क्रिमिः इति सम्वत १८६३ साल मिति जेष्ठ वदि १ रोज १ शुभम– – – – – –



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

**विषयः– जिलिङको अम्वल मध्ये खेत मुरी २० घडेरी रोपनी विर्ता मोहर तामापत्र ।**

मितिः– १८६४।२।११।३ खाम संख्याः– २१२

श्री दुर्गा १

श्री वूवाज्यू

१) स्वस्ति श्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावलि विराजमा

२) न मानोन्नत श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराजे गीर्वाण युद्ध विक्रम साह

३) वहादूर सम्सेर जङ देवानाम् सदा समर विजयीनाम्– – – – – –

४) आगे. शिवनारान् उपाध्या रिमालके सम्वत १८६३ साल मिति जेष्ठ ४ रोज ३

५) का दिन .... का सुद्ध शान्तिमा संकल्प भयाका षेत मध्ये षेत मुरि ३० घड्या

६) रि रोपनि २–कुश डल्लो संकल्प विर्ताको मोहोर तांवापत्र गरिवक्स्यौं यस म

७) ध्ये जिर्लिको अम्वलः घड्यारि षेत मुरि १६ तस्को सांध. पूर्व. शक्तिवल्लभ

८) अधिकारिको विर्त्ता र लुहुकिल. दषिन. अधिकारिको विर्ता २. लुहुकि

९) ल. पश्चिम. रैंकर पाषो लुहुकिल. उत्तर. छ्याङदि षोलो लुहुकिल. द

१०) फे. चापा वोट्या षेत मुरि १४ घड्यारि रोपनि २– समेत तस्को सांध. पूर्व

११) वडह्न्या. षोल्सी लुहुकिल. दषिन. कुलो र रैंकर लुहुकिल. पश्चिम. चां

१२) पा वोट्या षोल्सी लुहुकिल. उत्तर वडह्न्या र चापा वोट्या षोल्सिको दोभा

१३) न. लुहुकिल. येति चार किला भित्रको षेत मुरि ३० घड्यारि रोपनि २– कु

१४) श विर्त्ता जानि सन्तान दर्शन्तान पर्यन्त सुष भोग्य गर. यो विर्त्ता वक्संदा सं

१५) कल्प वाक्य वक्ता प्रोहित. यदुनाथ पडित अर्ज्याल. पानि हालन्या काजि

१६) भिमसेन थापा. संधियार. कासिराम पांडे. भानु पाध्या षनाल. श्रीनाथ अ

१७) र्ज्याल. श्री निधि पंथ. हरिवंस वोहोरा. वंसविर्राना. कृष्णानन्द पाध्या रिमा

१८) ल. डगोल. घन्त नायक्. मट्यां... ...अमालि. महामनि पुडा सैं

१९) नि. थरि. मनै पाध्या दाहाल. रामु पुडासैंनि वामदेउ घि



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२०) मिन्या. चार किलाभन्दा अर्घ्यालो विर्त्तवारले नचापनु
२१) विना तक्सिर सर्कारवाट नहर्नु जो यस वन्देजमा रहो
२२) ईन सो यस श्लोकमा भन्याको पातकि होला स्वदत्ता
२३) म परदत्ताम्वा यो हरेत वसुन्धराम. षष्टि वर्ष सह
२४) स्राणि विष्टायां जायते क्रिमिः इति सम्वत १८६४
२५) साल मिति जेष्ठ सुदि ११ रोज ३ शुभमं– – – – – –

**विषय:– अम्वाडीको लाग्ना ताम्रापत्र गरिवक्सेको ।**

मिति::– १८५८।१२।११।३ खाम संख्या:– २१३

श्री दुर्गा सहाय् १

१) स्वस्ति श्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावलि विराजमान मा
२) नोन्नत श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराजे गीर्वाण युद्ध विक्रम सांह वहादुर स
३) मसेर जङ देवानाम् सदा समर विजयिनाम्– – – – – – –
४) आगे. प्रेम रंजन दानिङ ईरु घोर्जे लिदुक्योवा सोनाम च्याङ प्रेमराम समेत भाई ६ के
५) अम्वालि मेटि काछो सिर्तो घर गनिलाहु लुङ वेठ वेमार उंघाउं निपघाउं नि वावत
६) रूपैया छेआसट्ठि. ६६ साल वसाल श्रीपचमीका दिन दर्वार तोसाषाना दाषि
७) ल गर्नु. पंचषतका डंड कुंड मोरो अपुताली पर्दा नदवाउंनु हाम्रा हजुरमा आई विन्ति
८) गर्नु षत दवाई विन्ति गर्न नआया दोवर डंड तिर्नु. अम्वालिको लागनास्तित ताम्वा
९) पत्र गरिवक्स्यौं आपना षातिरज्मा सित हुकुम टहलमा रुजु रहि वस इति स
१०) म्वत १८५८ साल मिति चैत्र वदि ११ रोज ३ शुभमं– – – – – –



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

## विषय:– घडेरी पाखो रोपनी ५ समेत मोहर तामापत्र गरिबक्सेको ।

मिति:– १८५६।१०।४।३ खाम संख्या:– २१४

श्री दुर्गा सहाय:

श्री ५ बुवाज्यू

१) स्वस्ति श्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदाव
२) लि विराजमान मानोन्नत श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराजे गि
३) र्वाण युद्ध विक्रम साह बहादूर सम्सेर्जङ्ग देवानाम्सदा समर विजयिनाम– – –
४) आगे. विसै जैसि तिमिलषिना रजै भइ अधिकारिके षोरमा वाघ पाऱ्याको
५) रिझ. संवत् १८५५ साल कार्त्तिक शुक्ल पौर्णमासि चंद्र पर्वमा ¨ ˙ ले कु
६) श पानि डल्लो संकल्प गरिवक्सनु भएका जगाको सांध पूर्व षोल्सी. षां
७) द. दक्षिण षतिवाडाको वित्र्ताको सांध. पश्चिम रैंकर. विर्त्ताको कुलो. उ
८) त्तर रैंकर. वरक् कल्पनिले षायांको षेतको सांध. एति चार किलाभित्र घ
९) नराज षतृले षायाको गेर्षुटार मुरि साठि. ६० औ. पूर्व रैंकरको सांध. द
१०) क्षिण. गेर्षु षोलो. पश्चिम ठाडो षोलसि. उत्तर. प्याकुऱ्यालका विर्ताको सां
११) घ. एति चार किला भित्रको भुत्याहा षेत मुरि चालिस. ४० जमा मुरि १००
पूर्व सिउंडिको वा
१२) र. लोहोकील. दक्षिण कांवलो लुहुंकील. पश्चिम. षोलसि ढिक. उत्तर.
१३) कांल्हो लुहुंकील. एति चार. कीला भित्रको घडचारि पाषो रोपनि ५ स
१४) मेतको: मोहोर तावापत्र गरिवक्स्यौं हाम्रा संतान पर्ज्यंतको शुभ चिंतना
१५) गरि आफ्ना संतान पर्ज्यंत कुश विर्त्ता जानि भोग्य गर. यो विर्ता वक्सदा
१६) का संधियार: स्यामलाल पोडे. पुर्णानिन्द जैसि षतिवाडा. रतनमनि जै
१७) सि इंडु जैसि. रामानन्द पाध्या वालानन्द पाध्या. गंगाराम जैसि. लक्ष्मी
१८) घर जैसि. वलभद्र पनेरू. गिरिवर जैसि. शिवदत्त पाध्या जगसि वस्यात
१९) चार कीला भन्दा अघ्यालो ब्राह्मणले नचापनु. विना तक्सीर श्री राजाले
२०) हरन्नगर्नु. यो वन्धेजमा जो रहैन. सो. एश्लोकमा भन्याको पातकी हो
२१) ला. स्वदत्तां परदत्तां वा यो हरेच्च वसुन्घराम ।। षष्टिर्वर्ष सहस्राणि वि



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२२) ष्टायां जायते क्रिमिः ।। इति संवत् १८५६ साल मिति माघ वदि ४ रोज ३ मो
२३) काम कांतिपूर राजधानि शुभम्— — — — — — — — —

**विषय:— विजमुरी १ पाथी १२ जान्या घडेरी निकासा पैंठार समेतको मोहर ताम्रापत्र ।**

मिति:— १८५६।१०।४।३ खाम संख्या:— २१५

श्री दुर्गासहाय:

श्री ५ ज्यूज्यू वाज्या

१) स्वस्ति श्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदाव
२) लि विराजमान मानोन्नत श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराजे गीर्बा
३) ण युद्ध विक्रम साह वहादूर सम्सेर्जङ्ग देवानाम्सदा समर विजयिनाम्— — —
४) आगे. श्रीवल्लभ पण्डित रेगमिके. तिम्रा वावा. किष्णानन्द पण्डितलाइ
५) ¨ ¨ ले कुश पानि डल्लो संकल्प गरि वृत्ता वितलप् बक्सनु भयाको. वो
६) सन मध्ये. तस्को सांध. पूर्व. रैंकर. लुहुकील. दक्षिण मूलवाटो पश्चिम. रैंक
८) र. लुहुकील. उत्तर मुल कुलो. एति चार कीला भित्र षेत मुरि दुइ सय चा
८) लिस २४० डिहि. विजमुरि एक १ जान्या. श्रौ वोसन गाउ मध्ये. पूर्व. पह
९) रो. दक्षिण रैंकर. पषेराको लुंहुंकील. पश्चिम रैंकर. लुंहुंकील. उत्तर.
१०) षोलसि. एति चार कीलाभित्र. विजमुरि एक १ पाथि दस १० जान्या घ
११) डचारि. निकास पैंसार. समेतको मोहोर तावापत्र गरिवक्स्यौं. हाम्रा संतान
१२) पर्ज्यंतको शुभ चिंतना गरि आफ्ना संतान पर्ज्यंत. बृत्ता वितलप् जानि भो
१३) ग्य गर. यो विर्त्ता वितलप् वक्संदा. संकल्प वाक्य पढन्या. वालकृष्ण जैसी
१४) षरिदार. संधियार. नाहार सिंह वस्न्यात. दल्या षतृ. नाथुगुनि. इन्द्र मनि
१५) वस्न्यात. चारकीला भन्दा अर्घ्यालो व्राह्मणले नचापनु. विना तक्सीर श्री
१६) राजाले हरन्नगर्नु. यो. वन्धेजमा जो रहैन. सो एश्लोकमा भन्याको पात.
१७) कि होला. ।। स्वदत्तां परदत्तांवा यो हरेच्च वसुन्धराम ।। षष्टिर्वर्ष सहस्रा
१८) णि विष्टायां जायते क्रिमिः ।। इति सम्वत १८५६ साल मिति माघ वदि ४
१९) रोज ३ मोकाम कांतिपूर राजधानि शुभम्— — — — — — —



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषयः– महोत्तरी प्रगन्न खेसरा कुश विर्ता वितलप मोहर ताम्रपत्र ।

मितिः– १८६७।९।११।७

खाम संख्याः– २१६

श्री दुर्गा सहाय १

श्री ज्यूज्यूवाज्या

१) स्वस्ति श्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत श्री

२) मन्महाराजाधिराज श्री श्री श्री महाराजे गीर्वाण युद्ध विक्रम साह वहादूर

३) सम्सेर जङ देवानां स
दा समर विजयिनाम्– – – – – – – – – – – –

४) आगे. विकन झाके तम्रा जिज्यू यदुपति झाकि व्राह्मणी तिम्रि जिज्यु वज्युका नाउमा. सम्वत् १८२७

५) साल मिति जेष्ठ सुदि ४ रोज २ का दिन ··· ·· वाट जिल्ले महुत्तरि प्रगन्ना षेसराहा मौजे इ

६) नरवा मध्ये. धनहर जमीन विगहा एकसठी ६१ कुश विर्त्ता वक्सनु भयाको तेस् म

७) ध्ये. छोराको संतान रत्नाकर झाके. विगहा साढे ३०।। तम्रा वज्युलाइ दि गयाको वि

८) गहा साढे तिस् ३०।। तस्को चौर्तर्फि सिमाना. पूर्व अडरियाका डिह कानिचा. अैठहु लो

९) हारका षेत. तिस्का उत्तर्वारि आली. सौ सरासर दषिन. हेमन झाका धानका षेतका पछि

१०) म भर दवाइके एक १ ताहि सौ दषिन. सरासर पुराना वांध. वांधका पुर्व रि महनर्त

११) क. पूर्वका सिमाना १ दक्षिणका सिमाना. पुराना वांधका दषिन वारिका घी सौ उतर इन्द

१२) रवा विर्त्ता. दषिन. मौजे गोवराहि रैंकर. तिसु वांध सौ सरासर पछिम पहडिया डिह तक्



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१३) तिस् डिह कानिचे सौ सरासर उत्तर सो नफुल झाका धानका षेतका दषिन वारि आली तक. तिस्

१४) आली सौ सरासर पछिम. चिल्लका मंडका षेत धान परतिस षेतका दषिन वारि आली सौ उतर इन्दर

१५) वा विर्ता दषिन मौजे गोवराहि रैंकर तिस आली सौ सरासरा पछिम मघुर गोवराहिका तिस घुर

१६) का नीचे वैंजविराजिका षेत. तिस् षेतका नैरित्येकोना तक. दक्षिणका सिमाना १ पश्चिमका

१७) सिमाना वैंजविराजिका षेतका नैरित्येकोना सौ उत्तर सरासर हिरा भानुका षेतका पूछवा

१८) रि आली तक. तिसू आली सौ पूर्व. इन्दरवा विर्ता. पछिम मौजे गोवराहि रैंकर. तिस् आली

१९) सौ सरासर उत्तर गढके निचे. लाला झाका मदुवाका षेत. तिस् षेतका पछ-वारी आली सौ

२०) पूर्व इन्दरवा विर्ता पछिम मौजे गोवराहि रैंकर. पश्चिमका सिमाना १ उत्तरका सिमाना. जु

२१) डि सतराका धानकां षेतका उत्तर वारि आली सौ दषिनपट्टि विर्ता विकन झा उत्तरपट्टि वि

२२) र्ता रत्नाकर झाका तिस् आली सौ सरासर पुर्व. वचन राउत्का धानका षेत. षेतका विच

२३) मो आली सौ दंषिन पट्टी विर्ता विकन झा. उत्तर पट्टि रत्नाकर झा. तिस् आली सौ सरासर

२४) पूर्व अड़रियाका धान. तिस् धानका नीचे. अैठहु लोहारका षेत तिस् षेतका उत्तर वा

२५) रि आली सौ दषिन पट्टी विर्ता विकन झा उत्तर पट्टी विर्ता रत्नाकर झा उत्तरका सिमाना १

२६) एति सिमानाका चार किला भीत्र जमा विगहा साढे तीस्. ३०।। नाप चकला वन्दी वमोजीम मे

२७) ड वंदी. येति जग्गाहा. वरूनासा पेर वुझाउन. गोड धोबाइ गादीममा रष्. एति चार कलम वा



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२८) हीक. माल रहता सायेर. जलकर वनकर वियाहदानी कठियारि वनस गौढा-
तिमार हाट दंड कुंड म

२९) मो अपुतालि वनपन पियाइ. चौधरि कानुगोइ दस्तुर छौ रहि पुरोहिति. औ
वेठवेगार पार

३०) फर्माइस. फर्मायात्. गैरह समेत् कुश विर्ता वितलप. आज हामिले मोहर तावा
पत्र गरिवक्स्यौ आ

३१) फना षातिर्जामा संग तरह दतलास आवाद गुल्जार गरि जो पैदावार भयाकाले.
पुस्तदर पुस्त प

३२) र्यन्त सुष भोग्य गर. हाम्रो जय मनाइ आसिर्वाद दिन्या गर. यो जग्गाको
मेडवन्दी गर्न्या डिठा

३३) उदै सिं वस्न्यात. गणपति पाध्याका तर्फका मोनसिफ रूद्र सिं वस्न्यात. मानीक
दासका तर्फका

३४) पेस्कार सिनेहि दास. जमीनदार सिवनदास. गुमास्ते चौधरी. रंजित षवास.
कानु गोए

३५) हुनुमानदत्त दास. मोहरी र नारायण दत्त दासका कानु गोए जरी वकसू दया
राम् झा. रवि मं

३६) डरनवलिदा गगांराम दास जैवार जानीवकार देविदत्त झा जोसि मौजे मोहि
नाथपुर मोग

३७) ला भिछुक कुसइत. जेठ रै एत् मौजे गोवराहि प्रगन्ना मजकुर मन सामंडर
जेठरै एत्ला

३८) ल झा. मौजे गोवराहि प्रगन्ना मजकुर. स्वदत्तां परदत्तांम्वा. यो हरेच्च वसु-
न्धराम. षष्ठिर्वर्ष स

३९) हस्राणी विष्टायां जायते क्रिमि ।। इति सम्वत १८६७ साल मिति पौष वदि
११ रोज ७ शुभं— — — — — — — — — — —



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

**विषयः– सुक्रि विक्री फोई मोटा तामापत्र गरिवक्सेको ।**

मितिः– १८५८।११।५।३ खाम संख्याः– २१७

श्री दुर्गाज्यू १

श्री दुर्गा भवानी ६

१) स्वस्ति श्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावलि विराज

२) मान मानोन्नत श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराजे गीर्वाण युद्ध विक्रम

३) साह वहादूर सम्सेर जङ देवानाम् सदा समर विजयीनाम्– – – – – –

४) आगे. भक्तसि षत्री भारत षत्रीके. विसंषुका अम्वल मध्ये किटचानी विर्ता किन्या

५) का जगाको साध. पुर्व रामभद्र षत्रीका विर्ता. दक्षिण मुलवाटो. पश्चिम. घं

६) न्देवा नेवारको सुना विर्ता ६··· का गुठ चन्द्रचा षड्काको विर्ता. उत्तर राजकु

७) लो रैकर. येती चार किलाभीत्रका किटचानी जगा पाटनका जयविर महिन्द्र म

८) ल्ल राजा छेउं किन्याको षेत रोपनी उनंनचालीस ।३९ श्रो षोला षेत पाषा

९) तस्को सांध. पूर्व प्रजाको किपट. दक्षिण षोला. पश्चिम रैकर. उत्तर जय ष

१०) भ षत्री मन्साराम षत्रीको विर्ता. येती चार किला भीत्रका जगा नेवार छे

११) उं किन्याको पषत रोपनी १२।। पाषा वाभो रोपनी ७ यो दुबै ठाउंका किला

१२) भीत्रको ज्मा रोपनी ५८।। ताके षेत दुई २ मुरी चौतिस ३४ समेतको सुक्री वि

१३) क्री फोई मोहर तांवापत्र गरिवक्स्यौं. हाम्रा सन्तान पर्ज्यन्तको निमकको

१४) सांभो. टहलमा रुजु रहि. आफमा संन्तान पर्ज्यन्त विर्ता जानि भोग्य गर ये

१५) स सालमां विर्ता जांचन्या थर थोक ईस्वर षत्री चामु षत्री २ वीसषुका थ

१६) री प्रसुराम अचार्ज लिलाम्वर पोषऱ्याल. घनस्याम पंडीत पौड्याल. तुला

१७) राम पाठक ४ काठमाडौका डंगल धन्नसि अन्तसि २ चार किला भन्दा अघ्र्या

१८) लो विर्तवारले नचापनु. विना तक्सीर श्री राजाले नहर्णगर्नु स्वदत्तां परदत्ता

१९) म्वा यो हरेच्च. वसुंधराम्म्. षष्ठी वर्ष सहश्राणि विष्ठायां जायते कृति ईति सम्वत

२०) १८५८ साल फाल्गुण सुक्ल ५ पंचमी रोज चन्द्रे मोकांम कान्तीपुर राजधानी सुभम– – –



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

**विषय:- जन्मोत्सव कर्म गर्दा कुश पानी संकल्प गरी पाटनको अम्वलको पाँगा गाउ मध्ये चइषुमा विर्ता वक्स भै विभिन्न ठाउँको खेत त्यस्को घडेरी समेत मोहर तामापत्र गरिवक्सेको ।**

मिति::- १८५६।१७।१।४

खाम संख्या:- २१८

श्री दुर्गा सहाय् १

श्री ५ वुवाज्यु

१) स्वस्ति श्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदाव
२) लि विराजमान मानोन्नत श्रीमन्महाराजाधिराज् श्री श्री श्री महाराजे
३) गीर्वाण युद्ध विक्रम साह वहादूर सम्सेरजङ्ग देवानाम् सदा समर वि
४) जयिनाम्-------
५) आगे· षडानंन्द पाध्य तिमिल्सिनाके सम्वत १८५३ साल आषड व
६) दि १० मा ···का जन्गोत्सव कर्म गर्दा ··· ले कुसपानि डल्लो सं
७) कल्प गरि. पाटन्का अम्वल्को पाँगा गाउ मध्ये चुइषुमा विर्ता वक्सा
८) का जग्गाको सांध. पूर्व षोलो. दक्षिण आलि रैकर. पश्छिम् तेर्छो वाटो
९) को सिन्हानको आलि. उत्तर दोवाटो यति चार किला सांध भीत्र जाषा
१०) डोल षेत रोपनि पचहत्तरि ७५ षेत तीन ३ र तस्का घडेरीको पूर्व लुहुकिल
११) दक्षिण तेर्छो वाटो कुलो. पश्चिम वाटो. उत्तर मुलवाटो र. हरिकृष्ण
१२) वैद्यको विर्ता यति चार किला भीत्र इटावल भन्याको पाषो रोपनि पंद्र
१३) १५ समेतको मोहोर तावापत्र गरिवक्स्यौ. हाम्रा संतान प्रजंतको सुभ
१४) चिंतन गरि. आफ्ना संतान प्रजंत कुसविर्ता जानि भोग्य गर. यो विर्ता
१५) वक्सदा संकल्प वाक्य पढन्या पुरोहित दैवग्य केसरी. पानि हाल
१६) न्या काजि दामोदर पाडे सधियार हरिवंस वोहोरा. सिंह्या षत्री नारा
१७) यण पाध्या षनाल. वाका षत्रि. टुइष्वालको षटन. काठमाडौका
१८) डुगल. चार किला भंदा अर्घ्यालो व्राह्मणले नचापनू. विना तक
१९) सिर श्री राजाले हरन नगर्नु. यो वंघेजमा जो रहैन· सो यस् इलोक
२०) मा भन्याको पातकि होला. स्वदत्तां परदत्तां वा यो हरेच्च वसुंधराम



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२१) षष्टिर्वर्स सहस्राणि विष्टायां जायते क्रिमि. इति सम्वत् १८५६ सा
२२) ल मिति मार्गसिर सुदि १ रोज ४ मुकाम कांतिपूर राजधाने शुभ्म– – –

**विषयः– विभिन्न ठाउँको खेत र काशिराम टारको डिटिल लगायत ८ घड्‌ेरी समेत विर्ता वितलपको मोहर तामापत्र गरिबक्सेको ।**

मितिः– १८५८।२।७५। खाम संख्याः– २१९

श्री दुर्गा सहाय १

१) स्वस्ति श्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली
२) विराजमान मानोन्नत श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराजे गीर्वाण यु
३) द्ध विक्रम साह वहादूर्सम्सेर्जङ्ग देवानां सदा समर विजयिनाम– – – – –
४) आगे. चिंतामणि उपाध्या दाहालके संवत १८५७ साल मिति फागुन श्र
५) दि १२ रोज ४ तिम्रो विर्ता षेत ३ मुरि चौतिस ३४ कासिरामटार–डिहि
६) लगापात समेत गांउ घड्यारि हाम्रा हजूरमा चऱ्हायौ. तेस्को साटो
७) झांगा झोलिका अम्वल मध्ये रामटार पषत मुरि २५ वाझो पखत् गरि
८) षेत ६ ६ मुरि साठि ६० डिहिल लगापात तस्को सांध पूर्व दाहालका
९) विर्ताको सांध् दाष्षिन दाहालका विर्ताको र. रैंकर डांडो लुहुकिल् सां
१०) ध्. पश्चिम ढांड षोलो भिउटारको कुलो ठाडो षोलसी डडो लुहु
११) किल सांलको रुष् सांध. उत्तर कौसिविको सांध औ गांउ घड्यारि तस
१२) को सांध पूर्व घोवि षोलो लुहुकिल् सांध्. दाष्षिन घोल्र्या डांडो सांध. प
१३) श्चिम वांझको रुष तिन् ३ सांध. उत्तर. भोल्र्यानिका पर्जाको पट् डां
१४) डो दाहालका विर्त्ताको सांध. दुइ पटक्को वांझो पषत् गरि जम्मा षे
१५) त ६ ६ मुरि साठि ६० एति सांधभित्र वांझो पषत् षेत डिहि गडयारि
१६) पाषो पषेरो वन् वनेलो विर्त्ता वितलप्को मोहोर तांवापत्र गरिवक्स्यौ
१७) तिम्रा सन्तान विर्त्ता वितलप पूजा जानि भोग्य गर. संधियार दैंव
१८) ज्ञ केसरि अर्ज्याल. श्री हर्षपंथ. भानु पाध्या षनाल. जगजित पांडे.
१९) हरिवंस वोहरा. वङ्सवीर राना. डुंगोल. किस्न्या. काल्या. घन वं



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२०) त. जगत्. सांध् किला वाहिक व्राह्मनले नचापनु. विना तक्सीर
२१) राजाले हरन् नगर्नु. एस वंदेजमा जो रहैन. एस्सिलोकमा भन्या
२२) को पातकि होला. स्वदत्तां परदत्तां वा यो हरेच्च वसुंधराम्. षष्ठि व
२३) र्ष सहस्राणि विष्ठायां जायते कृमिः १ इति सवत् १८५८ मिति
३४) ज्येष्ठ शुदि ७ रोज ५ मुकाम कांतिपुर राजधानी शुभम्------

**विषयः– शुद्ध शान्तिमा संकल्प भएको खेत मध्ये खेत १।५० घडेरी रोपनी १०।। कुश संकल्प गरि विर्ताको मोहर तामापत्र गरिवक्सेको ।**

मितिः– १८६४।४।१।२ खाम संख्याः– २२०

श्री दुर्गा सहाय १

श्री वुवाज्यू

१) स्वस्ति श्री गिरिराज चक्रचुडामणि नरनारायणेत्यादि विविध विरुदावलि विराजमान मानोन्नत श्रीम
२) न्महाराजाधिराज श्री श्री श्री महाराजे गीर्वाण युद्ध विक्रम साह वहादूर सम्सेर जङ देवानाम् सदा स
३) मर विजयीनाम्-----------
४) आगे. श्रीकांत पाध्याके सम्वत १८६३ साल मिति वदि ४ रोज ३ का दिन ... .. का सुद्ध शान्ति
५) मा संकल्प भयाका षेत मध्ये १।५० घडचारि रोपनि १०।। कुश डल्लो संकल्प गरि विर्त्ताको मो
६) होर तांवापत्र गरिवक्स्यौं. यस मध्ये घ्याल चोकको अम्वल. यक् ल्याडिहिटार. मध्ये पाषो
७) रोपनि ३५ का दरले. षेत १।५० को पाषो रोपनि ४९ तस्को सांध. पूर्व. घलांदिषो
८) लाको. डिल लुहुकिल. दषिन. रैकर. कांल्हो मुलवाटाको लुहुकिल. पश्चिमः रैक



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

९) र लुहुकिल उत्तर वाटो लुहुकिल. श्री रामच्या डांडा मध्ये षेतमा नपुग्याको
१०) रोपनि ३।।. घडचारि रोपनि १०।। समेत. तस्को सांध. पुर्व. पश्चिम. उत्तर. रैकर वा
११) रिको लुहुकिल. दषिन. जानुकिदन्त रेग्मिको विर्त्ता लुहुकिल. येति चार किला
१२) भित्रको जगा ज्मा रोपनि ६३ कुश विर्त्ता जानि सन्तान दर्शन्तान. पर्यंत सुष भो
१३) ग्य गर. यो विर्त्ता वक्सदा संकल्प वाक्य पन्ह्या प्रोहित यदुनाथ पंडित अर्ज्या
१४) ल. पानि हालन्या काजि भिमसेन थापा. संधियार. श्रीनिधि पंथ. वंसविर्राना.
१५) श्रीनाथ अर्ज्याल. भानुपाध्या षनाल. कासिराम पांडे. हरिवंस वोहोरा. कृष्णा
१६) नन्द पाध्या. रिमाल. डगोल. महंत सिं. अमृत सिं. महिन्द्र सिं अम्वलि विर भ
१७) ड कंडचाल थरि. विसं जैसि. शर्वानन्द अवार्जवाला जैसि हिरामनि. तिर्मि
१८) लसिना. चार किला भन्दा अर्घ्यालो विर्त्त वारले नचापनु विना त
१९) क्सिर सर्कारवाट नहर्नु. जो यस वन्देजमा रहोईन सो यस श्लोकमा भ
२०) न्याको पातकि होला. स्वदत्ताम्पर दत्ताम्वा यो हरेत वसुन्धराम. ष
२१) ष्टि बर्ष सहस्राणि विष्टायां जायते क्रिमि: इति सम्वत १८६४ साल मि
२२) ति श्रावण वदि १ रोज २ शुभम- - - - - - -

मार्फत वाहादुर भंडारी

**विषय:– अग्नी सपाडी हुँदाका शान्तिमा संकल्प गऱ्याको पाको रोपनी ३० कुश डल्लो संकल्प गरी विर्ता वितलप समेत मोहर तामा पत्र गरिवक्सी विभिन्न ठाउँको खेत विभिन्न ब्यानिसलाइ विर्ता वितलप गरिएको ।**

मिति:– १८६४।२।११।३ खाम संख्या:– २२१

श्री दुर्गा सहाय १

श्री पंडिराजज्यू गुरु रंगनाथ पंडितज्यु

१) स्वस्ति श्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यदि विविध विरुदावलि विराजमान मानोन्नत श्रीमन्महाराजाधि



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२) राज श्री श्री श्री महाराजे गीर्वाण युद्ध विक्रम साह वहादूर सम्सेर जङ्ग देवानाम सदा समर विजयीनाम्- - - - - - - - - -

३) आगे. रामेश्वर दंगालके सम्वत १८६३ साल मिति पौष वदि ३ रोज १ का दिन. सांषुका वारूदषानामा अग्नि

४) स्त्पादि हुदाका शान्तिमा संकल्प भयाको पाषो रोपनि तिस ३० कुश डल्लो संकल्प गरि वित्र्ता वितलपको मो

५) होर तावापत्र गरिवक्स्यौं. येस मध्ये साषुको अम्वल पालुवारि मध्ये. पाषो रोपनि वाईस् २२ तस्को सांध. पू

६) र्व. घनविर प्रधानको सुनाषेत र चांपाको रूष. षोल्सिको लुहुकिल. दषिन. देविसिं नेवारको सुना षेत र. सां

७) नु कुलाको लुहुकिल. पश्चिम. घनविर प्रधान. ठाकुर सिं नेवारको सूनाषेत र षोल्सिको लुहुकिल. उत्त

८) र. सानुवाटो रैंकर. आलि लुहुकिल. दफे रोपनि आठ ८ तस्को सांध. पूर्व. रैंकर लुहुकिल. दषिन. भा

९) जूराम नेवारको. सुनाषेत र रैंकर. आलिको लुहुकिल. पश्चिम. षांदको वाटो. रैंकर. लुहुकिल. उत्तर:

१०) भाजू घन नेवारको सूनाषेतको लुहुकिल कुलाको पानि भाई सरहमा लगाउनु. येति चार किला

११) भित्रको जग्गा रोपनि तिस ३० वित्र्ता वितलप जानि सन्तान दर्शन्तान पर्यंत सुष भोग्य गर. यो विर्ता व

१२) क्संदा संकल्प वाक्य पन्ह्यां प्रोहित. यदुनाथ पंडित अर्ज्याल. पानि हालन्या काजि वषतवार सिं थापा

१३) संधियार. हरिवंस वोहोरा. वंसविर्राना. कासिराम पांडे. श्री नाथ पंथ. श्री भक्त अर्ज्याल. भानु पाध्या षं

१४) नाल. भास्कर पाध्या. डगोल. घनवन्त. सिजू. जगत्. सांषुका अमालि······का द्वान्या. गणपति

१५) भट्ट. विचारिक कृष्णानन्द रेग्मि. घनविर. अन्तनारान प्रधान. छिभडेल. घन संकर. लन सिं. टुसा

१६) लका नाईक्या विष्णु सिं. सिं नरसिं. भिमसेन डंगोल. थरि. पुनै पाध्या. वैजनाथ पाध्या कुईक्याल भ



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१७) ला मानिस. चामु षत्रि. जगजित बुढाथोकि. प्रसाम गिरि. कृष्ण. लोकत्या मिझार. चार किला भन्दा

१८) अर्घ्यालो वित्त वारले नचाप्नु विना तक्सिर्सर्कारवाट नहर्नु. जो यस वन्देजमा रहोईन. सो यस श्लो

१९) कमा भन्याको पातकि होला. स्वदत्ताम् परदत्ताम्वा यो हरेत बसुन्धराम. षष्टि वर्ष सहस्राणि वि

२०) ष्टायां जायेति क्रिमिः इति सम्वत १८६४ साल मिति जेष्ठ सुदि ११ रोज ३ शुभम्– – –

**विषयः– चार किल्ला भित्रको पिपला स्वरो खेत मुरी सात विस आदह चोक अम्वल मध्ये समेत गरि पाखो खेत रोपनी १४ को मोटा ताम्रापत्र गरिवक्सेको ।**

मितिः– १८५६।१०।४।३ खाम संख्याः– २२२

श्री दुर्गासहायः

श्री ५ वुवाज्युः

१) स्वस्ति श्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि त्रिविध विरुदाबली विराजमा

२) न मानोन्नत श्रीमन्महाराजाधिराज श्री श्री श्री.महाराजे गीर्वाण युद्ध विक्रम साह व

३) हादूर सम्सेर्जङ्ग देवानाम्सदा समर विजयिनाम्– – – – – – – –

४) आगे. महानन्द पांडे पण्डित्के. संम्वत १८५५ साल आषाढ शुक्ल षष्टि मंगलवार.

५) का दिनमा डढुवाका लग मध्ये .. ... .. ले कुश पानि डल्लो संकल्प गरिवक्स

६) नु भयाका जगाको सांध. पूर्व कुलो. दक्षिण. आफना. पुराना बिर्ताको सांध. पश्चि

७) म रैकरको सांध. उत्तर. लुहुंकिज. रूपाषेति. अर्ज्यालका वित्ताको सांध. एति चा



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

८) र किला भित्र. पिपल्या सेरो. षेत: मुरि सातविस १४० श्री दहचोकका अम्वल मध्ये. पूर्ब

९) लुहुंकिल दक्षिण रैकर लहुंखिल. पश्चिम. उत्तर. सुवेडिका विर्ताको सांध. ए

१०) ति चार कीला भित्र पाषो रोपनि चौध १४ को मोहोर तावापत्र गरिवक्स्यौं. हाम्रा सं

११) तान पर्ज्यंतको शुभ चिंतना गरि. आफ्ना संतान पर्ज्यंत कुश विर्ता जानि भोग्य ग

१२) र. यो विर्त्ता वक्संदा. संकल्प वाक्य पढन्या पुरोहित् देविदास अर्ज्याल. पानि हाल

१३) न्या काजि किर्त्तिमान सिं वस्न्यात्. संवियार हरि जैसि अर्ज्याल. भानु पाध्या

१४) षनाल. जगजित् पाडे वाकापंथ षतृ. हरिवंश वोहरा. वंशवीर राना. काठमाडौं

१५) का डुंगल. कृष्ण. काल्या अंतराम. चार किला भन्दा अर्घ्यालो ब्राह्मणले नचापनु

१६) विनातक्सिर श्री राजाले हरन्नगर्नु यो वन्देजमा जो रहैन. सो एश्लोकमा भन्या

१७) को पातकी होला. स्वदत्तां परदत्तां वा यो हरेच्च वसुंधराम् ।। षष्टिर्वर्ष सहस्राणि

१८) विष्टायां जायते क्रिमिः ।। इति संवत् १८५६ साल मिति माघ वदि ४ रोज ३ मोकाम

१९) कांतिपूर राजधानि शुभम्– – –

**विषयः– कलिउन थलिको पाखो रोपनी ५ को घडेरी समेत मोहर तामापत्र गरिदिएको ।**

मितिः– १८५६।१०।४।३ खाम संख्याः– २२३

श्री दुर्गासहायः

१) स्वस्ति श्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली

२) विराजमान मानोन्नत श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराजे गीर्वाण युद्ध

३) विक्रम साह वहादूर सम्सेजंङ्ग देवानाम् सदा समर विजयिनाम्– – – –



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

४) आगे. रमाकांत सेलुंवाल पंडितके. सम्वत् १८५५ साल आषाढ कृष्ण षष्टि
५) का दिन ······ ले कुश पानि संकल्प गरिवक्सनु भयाका जगाको सां
६) ध. ठिमिका अम्वलमध्ये. पूर्व. चन्द्रमनि वरालको वांधा षेत वग्याको व
७) गरको सांध. दक्षिण. पश्चिम. रैंकर लुहुकील, उत्तर कुलाको सांध एति
८) चार किला भित्र. पमुढल षेत रोपनि तेऱ्ह १३ औ, पूर्व रैंकर. दक्षिण पाट
९) नका प्रतापसिंका सुनाषेतको सांध. पश्चिम चन्द्रमनि वरालका वांधा
१०) को सांध. उत्तर भाडगाउ ज्यान्या मूलवाटो लुहुकील. एति सांध भित्र म
११) नोहरा षेत रोपनि वाऱ्ह १२ जम्मा षेत रोपनि पाचिस २५ औ. पूर्व रैंकर
१२) दक्षिण. पश्चिम. वाटाको लुहुकील उत्तर रैंकर लुहुकील. एति चार सांध
१३) भित्र जयनरसिंका छाप मध्ये. कलिउन थलि पाषो रोपनि पांच ५ को घ
१४) डेरि समेत. मोहोर. तावापत्र गरिवक्स्यौ. हाम्रा संतान पर्ज्यंतको शुभ
१५) चिंतना गरि. आफ्ना संतान पर्ज्यंत कुश विर्त्ता जानि भोग्य गर. यो विर्ता वक
१६) सदा. संकल्प वाक्य पढन्या. पुरोहित देविदास. अर्ज्याल. पानि हालन्या
१७) नीज संघियार. स्यामलाल पांडे. वाकापंथ. हरि जोसि अर्ज्याल. भानु
१८) पाध्या षनाल. वंसविर राना. हरिबंश वोहरा. काठमाडौंका डुगल. घन
१९) वंत. षटन् कृष्ण. चारकिला भंदा अघ्याॅलो. व्राह्मणले नचाप्नु. विना तक्
२०) सीर श्री राजाले हरन नगर्नु. यो वन्धेजमा जो रहैन. सो एश्लोकमा भन्या
२१) को पातकी होला ।। स्वदत्तां परदत्तां वा. यो हरेच्च वसुन्धराम् ।। षष्टि वर्ष स
२२) हस्राणि विष्टायां जायते कृमिः ।। इति सम्वत १८५६ साल मिति माघ
२३) वदि ४ रोज ३ मुकाम कांतिपूर राजधानिः ।। शुभम्---

**विषयः– ठिमीका तर्खागालको खेत घडेरी समेत कुशपानी विर्ता संकल्प गरिवक्सेको ।**

मितिः:- १८५८।२।२६ | खाम संख्याः- २२४

श्री दुर्गा सहाय् १

श्री वुवाज्यु

१) स्वस्ति श्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदाव



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२) लि विराजमान मानोन्नत श्रीमन्महाराजाधिराज श्री श्री श्री महारा
३) जे गीर्वाण युद्ध विक्रम साह वहादूर सम्सेरजङ्ग देवानाम् सदा समर विजयि
४) नाम्--------
५) आगे. सीताराम पंडित नेपालके· अट्ठारसय पञ्चपन्न साल १८५५
६) आषाढ शुक्ल षष्टी मंगलवारका दिनमा ठिमीका लगा मध्ये
७) तर्षागालमा पूर्व वाटो. दक्षिण दोवाटो मोहान. पश्चिम डोल
८) उत्तर. आली लोहकील सो सांध. औ पूर्व घनंजय पाध्याका
९) विर्त्ताको साध. दक्षिण. रैकर लुहुकील. पश्चिम कुलो. प्रजाका
१०) सुनाविर्त्ताको साध. उत्तर भादगाउल्या नेवारका सुनाविर्त्ता
११) को सांध. औ. पूर्व नेवापान्याका विर्त्ताको सांध दक्षिण डो
१२) लको साध. उत्तर वाटो. एति कीला भित्र. विसंजोल षेत रोप
१३) नि २५ औ पूर्व रैकर. दक्षिण जैनसिको सांध. पश्चिम वांटा
१४) को सांध. उत्तर तुलाराम पाध्याको सांध. एति भित्र तर्षागा
१५) ल रोपनि ५ को घडयारी समेत ·· ·· ले कुशपानि
१६) डल्लो वृत्ता संकल्प गरीवक्स्याको मोहर तांवापत्र गरिवक्स्यौं
१७) हाम्रो शुभचिन्तन गरि कुशवृत्ता जानि भोग्य गर. यो वृत्ता
१८) वक्सदा संकल्प वाक्य पन्ह्यां पुरोहित देवीदास अर्ज्याल पा
१९) नि हालन्या काजी कीर्त्तिमान् सिंह. संधियार. हरि जैसि
२०) अर्ज्याल. भानु पाध्या षनाल. स्यामलाल पाडे वाका पंथ ष
२१) त्री. हरिवंश वोहरा. वंसवीर राना. डुगल. काल्या. किस्न्या
२२) जगत. हेमंतसिं. एति चार किला भित्र अर्घ्यालो व्राह्मण
२३) ले नचापनु. विनातकसीर श्री राजाले हरण नगर्नु. एस वंधे
२४) जमा जो रहैन सो. एस श्लोकमा भन्याको पातकी होला. स्वद
२५) त्तां परदत्तां वा यो हरेत वसुन्धराम ।। षष्टि वर्ष सहस्राणि विष्ठा
२६) यां जायते कृमिः ।। संवत् १८५८ साल अधिक ज्येष्ट वदि २ रो
२७) ज ६ मुकाम कांतिपूर राजधानी शुभम्---



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

**विषयः– दस्तुरको मोल कटाई जस्ताको तस्तै गरिएको ।**

मितिः– १८९४।८।१९।५ खाम संख्याः– २२५

श्री दुर्गाज्यू

श्री गुरु पण्डितराज श्री रंगनाथ पंण्डितज्यु

१) स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रूक्का– – – – – – – –

२) आगे महाकाली पूर्व मेचीय पश्चिमभर पाहाड जगा जगाका ईजारादार तह-सील्दार

३) रकमी अमाली द्वाऱ्या थरी मिझार गौरूं भला मानीस गैंह्र प्रति परापुर्वदेषि तिह्मे

४) रूले मुषत्यार भारादारहरूलाई नजर नजराना दै दस्तुर. सर्सलामी नगद जि

५) नीस् जो दी आयाको छ सोहि वमोजीम् कत्ती नघटाई जस्ताको तस्तो अव प्रांत

६) ·· ··· ···मार्फत. दाषील गर्न्या गर. जसले ढाटि दवाई अधिका मुषत्या

७) र भारादारलाई दीया वमोजीम् सर्सलामी नजर नजराना दैंदस्तुर दाषील ग

८) रौन सो अप्सरिया होला इति सम्वत १८९४ साल मिति मार्ग सुदी १० रो

९) ज ५ शुभ्मं– – – –



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

# चिकित्साचिन्तामणिमालाको संक्षिप्त विवेचन तथा अन्य आयुर्वेद ग्रन्थहरूको विवरण

—डा. काशीराज शर्मा सुवेदी

राष्ट्रिय अभिलेखालय, नेपालमा नेपालको प्राचीन संस्कृति र इतिहासको महत्त्वपूर्ण स्रोतको रूपमा विभिन्न किसिमका अभिलेखहरूको संरक्षणको व्यवस्था गरिएको छ। त्यहाँ सुरक्षित अभिलेखहरूको पंक्तिमा आयुर्वेदसम्बन्धी हस्तलिखित ग्रन्थहरू पनि प्रशस्त मात्रामा छन्।

आयुर्वेदका लघु ग्रन्थहरूको अनुसन्धानको क्रममा एक चिकित्सा चिन्तामणि-माला भन्ने ग्रन्थ राष्ट्रिय अभिलेखालयको आयुर्वेद विषयसंख्या १०० र लगत संख्या प्र. ३५६ अन्तर्गत उपलब्ध छ। त्यसको माइक्रोफिल्म रीलसंख्या A २१०।० ९ छ। संक्षेपमा आयुर्वेदको परिचय दिने उद्देश्यले लेखिएको यस ग्रन्थबारे केही विवरण यहाँ प्रस्तुत गरिंदैछ।

यो ग्रन्थ पुस्तकालयमा विक्रम सं. १९७० मा दर्ता भएको छ र त्यसमा श्री ३ चन्द्र सम्सेरको छाप लागेको छ। यसको आकार २२½×९½ से. मी. छ। यसमा पत्रहरूको संख्या १० छ। यो नेवारी लिपिमा लेखिएको छ। यसको आरम्भमा— "श्री गणेशाय नमः। प्रणम्य हेतु सर्वेषामीश्वरं . मव्ययम्। चिकित्साचिन्तामणिभिः क्रियते मालिका पुरा।।" भन्ने पद्य छ। ग्रन्थको स्वरूप गद्य-पद्य दुवैको मिश्रणले बनेको छ। मूल विषयवस्तु पद्यात्मक छ र ठाउँ-ठाउँमा पद्यको व्याख्या गद्यमा गरिएको छ। यसमा चरकसंहिताको निकै प्रभाव परेको छ। प्रारम्भिक पद्यावलीको वर्णन अनुसार लेखक माधव शर्मा भन्ने व्यक्ति सिद्ध हुन्छन्।[1]

यसको प्रारम्भिक प्रस्तावनामा अनेक ग्रन्थ हेर्न असमर्थ हुने व्यक्तिहरूको लागि यसको रचना गरिएको उल्लेख छ।[2] त्यसपछि चरकसंहिताकै श्लोकहरू आयुर्वेदको पृथिवीमा अवतरणको वर्णनका लागि सारिएको छ। त्यो कथा यस प्रकार छ—



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्राचीन समयमा पृथिवीमा रोगहरूको प्रकोप बढ्दै गएपछि ऋषिमुनिहरू एक ठाउँ भेला भई विचार गरे। धर्म, अर्थ, काम र मोक्षको आधार स्वस्थ जीवन हो। रोगहरू बढ्दै जाँदा स्वास्थ्य, जीवन र जीवनको कल्याण सबै हराउँछन्। अतः रोगहरू जीवनका विघ्नवाधाहरू हुन्। यी विघ्नहरू अहिले बढ्दै गएका छन्। यी रोगहरूको निवारण गर्ने उपाय के होला। त्यहाँ छलफल हुँदा समस्याको समाधान देवराज इन्द्रबाट हुने विचार आयो। अब इन्द्रकहाँ को जाने भन्ने प्रश्न उठ्यो। त्यस वेला भरद्वाज ऋषिले म इन्द्रकहाँ जान पाऊँ भनी प्रस्ताव राख्नुभयो र ऋषिहरूको सहमतिबाट स्वर्गमा इन्द्रलाई भेट्न जानुभयो। इन्द्रले संक्षेपमा आयुर्वेदको वर्णन गर्नुभयो। इन्द्रबाट आयुर्वेदको शिक्षा पाई भरद्वाज ऋषि पृथ्वीमा आउनुभयो र वहाँले पुनर्वसु आत्रेय आदि ऋषिहरूलाई आयुर्वेदको शिक्षा दिनुभयो। पुनर्वसु आत्रेयले आफ्ना छ शिष्यहरूलाई त्यसको शिक्षा दिनुभयो। यी शिष्यहरूको नाम अग्निवेश, भेल, जतूकर्ण, पराशर, हारीत र क्षारपाणि थियो। ती शिष्यहरूले आफूले पढेको-जानेको विषयलाई लेखी ग्रन्थको रूप दिए र आफ्ना गुरु आत्रेयलाई देखाए। तिनीहरूको त्यो प्रयास देखि गुरु प्रसन्न हुनुभयो, अरू ऋषिहरू पनि प्रसन्न भए। त्यसपछि ती ग्रन्थहरू सबै मानिसहरूका निम्ति उपयोगी बनीरहे।

यसमा आयुर्वेदको परिभाषा नयाँ किसिमले दिएको छ। त्यसमा चरकसंहिताको भाव पनि आएको छ र कुरा पनि बुझ्न सजिलो भएको छ। यस ग्रन्थ अनुसार– जुन शास्त्रमा हित र अहित आयु, रोगको कारण र उपचारको उपाय पाइन्छ त्यसलाई आयुर्वेद भनिन्छ।[३]

त्यसपछि– सामान्य, विशेष आदि पदार्थको परिभाषा र भेदहरूको वर्णन छ। सामान्य र विशेषको परिभाषा चरक संहिताकै उतार छ। द्रव्य र गुणका भेदहरूको वर्णन गर्दा तर्कसंग्रहको शैली अपनाइएको छ। तर गुणहरूको नाममा फरक छ। तर्कसंग्रह र यस ग्रन्थमा विद्यमान अन्तर यस प्रकार छ– तर्कसंग्रहमा लघुत्वको उल्लेख छैन, यस ग्रन्थमा त्यसको उल्लेख छ।[४] गुणहरूको संख्या २४ दुवैमा बरावर छ। कर्मका भेदहरू पनि तर्कसंग्रहमा भने जस्तै छन्। समवाय, द्रव्य, गुण र कर्मको परिभाषा चरक संहिता अनुसार छ।[५]

यसमा आयुर्वेदमा वर्णन गरिने रोगहरू र रोगहरूको उपचारका लागि प्रयोग गरिने उपचार विधिहरूको नामावली उल्लिखित छ।[६] यसरी यसको पहिलो अध्याय पूरा भएको छ जसलाई संग्रहाध्याय भनिएको छ।

दोस्रो अध्यायको प्रारम्भ रोगको निदानसम्बन्धी विषयबाट भएको छ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सम्बन्धित महत्त्वपूर्ण श्लोकहरूको संकलन चरकसंहिताबाट गरिएको छ। त्यस अन्तर्गत रोगको उपचार गर्नुभन्दा पहिले रोगको पहिचान गर्नुपर्छ, त्यसपछि सही औषधि र उपचार गर्नुपर्छ, अनिमात्र रोगको चिकित्सा गर्नुपर्छ भन्ने निर्देश छ। रोगको सही पहिचान नभएको खण्डमा औषधि र उपचारसम्बन्धी पर्याप्त ज्ञान र सीप भएपनि चिकित्सा सफल हुनमा सन्देह नै हुन्छ। चिकित्सामा सफलताका लागि रोगविज्ञान, औषधिविज्ञानका साथै ठाउँ र समय अनुसार त्यसको प्रयोग गर्नसक्ने खुबी पनि चाहिन्छ।[७]

यसै प्रसङ्गमा देशका भेदको वर्णन गर्दा प्रस्तुत ग्रन्थमा नयाँ मोड लिएको देखिन्छ। यसमा शास्त्रोक्त आङ्गल, आनूप र साधारण भन्ने देशको एक भेदका साथै आर्को भेदको रूपमा गौड, कर्नाटक, भोट आदिको वर्णन गरिएको छ।[८] यसलाई उपयुक्त तर्क केही दिइएको छैन। तर यहाँ भोट र महाचीन देशको उल्लेखले विशेष महत्त्व राख्छ। कालका भेदहरू र शरीरका स्वरूपगत भेद पनि निर्दिष्ट छिन्।[९]

रोगहरू अनगिन्ती हुन सक्छन्, तिनीहरूलाई सम्पूर्ण रूपमा जान्न गाह्रो छ, अनि उपचार कसरी गर्ने ? भन्ने प्रश्नको उत्तर पनि दिइएको छ। त्यस अनुसार– कुनै पनि रोग दोषहरूको प्रकोप नभै उत्पन्न हुँदैन। त्यसकारण कुनै रोगको नाम थाहा नभए पनि दोषहरूका लक्षणहरू हेरी रोगको उपचार (त्यस अवस्थामा) गर्नुपर्छ।[१०]

यसपछि ज्वरको उत्पत्ति, कारण र लक्षण आदि विषयहरूको वर्णन गरिएको छ। ज्वरको उत्पत्तिको वर्णनका लागि चरकसंहितामा वर्णित कथाको अनुसरण गरिएको छ। जसको निस्कर्षमा शिवको क्रोधबाट ज्वरको उत्पत्ति भएको छ।

ज्वरको कारणको वर्णन गर्दा मिथ्याहारको व्याख्या पनि राम्रोसित गर्ने प्रयास देखिन्छ।[११] ज्वरको समाप्तिको व्याख्यामा पनि आमाशयको स्थान, आमाशयमा दोषको सम्बन्ध, रसधातुको विकृति आदि विषयको निरूपण सक्षिप्त भैकन राम्रो छ।[१२]

ज्वरको सामान्य लक्षणको रूपमा पसीना नआउनु, सन्ताप हुनु, सबै जिउ भारी हुनु, दुख्नु यी समस्याहरूको उल्लेख भएकोमा सन्ताप शब्दले शरीरमा तापक्रम बढी हुनु, इन्द्रियहरूमा (आँखा आदि) रसिलोपना, असुविधा, काममा गडबडी मनमा वेचैनी आदि लक्षणको संकेत हो भन्ने कुरा चरकसंहिताको सन्दर्भबाट प्रमाणित गरिएको छ।[१३]



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यसरी क्रमबद्ध विषयहरूको वर्णन गर्दै गएको यो ग्रन्थ दशौं पत्र अर्थात् १९ औं पृष्ठमा गएर "वातमूत्रपुरीषाणां विसर्गो" यति मात्र लेखेपछि पृष्ठको आधा भागमै टुङ्गिएको छ। यसले ग्रन्थ अपूर्ण भन्ने संकेत गर्दछ।

विषयवस्तुको सारपूर्ण संकलन, व्याख्या आदिले महत्त्वपूर्ण भैकन पनि ग्रन्थको अपूर्णता, लिपिकर्ताको दोष आदिले यो ग्रन्थ केही त्रुटिपूर्ण देखिन आएको छ। यसको अवशिष्ट अंशको अन्य कुनै ठाउँबाट परिपूर्ति भएमा यो महत्त्वपूर्ण ग्रन्थ हुनेछ।

## सन्दर्भ विवरण

१.–२. "नानातन्त्रविहीनानां वैद्यानां वर्णनानि च।
चिकित्साचिन्तामणिर्माला कृता माधवशर्मणा॥"

चिकित्साचिन्तामणि पत्र १

३. "आयुर्हिताहितं व्याधिर्निदानं शमनं तथा।
विद्यते यत्र श्रीमद्भिः स आयुर्वेदउच्यते॥" उही, पत्र सं. ३

४. (क) "रूपरसशब्दस्पर्शसंख्यापरिमाण – पृथक्त्व–संयोग–विभाग–परत्वा-परत्व–गुरुत्व–द्रवत्व–स्नेह– शब्द– बुद्धि– सुख– दुखेच्छा– प्रयत्न–धर्माधर्मसंस्काराश्चतुर्विंशतिगुणाः। –तर्कसंग्रह।

(ख) रूप–रस–गन्ध–स्पर्श–संख्या– परिमाण– पृथक्त्व– संयोग– परत्वा-परत्व–बुद्धिसुख–दुःखेच्छा– द्वेष– प्रयत्न– गुरुत्व– लघुत्व–संयोग–स्नेह–संस्कारदृष्ट त्वाच्चतुर्विंशतिगुणाः।"

चि. चिन्तामणिमाला, पत्र सं. ३

५. "समवायोऽपृथग्भावो भूम्यादीनां गुणैर्मतः।" उही, पत्र सं. ३

६. "ज्वरो ज्वरातिसारश्चतिसारो ग्रहणीरुजा।
संग्रहण्यग्निमान्द्यञ्च जीर्णाजीर्णादिरुक् क्रिमिः।
पाण्डुकामरकुष्ठादिरक्तपित्तादियक्ष्मराट्।
सोरक्षतः कासहिक्काश्वासवाग्भेदवारुचिः॥" उही, पत्र सं. ४

स्नेहस्वेदौ वमिः स्रंसः सानुवास्यनिरुहकः।
नस्यं मधुश्च कलना गण्डूषाश्च्योतनादयः॥ उही, पत्र सं. ४



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

७. रोगमादौ परीक्षेत ततोऽनन्तरमौषधम् ।
ततः कर्म भिषक् पश्चात् ज्ञानपूर्वं समाचरेत् ।।
यस्तु रोगमविज्ञाय कर्माण्यारभते भिषक् :
अप्यौषधविधानज्ञस्तस्य सिद्धिर्यदृच्छया ।।
यस्तु रोगविशेषज्ञः सर्वभैषज्यकोविदः ।
देशकालप्रमाणज्ञस्तस्य सिद्धिर्न संशयः ।।" उही, पत्र सं. ५

८. देशोऽत्र विविधः । जाङ्गलानूपसाधारणत्वेनैकः । गौडकर्नाटक भोट-महाचीन सिंहलादिकं चैव इति द्विविधः । उही, पत्र सं. ५

९. "पूर्वाह्णमध्याह्नादिभेदेन शिशिरवसन्तादिभेदेन च ।"
"उत्तमाधममध्यमकार्यं च" उही, पत्र सं. ५

१०, ननु रोगस्यानन्त्यात् तस्य कथं ज्ञानमित्याह–नास्ति रोगो विना दोषैर्यस्मात् स्तमाच्चिकित्सकः । अनुक्तमपि दोषाणां लिङ्गैर्व्याधि-मुपाचरेत् । उही, पत्र, सं. ५

११. "आहारस्य मिथ्यात्वं प्रकृत्यादीनामाहारोपयोगहेतूनां विरुद्धत्वेनो-पयोगः ।"
"विहारस्य मिथ्यात्वमयथावलमारम्भादि ।" उही, पत्र सं. ६

१२. "आमाशयाश्रया इत्यनेनामाशयप्राप्तिव्यतिरेकेण दोषा ज्वरं नार-भन्ते इति प्रतिपादकः । नाभिस्तनान्तरं जन्तोरामाशय इति ।"
उही, पत्र सं. ६

"कोष्ठाग्निमिति धात्वाद्यग्निनिरासामर्थम् । ज्वरदाः ज्वरकारिणः । रसेऽनुगा इति रससम्बन्धा अवश्यं रसं सन्दूषयित्वा ज्वरोत्पादका इति । उही, पत्र सं. ७

१३. "तापकर्तव्यसन्तापग्रहणाद् देहेन्द्रियमनसां तापं लक्षयति । उक्त हि चरके–देहेन्द्रियमनस्तापीति ।" उही, पत्र सं. ७



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राष्ट्रिय अभिलेखालयमा रहेका हस्तलिखित आयुर्वेद सम्बन्धी ग्रन्थहरूको अकारादि सूचीपत्र –

| क्र. सं. | ग्रन्थनाम | पत्र संख्या | लिपि | रील नं. |
|---|---|---|---|---|
| १. | अजीर्णमञ्जरी | १० | देवनागरी | A 222/10 |
| २. | " | ९ | " | A 210/26 |
| ३. | " | १२ | " | A 212/14 |
| ४. | " | ३ | " | A 213/14 |
| ५. | " | १० | " | A 213/11 |
| ६. | अञ्जन निदान | ११ | " | A 225/07 |
| ७. | अनुपानमञ्जरी | ८ | " | A 213/15 |
| ८. | अपामार्जनस्तोत्र | ७ | " | A 210/17 |
| ९. | अश्ववैद्यक शास्त्र | ६४ | " | B 171/08 |
| १०. | अष्टाङ्गहृदय संहिता | ८८४ | " | A 217/03 |
| ११. | " | १४ | " | B 164/04 |
| १२. | " | ९ | " | A 213/19 |
| १३. | अलङ्कार दर्पण | १०४ | नेवारी | B 164/05 |
| १४. | " | १७९ | देवनागरी | B 164/25 |
| १५. | आनन्दमाला | ७६ | – | A 212/21 |
| १६. | आयुर्वेद | ९ | – | A 212/06 |
| १७. | " | ११ | – | A 487/02 |
| १८. | " | ३० | देवनागरी | A 13/03 |
| १९. | " | ७ | नेवारी | A 213/12 |
| २०. | " | ७७ | देवनागरी | A 211/16 |
| २१. | आयुर्वेद प्रकाश | ४२ | " | A 212/13 |
| २२. | " | १२ | " | B 169/10 |
| २३. | " | १८ | " | A 213/13 |
| २४. | " | ६४ | " | B 162/06 |
| २५. | " | ३० | " | A 217/04 |
| २६. | आयुर्वेदमहोदधि | २८ | " | A 210/23 |



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

| क्र. सं. | ग्रन्थनाम | पत्र संख्या | लिपि | रील नं. |
|---|---|---|---|---|
| २७. | आयुर्वेदमहोदधि | २८ | देवनागरी | A 210/23 |
| २८. | आर्यमूलकोष | २१ | – | B 029/12 |
| २९. | उपवनविनोद | ३४ | देवनागरी | A 212/15 |
| ३०. | औषधनिर्माण विधि | ९६ | " | B 163/04 |
| ३१. | औषध प्रक्रया | ३८ | नेबारी | B 161/07 |
| ३२. | औषध प्रयोग | ५ | – | B 030/22 |
| ३३. | औषध संग्रह | १३ | देवनागरी | A 213/16 |
| ३४. | " | ३२ | " | A 212/18 |
| ३५. | " | २२ | " | A 213/18 |
| ३६. | औषधादितन्त्र | १० | " | B 166/10 |
| ३७. | कक्षपुट | ७१ | नेवारी | A 210/13 |
| ३८. | " | ८४ | देवनागरी | A 210/11 |
| ३९. | " | ११८ | " | B 160/07 |
| ४०. | " | १०० | " | B 166/21 |
| ४१. | " | १५ | " | A 222/11 |
| ४२. | " | ५८ | नेवारी | B 161/09 |
| ४३. | " | ११० | – | A 221/06 |
| ४४. | " | ४८ | देवनागरी | A 221/08 |
| ४५. | " | १२८ | नेवारी | B 167/06 |
| ४६. | " | २८ | देबनागरी | A 225/12 |
| ४७. | " | ५५ | नेवारी | A 286/11 |
| ४८. | " | ५५ | " | A 220/16 |
| ४९. | " | ६ | देवनागरी | B 163/06 |
| ५०. | " | ५९ | नेवारी | A 211/14 |
| ५१. | " | १५६ | " | A 223/05 |
| ५२. | " | ४८ | " | B 166/19 |
| ५३. | " | ७४ | देवनागरी | A 211/15 |
| ५४. | कल्पना चतुष्क | २२ | " | A 222/07 |



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

| क्र. सं. | ग्रन्थनाम | पत्र संख्या | लिपि | रील नं. |
|---|---|---|---|---|
| ५५. | कल्पलता | २० | देवनागरी | A 212/05 |
| ५६. | कल्पवल्ली | २७ | नेवारी | B 169/11 |
| ५७. | " | २५ | देवनागरी | A 225/05 |
| ५८. | काकचण्डेश्वरी मत | ५७ | नेवारी | B 170/04 |
| ५९. | " | ५७ | देवनागरी | A 211/08 |
| ६०. | " | ५० | " | B 163/03 |
| ६१. | " | २३ | नेवारी | A 214/07 |
| ६२. | " | ३२ | देवनागरी | A 211/19 |
| ६३. | काशीनाथ पद्धति | १४४ | " | A 212/07 |
| ६४. | काश्यप संहिता | १३५ | ......... | A 046/09 |
| ६५. | " | ...... | ......... | A 212/19 |
| ६६. | " | ९० | देवनागरी | B 164/13 |
| ६७. | कोकमञ्जरी | ९३ | " | A 212/93 |
| ६८. | कौतुक चिन्तामणि | १४ | " | B 166/08 |
| ६९. | " " | १११ | " | B 168/04 |
| ७०. | " " | ६४ | " | B 016/01 |
| ७१. | " " | ७६ | नेवारी | A 224/05 |
| ७२. | " " | ७० | देवनागरी | A 212/17 |
| ७३. | क्षेम कुतूहल | ७२ | नेवारी | A 211/23 |
| ७४. | " | ७१ | देवनागरी | B 160/71 |
| ७५. | " | ५७ | " | B 170/05 |
| ७६. | " | १४३ | " | A 211/12 |
| ७७. | गदामृत | ६९ | नेवारी | B 167/07 |
| ७८. | गरुड संहिता सार संग्रह | २५ | देवनागरी | A 212/12 |
| ७९. | " " " " | ६४ | ......... | A 044/08 |
| ८०. | गार्हस्थ्य वैद्यक | २५ | देवनागरी | A 211/21 |
| ८१. | गोरक्ष संहिता | ११८ | ......... | A 213/21 |
| ८२. | चक्रदत्त संग्रह | २९८ | ......... | B 029/05 |



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

| क्र. सं. | ग्रन्थनाम | पत्र संख्या | लिपि | रील नं. |
|---|---|---|---|---|
| ८३. | चक्रदत्त संग्रह | १७७ | ........ | A 045/13 |
| ८४. | चक्रदत्त संहिता | २६८ | ........ | B 030/13 |
| ८५. | चमत्कार चिन्तामणि | १५ | देवनागरी | A 213/20 |
| ८६. | चरक संहिता | १८४ | ........ | A 046/06 |
| ८७. | ,, | १३३ | देवनागरी | A 213/02 |
| ८८. | ,, | २७ | ........ | A 213/10 |
| ८९. | चिकित्सा खण्ड | ३१ | नेवारी | A 210/25 |
| ९०. | ,, ,, | १४ | ........ | A 441/14 |
| ९१. | ,, ,, | १८२ | मैथिली | B 173/17 |
| ९२. | ,, ,, | १८२ | ........ | A 046/?? |
| ९३. | ,, ,, | २४ | ........ | B 029/?? |
| ९४. | ,, ,, | २० | ...... .. | B 029/15 |
| ९५. | ,, ,, | ४५ | नेवारी | A 211/04 |
| ९६. | चिकित्सा कलिका | ४९ | ,, | B 166/14 |
| ९७. | चिकित्सा चिन्तामणि माला | १० | ,, | A 210/09 |
| ९८. | चिकित्सामृत | १३३ | देवनागरी | A 210/02 |
| ९९. | ,, | ५७ | ,, | B 161/04 |
| १००. | ,, | ८३ | ,, | A 212/97 |
| १०१. | चिकित्सासार संग्रह | १४० | ,, | A 290/02 |
| १०२. | चिकित्सा वैद्याङ्ग | २६ | नेवारी | B 166/18 |
| १०३. | चिकित्सा ग्रह | ३० | देवनागरी | A 216/04 |
| १०४. | चिकित्सा | १६० | नेवारी | B 170/09 |
| १०५. | चिकित्सासार | १०० | ... ..... | B 163/07 |
| १०६. | ,, ,, | ३९ | देवनागरी | A 213/02 |
| १०७. | चिकित्सा सार संग्रह | १९३ | ,, | A 224/04 |
| १०८. | ,, ,, ,, | ५३९ | ,, | A 220/21 |
| १०९. | ,, ,, ,, | २३४ | ,, | B 170/02 |
| ११०. | ,, ,, ,, | ६५ | ,, | A 218/04 |



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

| क्र. सं. | ग्रन्थनाम | पत्र संख्या | लिपि | रील नं. |
|---|---|---|---|---|
| १११. | ज्योतिष्मती रसायन | ६ | देवनागरी | B 169/04 |
| ११२. | ज्वरचिकित्सा | १८ | ...... | B 029/21 |
| ११३. | ज्वर तर्पण | १६ | नेबारी | A 213/07 |
| ११४. | ज्वरतिमिरभास्कर | ७५ | ” | A 222/03 |
| ११५. | ” ” | ५० | देवनागरी | A 225/13 |
| ११६. | ज्योतिष रत्नमाला | १५८ | नेवारी | A 224/07 |
| ११७. | ज्वर निर्णय | १५ | देवनागरी | A 212/04 |
| ११८. | ” ” | २० | ” | B 169/13 |
| ११९. | ज्वर निर्णय विवरण | ३०८ | ” | A 211/09 |
| १२०. | ज्वर समुच्चय | २३ | ...... | A 046/03 |
| १२१. | ” ” | २३ | ...... | A 044/09 |
| १२२. | ” ” | ३२ | देवनागरी | B 172/18 |
| १२३. | ज्वरानुसन्धान | ... | ” | A 228/01 |
| १२४. | टोडरानन्दवैद्यक | १९२ | ” | B 160/02 |
| १२५. | ” | १८३ | नेवारी | A 221/10 |
| १२६. | ” | ३०६ | देवनागरी | A 213/23 |
| १२७. | तन्त्रशास्त्र | ११२ | नेवारी | B 163/14 |
| १२८. | ताम्बूल कल्प | ५ | देवनागरी | A 225/16 |
| १२९. | ताम्बूल साधना विधि | ४ | नेवारी | A 221/11 |
| १३०. | तैलनिर्माण विधि | ४ | ” | B 166/17 |
| १३१. | त्रिदश यामल | १२ | देवनागरी | B 164/13 |
| १३२. | त्रिशती | ३६ | ...... | B 164/14 |
| १३३. | ” | ११ | देवनागरी | B 164/09 |
| १३४. | दश कल्प | २९ | ” | B 162/07 |
| १३५. | दिव्यौषधिनाममाला | १७ | ” | B 030/?? |
| १३६. | ” ” | ६७ | ” | A 044/12 |
| १३७. | दिव्यगुण निरूपण | १० | ...... | B 030/1? |
| १३८. | दिव्यगुण शतक | ७ | देवनागरी | A 223/01 |



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

| क्र. सं. | ग्रन्थनाम | पत्र संख्या | लिपि | रील नं. |
|---|---|---|---|---|
| १३९. | दिव्यनिर्णय निघण्टु | ५९ | नेवारी | B 161/05 |
| १४०. | धनञ्जय निघण्टु | १३ | " | A 216/10 |
| १४१. | " " | २९ | " | A 213/09 |
| १४२. | " " | १५ | " | A 213/05 |
| १४३. | " " | २२ | ......... | B 030/?? |
| १४४. | धन्वन्तरि निघण्टु | १० | देवनागरी | A 214/25 |
| १४५. | नकुल चिकित्सित | २७ | " | A 347/04 |
| १४६. | नाडीजीवन | ३५ | " | B 183/05 |
| १४७. | नाडीपरीक्षा | २ | " | B 166/20 |
| १४८. | " | २३ | " | A 210/27 |
| १४९. | " | ५ | " | A 211/06 |
| १५०. | " | ७ | " | B 164/19 |
| १५१. | " | ३ | देवनागरी | A 211/07 |
| १५२. | " | ६ | " | B 164/02 |
| १५३. | " | ४ | " | B 164/03 |
| १५४. | " | १५ | " | B 164/01 |
| १५५. | नाडी लक्षण | २ | -- ...... | B 030/1? |
| १५६. | नानौषधकल्प | १३ | देवनागरी | B 164/23 |
| १५७. | निघण्टु | ६ | " | A 222/13 |
| १५८. | " | ८४ | नेवारी | B 169/15 |
| १५९. | " | २०० | " | A 223/07 |
| १६०. | " | १० | देवनागरी | B 166/04 |
| १६१. | निघण्टु दर्पण | ६९ | " | A 215/06 |
| १६२. | " " | ३२० | " | B 162/08 |
| १६३. | " " | २८२ | " | A 217/02 |
| १६४. | निघण्टु सार | ६० | " | A 215/01 |
| १६५. | निदान | ३७ | ......... | B 030/11 |
| १६६. | नीलकण्ठधर वैद्यक | ८८ | नेवारी | B 160/08 |



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

| क्र. सं. | ग्रन्थनाम | पत्र संख्या | लिपि | रील नं. |
|---|---|---|---|---|
| १६७. | पथ्यापथ्यसंग्रह | २६ | देवनागरी | A 214/18 |
| १६८. | ,, ,, | २६ | ,, | A 216/07 |
| १६९. | ,, ,, | २४ | ,, | A 216/07 |
| १७०. | पथ्यापथ्य विनिश्चय | १७ | ...... | B 167/16 |
| १७१. | पथ्यापथ्य विबोधक | ११५ | ...... | B 162/03 |
| १७२. | पाकनिघण्टु | ८ | ...... | B 030/16 |
| १७३. | पाकविधि | ९ | नेवारी | A 044/10 |
| १७४. | ,, | १२ | ...... | B 164/10 |
| १७५. | ,, | १८ | देवनागरी | A 094/15 |
| १७६. | ,, | १० | ,, | A 214/05 |
| १७७. | पाक शास्त्र | ५३ | नेवारी | A 286/04 |
| १७८. | ,, | ५३ | ,, | A 220/20 |
| १७९. | पाकावली | ३३ | देवनागरी | B 169109 |
| १८०. | ,, | २१ | नेवारी | A 225/14 |
| १८१. | ,, | १७ | ,, | B 163/16 |
| १८२. | ,, | १८ | देवनागरी | A 214/26 |
| १८३. | पित्तश्लेष्मनिदान | ५ | नेवारी | A 225/21 |
| १८४. | पुरुषोत्तम दत्त वैद्यक | ३९ | ,, | B 160/09 |
| १८५. | ,, ,, ,, | ६ | ,, | A 225/09 |
| १८६. | पेयादि निर्माण विधि | ३ | देवनागरी | B 169/06 |
| १८७. | प्रस्ताव रत्नाकर | ३६ | ,, | A 218/01 |
| १८८. | ,, ,, | ३६ | ,, | A 347/05 |
| १८९. | भावप्रकाश | ४८६ | ,, | A 222/08 |
| १९०. | ,, | १६ | ...... | B 164/05 |
| १९१. | ,, | ६४० | नेवारी | B 167/03 |
| १९२. | ,, | १७८ | देवनागरी | A 221/11 |
| १९३. | ,, | १३६ | ,, | A 221/12 |
| १९४. | ,, | १३३ | ,, | B 165/14 |



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

| क्र. सं. | ग्रन्थनाम | पत्र संख्या | लिपि | रील नं. |
|---|---|---|---|---|
| १९५. | भावप्रकाश | १३६ | देवनागरी | A 347/08 |
| १९६. | भीमविनोद | १७७ | " | B 161/12 |
| १९७. | " | ३१३ | नेवारी | A 222/09 |
| १९८. | भीमसेन विनोद | २४ | देवनागरी | A 214/24 |
| १९९. | भेषजनाममाला | ६८ | ......... | B 029/09 |
| २००. | " | ७४ | नेवारी | A 221/02 |
| २०१. | " | ५५ | ......... | A 044/13 |
| २०२. | " | २० | ......... | A 044/16 |
| २०३. | " | ६६ | ......... | A 045/2? |
| २०४. | भेषजावलोक | २४ | देवनागरी | B 163/11 |
| २०५. | भेषज ज्ञान माला | ...... | ......... | ... ......... |
| २०६. | मदनपालनिघण्टु | १२६ | नेवारी | A 224/06 |
| २०७. | " | ७६ | देवनागरी | A 224/(2 |
| २०८. | " | ७१ | " | A 224/22 |
| २०९. | मदनविनोद | १२ | ......... | 221/10 |
| २१०. | " | १०३ | देवनागरी | B 162/04 |
| २११. | " | ७६ | नेवारी | B 165/04 |
| २१२. | " | १३५ | देवनागरी | B 165/05 |
| २१३. | मदनविनोद निघण्टु | ६ | ......... | B 030/10 |
| २१४. | " " | ५८ | नेवारी | B 166/22 |
| २१५. | " " | ७६ | देवनागरी | B 216/02 |
| २१६. | मधुकोष व्याख्या | २०८ | नेवारी | B 168/02 |
| २१७. | " " | १०३ | देवनागरी | A 215/09 |
| २१८. | " " | १५५ | .. ...... | B 030/14 |
| २१९. | मल्हम निर्माण विधि | ६ | देवनागरी | B 164/09 |
| २२०. | महाकालकक्षपुट | ९ | " | B 169/16 |
| २२१. | मागधकलिङ्ग परिमाण | २ | " | B 165/02 |
| २२२. | माधवनिदान | ६६ | मैथिली | B 166/06 |



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

| क्र. सं. | ग्रन्थनाम | पत्र संख्या | लिपि | रील नं. |
|---|---|---|---|---|
| २२३. | माधव निदान | ४९ | मैथिली | A 221/03 |
| २२४. | " " | ८५ | देवनागरी | A 224/11 |
| २२५. | " " | ९३ | ......... | A 044/11 |
| २२६. | " " | ५० | नेवारी | B 166/09 |
| २२७. | " " | ९५ | " | B 167/05 |
| २२८. | " " | १२० | " | B 169/02 |
| २२९. | " " | ९५ | " | B 169/17 |
| २३०. | " " | ४९ | नेवारी | A 218/06 |
| २३१. | " " | ९३ | देवनागरी | A 214/20 |
| २३२. | " " | ६३ | " | B 163/18 |
| २३३. | " " | २४३ | नेवारी | B 168/05 |
| २३४. | " " | ९७ | " | A 221/07 |
| २३५. | " " | १२८ | देवनागरी | B 161/14 |
| २३६. | " " | १३६ | नेवारी | A 213/24 |
| २३७. | " " | ७३ | देवनागरी | B 161/11 |
| २३८. | " " | १२० | " | A 224/01 |
| २३९. | " " | ७५ | " | A 347/09 |
| २४०. | " " | २३३ | " | A 216/14 |
| २४१. | मौक्तिक शोधन विधि | २ | " | A 214/10 |
| २४२. | यक्षिणीकल्प | ३९ | मैथिली | A 214/08 |
| २४३. | योगतरङ्गिणी | २९२ | देवनागरी | B 169/03 |
| २४४. | योगमाला | २२१ | " | A 221/05 |
| २४५. | योगरत्नसंग्रह | ४२६ | " | A 219/03 |
| २४६. | योगरत्नसमुच्चय | १७ | " | .. ......... |
| २४७. | योगरत्नसंग्रह | ?? | " | A 227/05 |
| २४८. | योगरत्नावली | १४५ | " | A 210/10 |
| २४९. | योगशतक | २७ | ......... | ........... |
| २५०. | " | २८ | ......... | ........... |



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

| क. सं. | ग्रन्थनाम | पत्र संख्या | लिपि | रील नं. |
|---|---|---|---|---|
| २५१. | योगशतक | १४ | ... ..... | A 062/24 |
| २५२. | ,, | २१ | देवनागरी | B 029/00 |
| २५३. | ,, | १९ | ,, | B 165/03 |
| २५४. | ,, | १६ | ,, | A 224/11 |
| २५५. | ,, | ५२ | ,, | B 163/02 |
| २५६. | ,, | ८ | ,, | B 164/18 |
| २५७. | योगशत सूत्र | ६ | ,, | B 164/08 |
| २५८. | योगसार | ५८ | ........ | B 029/00 |
| २५९. | ,, | १०१ | नेवारी | B 161/02 |
| २६०. | ,, | ४६ | ,, | .......... |
| २६१. | योगसुधा | ५७ | देवनागरी | B 161/03 |
| २६२. | योगसुधानिधि | ४३ | ,, | B 163/13 |
| २६३. | योगावली | ८ | ........ | B 029/?? |
| २६४. | रत्नकोषवाद सामान्य लक्षण | १०२ | नेवारी | B 163/09 |
| २६५. | रत्नद्योत | ४९ | देवनागरी | A 319/08 |
| २६६. | ,, | ६५ | ,, | A 219/07 |
| २६७. | रामविनोद | १४२+३० | ,, | A 215/02 |
| २६८. | रुग्विनिश्चयः | ७२ | ........ | B 029/06 |
| २६९. | ,, | १६८ | .. ...... | A 046/?? |
| २७०. | लेहचिन्तामणि | २२८ | देवनागरी | A 218/05 |
| २७१. | ,, | २४७ | ,, | A 218/02 |
| २७२. | ,, | २१६ | ,, | A 218/07 |
| २७३. | लेहसमुच्चयः | ३५ | ........ | A 046/?? |
| २७४. | वनौषधिनामावली | ७ | ........ | B 029/24 |
| २७५. | विश्वनाथ प्रकाश | ४४४ | ?? | B 029/18 |
| २७६. | ,, ,, | २७६ | देवनागरी | B 167/08 |
| २७७. | वेदाङ्ग | २४ | ,, | A 216/13 |
| २७८. | वैदाङ्गसार | १४४ | ,, | A 223/06 |



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

| क. सं. | ग्रन्थनाम | पत्र संख्या | लिपि | रील नं. |
|---|---|---|---|---|
| २७९. | वैद्यक | २६ | देवनागरी | B 164/07 |
| २८०. | ,, | ५ | नेवारी | A 210/08 |
| २८१. | ,, | १६ | ,, | A 210/14 |
| २८२. | ,, | ३२ | ,, | A 210/03 |
| २८३. | ,, | २५ | ?? | A 046/10 |
| २८४. | ,, | ४३ | ?? | A 214/09 |
| २८५. | ,, | ७३ | नेवारी | A 216/05 |
| २८६. | ,, | १३ | ,, | A 223/10 |
| २८७. | ,, | ७ | ,, | A 229/20 |
| २८८. | ,, | १०३ | ,, | A 210/04 |
| २८९. | ,, | १४ | ,, | A 210/01 |
| २९०. | ,, | ३२ | ,, | A 214/21 |
| २९१. | ,, | १२ | देवनागरी | B 169/05 |
| २९२. | ,, | १८ | नेवारी | B 170/07 |
| २९३. | ,, | ९० | ,, | B 164/24 |
| २९४. | ,, | १६ | ,, | A 225/19 |
| २९५. | ,, | ?? | ,, | B 166/23 |
| २९६. | ,, | ६६ | ,, | A 220/17 |
| २९७. | ,, | ८१ | ,, | B 163/08 |
| २९८. | ,, | ४३ | देवनागरी | A 221/20 |
| २९९. | ,, | १९ | ,, | B 169/12 |
| ३००. | ,, | २६ | नेवारी | B 167/04 |
| ३०१. | ,, | १६ | देवनागरी | A 225/06 |
| ३०२. | ,, | १७ | नेवारी | A 213/08 |
| ३०३. | ,, | ३५ | देवनागरी | A 213/06 |
| ३०४. | ,, | २७ | देवनागरी | B 161/08 |
| ३०५. | ,, | १९ | ,, | A 210/29 |
| ३०६. | ,, | ९७ | नेवारी | A 210/06 |



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

| क्र. सं. | ग्रन्थनाम | पत्र संख्या | लिपि | रील नं. |
|---|---|---|---|---|
| ३०७. | वैद्यक | १२ | देवनागरी | A 225/03 |
| ३०८. | " | ४५ | नेवारी | A 211/02 |
| ३०९. | " | ७३ | नेवारी | B 166/12 |
| ३१०. | " | ६ | " | A 220/05 |
| ३११. | " | २१ | ?? | B 045/11 |
| ३१२. | " | ?? | नेवारी | A 224/03 |
| ३१३. | " | १५ | ?? | B 029/26 |
| ३१४. | " | ५७ | ?? | A 045/09 |
| ३१५. | " | ३ | ?? | B 030/05 |
| ३१६. | " | १२ | देवनागरी | B 164/07 |
| ३१७. | " | ११ | ?? | A 046/05 |
| ३१८. | " | ९८ | ?? | B 026/20 |
| ३१९. | " | १३ | ?? | B 030;08 |
| ३२०. | " | २५ | ?? | B 029/25 |
| ३२१. | " | ४१ | ?? | B 164/20 |
| ३२२. | " | ४१ | देवनागरी | A 220/03 |
| ३२३. | " (भाषा) | ६६ | नेवारी | A 216/11 |
| ३२४. | " | १८ | देवनागरी | A 225/08 |
| ३२५. | " | ४६ | " | A 211/03 |
| ३२६. | " | ११ | " | B 164/10 |
| ३२७. | " | ?? | " | A 286/08 |
| ३२८. | " | ३० | " | A 220/12 |
| ३२९. | " | ५ | " | A 212/03 |
| ३३०. | " | १५ | " | A 286/12 |
| ३३१. | " | १५ | " | A 220/14 |
| ३३२. | " | २९ | " | A 220/02 |
| ३३३. | " | २९ | " | A 214/04 |
| ३३४. | " | ९ | ?? | B 030/04 |



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

| क्र. सं. | ग्रन्थनाम | पत्र संख्या | लिपि | रील नं. |
|---|---|---|---|---|
| ३३५. | वैद्यक | १२ | ?? | B 030/09 |
| ३३६. | " | १३ | ?? | B 030/03 |
| ३३७. | " | ९७ | नेवारी | A 374/10 |
| ३३८. | " | १४ | " | A 347/03 |
| ३३९. | वैद्यक निघण्ट् | ६ | देवनागरी | B 165/18 |
| ३४०. | वैद्यक रत्नद्योत | ?? | ?? | ?? |
| ३४१. | वैद्यक संग्रह | ३२ | नेवारी | A 210/28 |
| ३४२. | " | २४ | " | B 161/06 |
| ३४३. | " | ६७ | " | A 166/13 |
| ३४४. | " | ८ | " | A 210/06 |
| ३४५. | " | ११ | ?? | A 210/21 |
| ३४६. | " | ७ | नेवारी | A 321/07 |
| ३४७. | " | ९ | " | A 210/16 |
| ३४८. | " | १९ | " | B 166/05 |
| ३४९. | " | २४ | " | A 222/04 |
| ३५०. | " | १४ | " | A 225/11 |
| ३५१. | " | ३४ | " | B 161/10 |
| ३५२. | " | १०५ | " | A 223/03 |
| ३५३. | " | ४९ | " | A 222/05 |
| ३५४. | " | १६९ | " | B 160/05 |
| ३५५. | " | १० | देवनागरी | A 210/17 |
| ३५६. | " | ८ | नेवारी | A 211/05 |
| ३५७. | " | ११ | देवनागरी | A 210/05 |
| ३५८. | " | १४ | नेवारी | A 286/03 |
| ३५९. | " | १४ | " | A 210/24 |
| ३६०. | वैद्यक सार | २९ | देवनागरी | A 286/10 |
| ३६१. | " | २९ | " | A 220/19 |
| ३६२. | " | २५ | " | A 216/08 |



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

| क्र. सं. | ग्रन्थनाम | पत्र संख्या | लिपि | रील नं. |
|---|---|---|---|---|
| ३६३. | वैद्यक सार संग्रह | ४६ | ,, | A 216/17 |
| ३६४. | वैद्यचन्द्रोदय | १० | देवनागरी | B 164/17 |
| ३६५. | ,, | १७ | ,, | A 225/10 |
| ३६६. | ,, | ९ | ,, | B 164/06 |
| ३६७. | ,, | १० | ,, | B 169/07 |
| ३६८. | ,, | १० | ,, | B 164/21 |
| ३६९. | ,, | ५० | ,, | B 166/07 |
| ३७०. | ,, | ४ | ,, | A 213/22 |
| ३७१. | वैद्यजीवन | ७१ | ,, | B 170/03 |
| ३७२. | ,, | ३७ | ,, | A 220/04 |
| ३७३. | ,, | १६ | ,, | A 214/01 |
| ३७४. | ,, | १४ | " | B 164/22 |
| ३७५. | ,, | ६७ | " | B 166/01 |
| ३७६. | ,, | ५३ | " | B 165/19 |
| ३७७. | ,, | ३९ | " | B 165/17 |
| ३७८. | ,, | ४६ | " | A 214/19 |
| ३७९. | ,, | २६ | नेवारी | A 212/16 |
| ३८०. | वैद्यज्योतिषयोग प्रवृत्ति संग्रह | ७६ | देवनागरी | B 170/08 |
| ३८१. | वैद्यमनोत्सव | १४ | " | A 225/04 |
| ३८२. | ,, | ४१ | " | A 221/18 |
| ३८३. | ,, | २६ | " | A 212/02 |
| ३८४. | ,, | ४/१०० | " | A 215/10 |
| ३८५. | वैद्यमनोत्सव | २१ | " | A 220/06 |
| ३८६. | वैद्य माधव | ९ | " | B 164/15 |
| ३८७. | वैद्यरत्न भाषा | ९६ | " | A 223/08 |
| ३८८. | वैद्य रहस्य | २०१ | " | A 211/13 |
| ३८९. | ,, | १०१ | " | A 215/04 |
| ३९०. | वैद्यवल्लभ | ?? | ?? | ?? |



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

| क्र. सं. | ग्रन्थनाम | पत्र संख्या | लिपि | रील नं. |
|---|---|---|---|---|
| ३९१. | वैद्यवल्लभ | १० | देवनागरी | A 286/05 |
| ३९२. | " | १० | नेवारी | A 220/18 |
| ३९३. | वैद्यविनोद | ५ | देवनागरी | A 210/30 |
| ३९४. | " | ४३ | " | B 163/01 |
| ३९५. | " | २६ | " | A 216/09 |
| ३९६. | वैद्यशास्त्र संग्रह | १७ | नेवारी | A 210/22 |
| ३९७. | वैद्यसार चिकित्सा | ९६ | " | A 224/08 |
| ३९८. | वैद्यसार संग्रह | ३८ | " | A 211/22 |
| ३९९. | वैद्यामृत | १५ | देवनागरी | A 220/11 |
| ४००. | व्यासयक्षिणीसंग्रह | ५ | " | B 164/06 |
| ४०१. | शतश्लोकी | १० | देवनागरी | A 286/06 |
| ४०२. | " | १० | " | A 220/13 |
| ४०३. | " | २७ | " | A 216/06 |
| ४०४. | शाकादिवर्ग | २० | " | B 203/01 |
| ४०५. | सन्निपात चन्द्रिका | ३८ | " | A 219/09 |
| ४०६. | सर्वसंग्रह चिकित्सा | १२७ | " | A 216/16 |
| ४०७. | " | १२७ | " | A 347/02 |
| ४०८. | सात्म्यदर्पण | ३८० | " | A 223/04 |
| ४०९. | " | २४२ | देवनागरी | A 218/03 |
| ४१०. | सार संग्रह | १६२ | ... ... | B 021/22 |
| ४११. | " | १४९ | ... ... | B 030/07 |
| ४१२. | सारावली | ...... | नेवारी | A 431/05 |
| ४१३. | सिद्धमन्त्र प्रकाश | ३४ | देवनागरी | B 164/12 |
| ४१४. | सिद्धयोग संग्रह | ४१ | नेवारी | B 177/06 |
| ४१५. | सिद्धसार निघण्टु | ८५ | देवनागरी | A 045/08 |
| ४१६. | सिद्धसार संहिता | ८ | ... ... | B 029/23 |
| ४१७. | " | ५४ | ... ... | A 045/04 |
| ४१८. | " | ७६ | ... ... | B 030/01 |



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

| क्र. सं. | ग्रन्थनाम | पत्र संख्या | लिपि | रील नं. |
|---|---|---|---|---|
| ४१९. | सिद्धिरस प्रबन्ध | ६ | ,, | B 166/02 |
| ४२०. | सुबर्णसार | १७१ | नेवारी | B 160/04 |
| ४२१. | ,, | १२५ | देवनागरी | A 220/09 |
| ४२२. | सुश्रुत संग्रह | ९८ | ,, | A 045/05 |
| ४२३. | सुश्रुत संहिता | ६७ | ,, | A 224.09 |
| ४२४. | सुश्रुत संग्रह | ४३५ | ,, | A 029/19 |
| ४२५. | ,, | ७० | ,, | B 030/15 |
| ४२६. | हरमेखला | ५५ | नेवारी | A 221/08 |
| ४२७. | ,, | २५ | ...... | A 045/03 |
| ४२८. | ,, | २४ | नेवारी | A 220/15 |
| ४२९. | ,, | ५१ | ...... | A 045/07 |
| ४३०. | ,, | ११८ | देवनागरी | A 220/10 |
| ४३१. | ,, | २४ | नेवारी | A 286/07 |
| ४३२. | हरमेखला टीका | ९३ | ... ... | B 029/21 |
| ४३३. | ,, ,, | १८८ | देवनागरी | A 286/02 |
| ४३४. | ,, ,, | १०७ | ,, | B 165/16 |
| ४३५. | ,, ,, | १७२ | ,, | A 219/02 |
| ४३६. | ,, ,, | १२६ | नेवारी | A 212/08 |
| ४३७. | ,, ,, | २९३ | ...... | A 045/01 |
| ४३८. | ,, ,, | ७६ | देवनागरी | B 166/11 |
| ४३९. | हरसिद्धि पूजाविधि | ४ | ,, | A 251/17 |



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

# थानकोट महादेव गाउँस्थित चन्दनभराटेश्वर मन्दिरका अभिलेखहरू

–श्रीहरि रुपाखेती
–श्यामसुन्दर राजवंशी

काठमाडौं शहरी क्षेत्रबाट १० किलोमिटर पश्चिम थानकोट महादेवस्थान गा. वि. स. अन्तर्गत महादेव गाउँमा पुराणप्रसिद्ध अकृत्रिम शिवलिङ्ग छ। चन्दन भराटेश्वर नामले प्रसिद्ध उक्त शिवलिंग दुईतले तले शैलीको मन्दिरमा प्रतिष्ठापित छ। यस सुन्दर मन्दिरका आसपास अनेक देव–देवीका नयाँ र पुराना किसिमका साना ठूला मन्दिरहरू छन्। यहाँ प्राचीन कालदेखि पूजा-अर्चना गरी आएको प्रमुख शिवमन्दिर सहित नारायणस्थान, गणेश, नाट्येश्वर (नासलदेवी), बालकुमारी, कुमारी महांकाल, भैरव, चुन्देवी, कीर्तिमुख भैरव आदि र अन्य अर्वाचीन श्रीकृष्ण, हनुमान, सरस्वती लगायतका देवदेवीहरू छन्। निकैप्रसिद्ध मृत्युञ्जयकुण्ड (पार्वती कुण्ड) पनि यहाँ अवस्थित छ। यो ठाउँ प्राचीन स्मारक–पुरातात्त्विक अर्थमा महत्त्वपूर्ण यस कारण पनि देखिन्छ कि यहाँ जताततै खनी खोस्री गर्दा केही न केही पुराना वस्तुहरू पाइन्छन्, भेटिन्छन्।

हालसम्म यहाँ उपलब्ध ४ ओटा शिलालेख छन्:–

### १. ने. सं. ७५८ (वि. सं. १६९४) को शिलालेख

यस अभिलेखमा संवत्‌को अंक बाहेक ब्यहोरा केही पनि नबुझिने देखिन्छ। अक्षरहरू अस्पष्ट भैसकेका छन्। स्थानीय बूढापाकाको भनाइ अनुसार मन्दिरको पूर्व–दक्षिणपट्टि एक विशाल खरीको बोट थियो र त्यहीं यो शिलालेख थियो। हाल स्थानीय जनसहभागितामा सोही ठाउँमा निर्मित नारायणस्थानमा यो अभिलेख सुरक्षित रूपमा नारायण मन्दिरभित्र दक्षिणपट्टि राखिएको छ।

### २. ने. सं. ८०९ को शिलालेख

श्रीचन्दन भराटेश्वर मन्दिरको दक्षिण–पश्चिममा श्रीगणेशमूर्तिको पीठमा



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अवस्थित नाट्येश्वर–(नासलदेव) को तोरणलेख सोही तोरणशिलामा कुँदिएको छ। यसमा श्री ३ गणपतिलाई तोरण बनाई प्रतिष्ठा गरिएको वर्णन छ। पाटनका राजा योगनरेन्द्र मल्लको शासनकालमा विक्रम संवत् १७४५ मा कुँदिएको यस तोरणलेखमा शक्तिसहित श्रीगणेशको चित्र अंकित छ।

**३. ने. सं. ८३२ (वि. सं. १७६८) को शिलालेख–**

यो पनि उपर्युक्त खरीको बोट क्षेत्रमा उपेक्षित रूपमा पाइएको हो। "...फले दयका व प्रतिष्ठा याङा दिन। शिवरात्रि कुन्ही पूजा यात..." आदि व्यहोराले यो भजन पाटी बनाएर शिवपूजाको बन्दोवस्त मिलाएको दानपत्र बुझिन्छ। शिव-मन्दिरको ईशानपट्टि यो पाटी थियो र भग्नावशेष देख्नेहरू अझै छन्। यहीं खरी बोटमा एक खण्डित नारायण मूर्ति पनि थियो। अब उपर्युक्त नारायण स्थानमा सो खण्डित मूर्ति दक्षिण कुनामा र यो शिलालेख उत्तरपट्टि व्यवस्थित गरी राखिएको छ। यहाँका यी दुवै शिलालेखमा शिवलिङ्ग चिन्हित छ र यी दुवै सोही भजन पाटी-संग सम्बन्धित हुनु पर्दछ भन्ने अनुमान छ।

**४. ने. सं. ८११ को शिलालेखः–**

यस धार्मिक स्थलमा रहेका अनेक अभिलेख मध्ये यो थप महत्त्वपूर्ण शिलालेख हो। श्री चन्दनभराटेश्वर शिव मन्दिरको पूर्वद्वारको दायाँ काखमा शिलालेख अव-स्थित छ। यसको शीर्षभागमा दायाँ र बायाँ चन्द्र र बसाहा अंकित छन् भने बीचमा शिवायुध त्रिशूल अकित छ। शिलाको आकार ४२ × ३७ से. मि. छ।

यस अभिलेखमा पाटनका राजा योगनरेन्द्र मल्लको ससम्मान उल्लेख छ। उनै राजाको दरवारसंग सम्बद्ध वैकुण्ठ भारोद्वारा निर्मित चन्दनभराटेश्वर मन्दिर जीर्ण भई भत्केकाले उनै वैकुण्ठ भारोका नाति, मुतिराजभारोका (कान्छा) छोरा लक्ष्मी-राज भारोले राजाज्ञा र स्वयं चन्दनभराटेश्वरको (स्वप्नगत) आज्ञा समेतमा मन्दिर जीर्णोद्धार गरिदिएको वर्णन छ। तात्कालिक राजपुरोहित रामचन्द्र पण्डितद्वारा विधिपूर्वक यज्ञ गरी शिवार्पण गरेको र सुवर्णमय गजुर सहित मन्दिर सुशोभित पारिएको वर्णन सुन्दर शब्दावलिको संस्कृत पद्यमा यसमा पाइन्छ। यस बंशवर्णन कविताका कवि गंगाधर मिश्र (ब्राह्मण) रहेको व्यहोरा पनि भेटिन्छ। जीर्णोद्धार-कर्ता लक्ष्मीराज भारोको बंशवर्णन निकै विद्वत्तापूर्ण प्राञ्जल भाषामा १५ ओटा शास्त्रीय वाणिक छन्दमा गरिएको छ।

यस अनुसार नेपाल सम्वत् ८११ (विक्रम सम्वत् १७४८) वैशाख कृष्ण



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पञ्चमीका दिन सो मन्दिरको प्रतिष्ठा भएको थियो। यो कुरा संस्कृत र नेवारी दुवैमा स्पष्ट छ।

यस शिलालेखमा जम्मा ३७ पंक्ति र शिलाको छेउ, पादपीठ समेतमा थप पंक्तिहरू लेखिएका छन्। ती मध्ये शुरूका २२ पंक्ति संस्कृत भाषामा र बाँकी नेवारी भाषामा छन्। शिलाको पादपीठका अक्षर केही भिन्न प्रकारका देखिन्छन्। यी जम्मै नेवारी लिपि (नेपाल लिपि)मा कुंदिएका छन्। अन्ततिरका कतिपय अक्षरहरू फुटेकाले बुझ्न सकिंदैन।

यस शिलालेखको पंक्तिशः उतार 'अभिलेख पूर्णाङ्क ११ मा भइसकेको छ। अतः यहाँ शुद्ध रूपमा यथार्थ व्यहोरा मात्र प्रस्तुत गरिएको छ। प्रत्येक श्लोकको छन्दको नाम पनि अंकित गरिएको छ र शिलालेखको पूरा व्यहोरा यस प्रकार छः—

**श्री चन्दनभराटकेश्वराय नमः।**

**स्वयम्भुवं यं प्रणमामि चन्दन-**
**भराटकेशं शिवलिङ्गमीश्वरम्।**
**स्फुटन्नवग्रामपुरे पुरातन—**
**मधस्स्थले चन्दनभूभृतस्स्थितम्॥१** —वंशस्थ

**नेपालपीठे ललितानगर्या**
**वैकुण्ठनामा सुजनप्रवीणः।**
**परोपकारी नृपतिप्रियो यो**
**वभूव भूपालिपत नित्यसेवः॥२** —उपजाति

**अमुष्य नाम्ना मधुरा प्रियासीत्**
**शाध्वी सुवाणी सुतरां सुशीला।**
**लज्जाभियुक्ता गृहकर्मविज्ञा**
**प्रायोऽपरा या कमलेव भूमेः॥३** —उपजाति

**अस्यास्त्रुवासोद्धवधर्मधारा—**
**नामेति लक्ष्मीः प्रियवादिनी सा।**
**यामेत्य पत्नीं बहु तत्प्रियस्य**
**गृहेषु लक्ष्मीर्व्ववृधे तदैव॥४** —उपजाति



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अस्या धवोऽभून्मुतिराजनामा
परोपकारी कुलधर्म्मधारी ।
यस्सेवया तोषितभूमिपालः
स सज्जना ली गणनाग्रगामी ।।५ —उपजाति

पुत्रौ वभूवतुस्तस्य सुशीलौ प्रियवादिनौ ।
ज्येष्ठो लक्ष्मीधरो नाम्ना लक्ष्मीराजोऽनुजोऽपरः ।।६ —अनुष्टुप

नित्यं कुमारीपदभक्तिचित्तौ
साधुस्वभावौ चतुरौ दयालू ।
तुतोषतुस्तौ नृपति सदैव
भोज्योपचारोचित कर्म्मदक्षौ ।।७ —उपजाति

लक्ष्मीराजो यक्कनिष्ठो गुणज्ञो
नित्यं नृत्ये तोषयामास धीरः ।
रागे गीतैः श्रीनरेन्द्रन्नरेशं
शक्रं प्रायेणेव गन्धर्वमुख्यः ।।८ —शालिनी

नृपप्रेमपात्रप्रवीणप्रधान–
स्सुगीतादि संगीतविद्यासु विज्ञः ।
सदा गीतगानोद्यमोऽन्त्रपुरेऽसौ
नरेन्द्रेण भूपेन साकं ससाद ।।९ —भुजङ्गप्रयात

शत्रूणां युगपज्जहार तरसा प्रोद्यत्प्रतापो बली
यो दुर्गान् नवसंख्यकान्नयरतस्सङ्गीतविद्यान्तगः ।
श्रीमद्योगनरेन्द्रभूपतिरसौ नेपालभूपाधिपो
लक्ष्मीराजममुं सुरागनिपुणं मत्वा मुमोदाऽनिशम् ।।१० —शार्दूलविक्रीडित

वैकुण्ठनाम्ना स्वपितामहेन
विनिर्मितं स्वल्पमठं पुराणम् ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जीर्णं नवग्राम महेश्वराय
दृष्ट्वा कनिष्ठाय मुमोद सोऽयम् ।।११ —उपजाति

ज्येष्ठभ्राता संमतं कृत्य सोऽयं
लक्ष्मीराजो योऽनुजो जीर्णभाजः ।
प्रासादस्य श्रीनवग्रामशम्भो
र्जीर्णोद्धारं कारयामास भक्त्या ।।१२ —शालिनी

मठममुं भुवि वीक्ष्य प्रशङ्किरे
गगनचारिण एवमहो मुहुः ।
किमनिलस्खलितं सुमनोगिरेः
रुचिरश्रृङ्गमिवेह विराजितम् ।।१३ —द्रुतविलम्बित

अब्दे ब्रह्ममहीवसौ गुरुदिने वैशाखमासे तिथौ
पञ्चम्यां वृषराशिभास्वतिगते पक्षेऽवलक्षेतरे ।
लक्ष्मीराजगिराविधाय च मखं श्रीरामचन्द्रो द्विज-
स्प्रासादोपरि तत्र हेमकलशं स्थाणोस्तदाऽस्थापयत् ।।१४ —शार्दूलविक्रीडित

वंशवर्णनसम्बद्धान् श्लोकानेतानचीकरत्
श्रीमद्गङ्गाधरो विप्रः श्रीशंभुप्रीतिवाञ्छया ।।१५ —अनुष्टुप्

अनेन जीर्णोद्धारेण श्री ३ सदाशिवः प्रीणातु ।
श्रेयोऽस्तु । पुनर्नेपालभाषा ।

यस प्रकार यो शिलालेखको संस्कृत भाग (वंश वर्णन कविता) समाप्त भएको छ। यसपछि शिलामा कुंदिएका पंक्ति अनुसार २३ औं पंक्तिदेखि नेवारी पाठ शुरू हुन्छ जुन यस प्रकार छः—

श्री राजदैवज्ञ आरोग्यभंडिर मुतिराज भारोस पुत्र लक्ष्मीराज भारो न थव अजाजु दतह्लाछे घ्वाखा वाहार गृह पात्रवंश राउत वैकुण्ठ भारोसन दयका गुलि नव ग्वाठया श्रीस्वयंभु महादेवया देवलया जीर्ण्ण जुस्यं ध्वंस जुयाः श्रो लक्ष्मीराज भारोन सकल शस्त्र शास्त्रं पारावार पारग चतुर चूडामणि महाराजाधिराज श्री



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

योगनरेन्द्र मल्लदेव थाकुर श्रो संमतन श्राज्ञा कास्य पुनः थव माता लक्ष्मिनीजु ज्येष्ठ भ्राता लक्ष्मीधर जु व संमतन संमधार यास्यं पुनः थ्वम्ह श्रीचन्दनभराटकेश्वर महादेवन स्वप्नस उपदेश बिस्यं हर्षमान जुया श्रो थ्वम्ह लक्ष्मीराज भारोन उगुलि देवरचाया जीर्णोद्धार याङा न थ्व देवल दयकु जुरो ।। संवत् ८११ वैशाख कृष्ण पंचम्यां तिथौ उत्तराषाढ नक्षत्रे शुक्ल योगे वृहस्पतिवासरे थ्वकुन्हुं थव गुरुप्रोहित व खनिम्ह गृहद्विजत्र श्रीरामचन्द्र जुन दिन यज्ञ यास्यं थ्व प्रासादोपरि सुवर्ण्ण कलश ध्वजावरोहन यास्यं प्रतिष्ठा याङा दिन जुरो ।।शुभं।। (पंक्ति ३४)

पुनर्भाषा वैकुण्ठ भारोसन थव स्वाधिकार नवग्वात बुया वर्सा नं स ए व श्रीमहादेव स्के नित्य पूजा यात व मत बिय यात व दुंता गूल शिवस्व पूजावारि श्रादि सुनानं लोभ मोह याय मदु पुन पुनर्भाषा लक्ष्मीनी मयीन प्रपिता वैकुण्ठ भारो मातृमधूरामयी भरीस श्रो नामन स्वाधिकार बूया वर्सानं वर्ष प्रति शिवरात्रि कुन्हु पूजा भंडि १ सादुदु पात २ दं १ घेर कस्ति साखर जो १ निशाव देवरव पूजावारिस्त दक्षिणा ... ...चेकन मत प्वात ४ छोयके ।। थ्व सति कुन्हु साम्ह ५ पूजा यास्य छोकुड १० दं ५ चि नकेमार ।। शु की २ से ल्लों स्तले नकेमार थ्वतिं परसेक चिंता याक पनिस्त भोपे जुल.

(यसरी पंक्ति ३५, ३६ र ३७ हुँदै शिलाको पार्श्वभाग (किनारा) समेतमा गरी उपर्युक्त व्यहोरा कुंदिएको छ र पादपीठ (तल्लो शिलाखण्ड) मा कुंदिएका पंक्तिहरू यथावत् यस प्रकार छन् । यहाँ कतिपय अक्षर नचिनिने गरी छोटिएका छन् ।)

१. थ्वतिया चित्तायाक थक्वात देशया मदनमोहन भारो

२. .. पंदव भारो शिवमोहन भारो रामसाहि भारो थ्वति जुरो थन चो

३. ...को यात सा शास्त्र स्त्रह्लाको फल लाक जुरो । मयातसा पंच

४. (महापातक) थ्वम्ह श्री महादेवया कुद्रिष्टि जुरो ।।शुभम्।।

**उपसंहारः—**

यस प्रकार यस पावन क्षेत्रमा ४ वटा शिलालेख देखा पर्दछन् । समयक्रम अनुसार यी ने. सं. ७५८ (वि. सं. १६९४), ने. सं. ८०९ (वि. सं. १७४५), ने. सं. ८११ वि. स. १७४८) र ने. सं. ८३२ (वि. सं. १७६८)का देखिन्छन् ।

सबभन्दा पुरानो ७५८ ने. सं. को शिलालेखको अक्षर खिइएकाले यस क्षेत्रको १७ औं शताब्दीको अन्तिम दशकतिरको यथार्थ बुझ्न दुर्भाग्यवश पाइएन ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दोस्रो पुरानो शिलालेख ने. सं. ८०९ ले राजा योगनरेन्द्र मल्लको शासनकालमा श्रीगणेशलाई तोरण चढाएको उल्लेख गरेको छ। तोरणको देवस्थल नासल देवको रूपमा परिचित छ। दक्षिणपट्टि गणेशमूर्ति छ तर यो त्यति प्राचीन लाग्दैन। अनुसन्धान आवश्यक छ।

तेस्रो अभिलेखबाट श्रीचन्दनभराटेश्वर मन्दिरको निर्माण–जीर्णोद्धारको क्रम चलिरहेको सुईको पाइन्छ। यसरी मल्लकालदेखि नै यस मन्दिरको राम्रो रेखदेख रहिआएको सत्य प्रियसत्यका रूपमा उद्‌घाटित हुन्छ। यो पनि योगनरेन्द्र मल्लकालकै अभिलेख हो।

चोथो ने. सं. ८३२ को शिलालेखले मन्दिरपरिसरको विस्तारको रहस्य खोलेको छ। भजनपाटी, पूजाआजाको, ती पुराना दाताहरूको उदार दानशीलता र दूरदर्शिताको प्रमाण पेश गरेको छ। दानशील, श्रद्धालु भक्तजनहरू एवं दम्भरहित ईश्वरनिष्ठामा लाग्नेहरूलाई उत्साह एवं प्रेरणा प्रदान गरेको छ।

---

[ 'अभिलेख' पूर्णाङ्क ११ मा प्रकाशित "थानकोटस्थित चन्दनभराटकेश्वर मन्दिरका अभिलेखहरू" शीर्षक लेखमा कतिपय तथ्य र मन्दिरद्वारस्थ शिलालेखको संस्कृत पाठमा कतिपय त्रुटिहरू देखिन आएको हुनाले स्थानीय व्यक्ति सहप्राध्यापक श्रीहरि रूपाखेती समेतको संयुक्त लेखनमा थप सुधारसहित सोही विषयक लेख यस अंकमा प्रस्तुत गरिएको हो। ]

**–सम्पादक**



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

# न्यातपोलल अर्थात् पाँचतले मन्दिर निर्माण-प्रतिष्ठा कार्य–एक झलक

**डा. जनकलाल वैद्य**

भक्तपुर तौमढिटोलमा रहेको **न्यातपोलल** अर्थात् **पाँचतले मन्दिर** आजभोलि विश्व प्रशिद्ध सांस्कृतिक सम्पदा भइरहेको छ, भइरहने छ। देशविदेशका पर्यटक-हरूका निम्ति यो मन्दिर अत्यन्त आकर्षक र दर्शनीय भइरहेको छ। नेपाल संवत् ८२२ (वि. सं. १७५८) कार्तिकदेखि धार्मिक कर्मकाण्ड विधि कृत्य साथसाथै सम्पन्न गराई निर्माण कार्य सम्पन्न भएको थियो। ने. सं. ८२२ (वि. सं. १७५९) जेठ शुक्ल ९ तिथिका दिनदेखि ४८ दिनसम्म सिद्धाग्नि कोट्याहुति यज्ञ गराइकन हर्ष उल्लासमय वातावरणमा उक्त मन्दिरमा गजूर चढाइवरी मन्दिरभित्र देवी प्रतिमा प्रतिष्ठा गराइएको थियो। उक्त मन्दिरको निर्माण कार्यका लागि आवश्यक निर्माण सामग्री एवं सिद्धाग्नि कोट्याहुति यज्ञ र मन्दिर प्रतिष्ठापनको धार्मिक कृत्य महोत्सवको शोभा बढाउने कार्यमा तत्कालीन भक्तपुरका २६ टोलका स्थानीय निवासीहरू, पञ्चप्रमानहरू, ललितपुरका राजा र प्रजाले, भक्तपुर अन्तर्गतका ठिमि, बोडे, नगदेश, नाला, सांगा, बनेपा, धुलिखेल, पनौति, चौकोट, श्रीखण्डपुर तथा नजीक नजीकका पहाड पर्वत भेगका स्थानीय वासिन्दाले पनि सहर्ष स्वेच्छापूर्वक आवश्यक सामग्री उपलब्ध गराइकन सहयोग गरेका थिए। सम्भवतः, त्यसवेला भक्तपुर राज्य र कान्तिपुर राज्य वीच राजनैतिक गतिरोधको[1] कारणले होला उक्त समयमा कान्तिपुरबाट कुनै किसिमको सामग्री सेवाकु भक्तपुरमा उपलब्ध गराइएको देखिदैन। भक्तपुरको एक टोलमा निर्मित औ प्रतिष्ठापित उक्त मन्दिरका निम्ति त्यस्तरी व्यापक सहयोग र सहभागिता जुट्नु भनेको अवश्य पनि तत्कालीन राजा छिमेकी राज्य ललितपुरका राजा र प्रजाका साथसाथै भक्तपुर राज्य भक्तपुर र त्यस राज्य अन्तर्गतका गाउँहरूका पंचप्रमान एवं निवासी र पहाड पर्वतका खशहरूका

---

१. अभिलेख संग्रह भाग ११, पृ. ११ हेर्नुस्।



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पनि आपसी समझदारी, मेल र पारस्परिक सहयोगको प्रेरणादायी अनुकरणीय उदाहरण मान्न सकिन्छ। अहिलेको नेपाल अधिराज्यको कुनै पनि स्थानमा योजनाबद्ध ढङ्गले सञ्चालन हुने नव निर्माण कार्य योजनाका निम्ति पनि यो ऐतिहासिक दृष्टान्त आदर्श नमूना स्वरूप ग्रहण गर्न योग्य देखिन्छ। उक्त न्यातपोलल (पाँचतले) मन्दिर निर्माण कार्य हुँदाको विस्तृत खर्च विवरण र तत्-सम्बन्धी अन्य विविध कार्यक्रमका टिपोट विवरण लिपिबद्ध भएको अभिलेख ग्रन्थ "सिद्धाग्नि कोट्याहुति देवल प्रतिष्ठा" (अ ११११५, ए २४९।५) राष्ट्रिय अभिलेखालयमा संरक्षित रहेको यस पंक्ति लेखकले २०३४ भाद्रमा त्यहाँका नेपालभाषा अभिलेख ग्रन्थहरू छानी वर्णानात्मक अभिलेख सूची तयार गर्ने ८ महिने लघु अनुसन्धान कार्य सम्पादन अध्ययन गर्दा पत्ता लागेको थियो। सो परियोजनाबाट तयार भएको सूची पुस्तक राष्ट्रिय अभिलेखालयं स्थित **नेपालभाषा / नेवारी अभिलेख ग्रन्थ** शीर्षकमा त्रिभुवन विश्वविद्यालयको अनुसन्धान महाशाखाबाट २०४० पौष १४ गते प्रकाशनमा ल्याएपछि प्रो. डा. बर्नहार्ड कोलभरले उपर्युक्त न्यातपोलल/पाँचतले मन्दिर निर्माण प्रतिष्ठा सम्बन्धी अभिलेख ग्रन्थ र त्यस्तै ऐतिहासिक पुरातात्त्विक महत्त्वका अरू पनि अभिलेख ग्रन्थहरूका गम्भीर अध्ययन गरी लेख प्रकाशमा ल्याउनुपर्छ भनी पत्रद्वारा र भेट वार्ताद्वारा मलाई हार्दिक अनुरोध गर्नु भएको थियो। सोही सल्लाह अनुसार अंग्रेजीमा न्यातपोलल (पाँचतले) मन्दिर निर्माणसम्बन्धी पुस्तक लेखी त्यसको संक्षिप्त सार कुरा मात्र राखी यसै **अभिलेख** वार्षिक पत्रिकाको आठौं अंकमा (वि. सं. २०४०) **"Historic Significance of Siddhagni Kotyahuti Deval Pratistha"** शीर्षकको लेख प्रकाशित गराएको थिएँ। अब, प्रस्तुत लेखमा भने उपर्युक्त लेखमा नपरेका उक्त न्यातपोलल (पाँचतले) मन्दिर निर्माण कार्य सम्बन्धीका मात्र केही अत्यन्त महत्त्वपूर्ण तथ्यहरूका मूल पाठ अंश पाठकहरू समक्ष राख्न लागेको छु।

### (क) निर्माण कार्य र तत्सम्बन्धी धार्मिक कर्मकाण्ड कृत्य तिथि:

यी तिथि क्रम अनुसार सम्पादन गरिएका निर्माण कार्यक्रमद्वारा उक्त मन्दिर बनाउने कामको व्यवस्था, काममा तदारूकता र दृढता तथा निर्माण कार्यको प्रत्येक चरणमा भनेजसो तत्कालीन प्रचलित वास्तुशास्त्र विधि चलन अनुसार सम्पन्न गराइएका धार्मिक कृत्यको परिचय मिल्छ। यी तिथि मध्ये धेरैजसो पत्राङ्क १ ख – २ क मा दिइएका छन् त अन्य कार्यक्रमहरूका तिथिहरू अभिलेख ग्रन्थ भित्र



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यत्रतत्र छरिएर रहेकालाई यहाँ एकै ठाउँमा समेटेर उल्लेख गरिदिएको छ। मूल पाठ, त्यसको नेपाली रूपान्तर र सम्बन्धित पत्राङ्क पनि लेखिदिएको छः–

| क्र. सं. | मूल पाठ अंश | नेपालीमा रूपान्तरित पाठ | पत्राङ्क |
|---|---|---|---|
| १. | ने. सं. ८२२ कार्तिक शुदि ३ तृतीया (वि. सं: १७५८) ज्येष्ठ नक्षत्र अतिगण्ड योग वृहस्पतिवार थ्व कुन्हु सिं छेचकल छोया दिन। | उक्त तिथि दिन (जंगलमा) काठ लिन पठाइयो। | (१ क, ख) |
| २. | सं. ८२२ कार्तिक शुदि ४ कसि दुकाया नाराया। भोतयां। खम्पुया ... | उक्त दिन बनेपा, श्रीखण्डपुर, नालाबाट कसिध काठ प्राप्त भयो। | (१४७ क) |
| ३. | सं. ८२२ कार्त्तिक शुदि ७, आदित्यवार | उक्त दिन इँट किनियो। | |
| (क) | अत ङचाङा। | | |
| (ख) | सं. ८२२ कार्त्तिक वदि १ ङाता प्वल देवलयात छेँयाता, लाछि चिनेयाता, अत, ङचाङाव दुकाया। | उक्त दिन पाँचतले मन्दिर बनाउनलाई, देवघर बनाउन लाई र चोक आगन बाटोमा छाप्नलाई इँट खरिद गरियो। | (२६० क, ख) |
| ४. | सं. ८२२ कार्तिक वदि ३ नाला, पनाति, चौक्वाठया वाभु दोया, यँला दोया घुनसि सालसि दुकाया। | उक्त दिन नाला, पनौति, चौकोट, वाभु दो, यँला दो आदि ठाउँबाट सालको काठ भित्र्याइए। | (१४८ क, ख) |
| ५. | सं. ८२२ कार्त्तिक वदि १२ फस गाथ ज्या .. | उक्त दिन मन्दिरको बलेसीका निम्ति चाहिने फय गं भन्ने घण्टाहरू बनाउन दिइयो। | (७१ ख) |
| ६. | सं. ८२२ मार्गशिर शुक्ल १२ – सिकर्मिं ज्या छुङा दिन। | उक्त दिन सिकर्मीहरूलाई काममा लगाइए। | (१ ख) |



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

| | | | |
|---|---|---|---|
| ७. | सं. ८२२ मार्ग्गशिर वदि १ थ्व कुन्हुनिसें, ङातापोलल देवलयता, न्याकलिम ज्या छुङा दिन। | उक्त दिनदेखि पाँचतले मन्दिर बनाउनका लागि चाहिने फलामका सार्जाम बनाउन नकर्मीहरूलाई काममा लगाइए। | (१०७ क) |
| (क) | सं. ८२२ मार्ग्गशिल वदि १ भोत्या कर्म्मि ज्या छुङा। | उक्त दिन बनेपाका कर्मीहरू-लाई काममा लगाइए। | (२०० ख) |
| ८. | सं. ८२२ पौष शुदि ७ वृहस्पतिवार, ङातापुल पेया, ङातापोलर देवल दानेयात। | उक्त दिन न्यातापोलल, (पाँचतले) मन्दिर नव निर्माणार्थ 'ङातापुल' भन्ने पुरानो मन्दिर भत्काइयो। | (२५६ क, ख,) |
| ९. | सं. ८२२ पौष शुदि १३ चाप्सि दुकाया। | उक्त दिन चाँपका काठ भित्याइए। | (१५७–१५८) |
| १०. | सं. ८२२ पौष शुदि १४ मस्यान ब्रिजिलिस अ्रत उङा...<br>खोहो दोस " "<br>नाय धाखास " "<br>वाता धाखास " "<br>याकाति खालस " "<br>चुपिन गालस " "<br>तव पुखु क्व " "<br>पुखु क्व " " | उक्त दिन मस्यान विजिलि भन्ने ठाउँको भट्टामा इँटा पोल्ने काम भयो .. यस्तै खोहो दो (नदीको दोभान स्थित) नाय धाखा, वाता धाखा, याकाति खाल, चुपि गाल, नव पुखूक्व र पुखुक्व भन्ने ठाउँका भट्टामा पनि इँट पोल्ने काम भए। यी ठाउँमा इँट पोल्न जेठ वदि ११ सम्म समय लागेका थिए। | (२५९ क, ख) |
| ११. | सं ८२२ पौष द्वादशी प्र त्रयोदशी मूल नक्षत्र बुधबार वास्तुपूजा भूमि शोधन | उक्त दिन वास्तुपूजा र भूमि शोधन कृत्य सम्पन्न गरिए। | (१२९ ख र १६३ क) |



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

| | | | |
|---|---|---|---|
| १२. | सं. ८२२ माघ शुदि ५ तरमंढेस दाङा देवलया पादु स्थापन। | उक्त दिन तःमधि टोलमा बनाउन लागेको मन्दिरको पादु स्थापना गरियो। | (१३० ख) |
| १३. | सं. ८२२ फाल्गुण वदि ५ गजुल ज्या। | उक्त दिन गजूर बनाउने काम थालियो। | (७२ ख) |
| १४. | ने. सं. ८२२ फाल्गुण कृष्ण षष्ठी ज्येष्ठ नक्षत्र सुद्धि योग आदित्यवार थ्व कुन्हु देवलया द्वार स्थापन। | उक्त दिन मन्दिरको द्वार स्थापना भयो। | (१३२ क) |
| १५. | ने. सं. ८२२ फाल्गुण कृष्ण एकादशी घनेष्ठ नक्षत्र सिद्धि योग, शुक्रवार थ्व कुन्हु देवलया निलाल छा। | उक्त दिन तिथिमा मन्दिरमा निनाल भन्ने काठ जडान गरियो। त्यसका निम्ति पूजा होम वलि आदि कृत्य पनि सम्पन्न गरिए। | (१३४ क) |
| १५.(क) | ने. सं. ८२२ चैत्र शुदि ७ गवाक्ष स्थापन ।। क्वथु ताया झ्याल छुया ।। | उक्त दिन गवाक्ष स्थापना गरियो। | (१३५ ख) |
| | | त्यसको धार्मिक कृत्य पनि सम्पन्न भयो। सोही दिन धार्मिक तान्त्रिक वलि कृत्यका साथ पहिलो तलामा झ्याल जडान गरियो। | (१७४ ख) |
| १६. | ने. सं. ८२२ चैत्र वदि १३ थासि मूसि दुकाया दिन, वाभु न्हस गामयां ।। | उक्त तिथि दिनमा वाभु र सात गाउँ (बनेपा, नाला, सांगा, धुलिखेल, पनौति, चौकोट, श्रीखण्डपुर) समेतबाट थासि मुसि भन्ने काठ भित्र्याए। | (१५८ क) |
| १५.(ख) | ने. सं. ८२२ चैत्र कृष्ण तृतीया, अनुराढ (धा) नक्षत्र, वरियान योग शनैश्चरबार, थ्व कुन्हु झ्याल छुया नेताया ।। | उक्त तिथि दिनमा दोश्रो तलामा झ्याल जडान गरियो। | (१ ख) |



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

| | | | |
|---|---|---|---|
| १५.(ग) | चैत्र कृष्ण सप्तमी, पूर्वाषाढ नक्षत्र, सिद्धि योग अंगारवार थ्व कुन्हु देवलया झ्याल छ्वया स्वताया । | उक्त तिथि दिनमा मन्दिरको तेस्रो तलामा झ्याल जडान गरियो । | (१ ख) |
| १५.(घ) | ने. सं. ८२२ चैत्र कृष्ण एकादशि शतभिषा नक्षत्र ब्रह्मयोग शनैश्चरवार थ्व कुन्हु देवलया झ्याल छ्वया पेताया ।। | उक्त तिथि दिनमा मन्दिरको चौथो तलामा झ्याल जडान गरियो । | (१ ख) |
| १५.(ङ) | ने. सं. ८२२ चैत्र कृष्ण त्रयोदशि उत्तरभद्र नक्षत्र वैधृति योग सोमवार थ्व कुन्हु देवलया झ्याल छ्वया ङाताया ।। | उक्त तिथि दिनमा मन्दिरको पाँचौं तलामा झ्याल जडान गरियो । | (१ ख) |
| १७. | ने. सं. ८२२ चैत्र वदि १४ कोत्खा लोहों दुकाया ।। राजफौड, धन खारिसा, शंकर सिं, भायदेव खारिसा, आदि सिपायि समूह पाखें -- | उक्त दिन राजफौड, धन खारिसा, शंकर सिंह, भायदेव खारिसा... आदि समूहबाट कोत्खा लोहों भन्ने ढुङ्गा भित्र्याइए । | (१५९ ख) |
| १८. | ने. सं. ८२२ चैत्र कृष्ण १५ चुका छायात पूजा ।। | उक्त दिन चुका (चुलिका) छा पूजा गरियो । | |
| १९. | ने. सं. ८२२ वैशाख शुक्ल तृतीया, रोहिणी प्र मृगशिर नक्षत्र अत्ति गंधयोग, वृहस्पतिवार थ्व कुन्हु देवलया चुका छा ।। | उक्त तिथि दिनमा मन्दिरमा चुका (चूलिका) चढाइयो । | (२ क) |
| २०. | ने. सं. ८२२ वैशाख शुदि ५ चेकन अत दुकाया थेमिया, बुदेया, नकदेशया, | उक्त दिन ठिमी, नगदेश र बोडेबाट ल्याइएका ठूला र साना तेलिया इँट भित्र्याइए । | (२५७ ख) |



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

| | | | |
|---|---|---|---|
| २१. | ने. सं. ८२२ वैशाख शुक्ल सप्तमि पुष्य नक्षत्र, गंडयोग, वृहस्पतिवार थ्व कुन्हु देवलया श्रावं चेया ङातायाा ।। | उक्त दिन मन्दिरको पाँचौं तलामा छाना लगाइयो । | (२ क) |
| २२. | ने. सं. ८२२ वैशाख शुक्ल नवमि मघ नक्षत्र धुरुव योग शनैश्चरवार थ्व कुन्हु देवलया श्रावं चेया पेताया ।। | उक्त दिन मन्दिरको चौथो तलामा छाना लगाइयो । | (२ क) |
| २३. | ने. सं. ८२२ वैशाख शुक्ल एकादशि उत्तर फाल्गुणि नक्षत्र हर्षन योग सोमवाल थ्व कुन्हु देवलया श्रावं चेया स्वताया ।। | उक्त दिन मन्दिरको तेस्रो तलामा छाना लगाइयो । | (२ क) |
| २४. | ने. सं. ८२२ वैशाख कृष्ण प्रतिपद्रि(दा) अनुराढ नक्षत्र परिघ योग शुक्रवार थ्व कुन्हु देवलया श्रावं चेया नेताया । | उक्त दिन मन्दिरको दोस्रो तलामा छाना लगाइयो । | (२ क) |
| २५. | ने. सं. ८२२ वैशाख कृष्ण... | (यहाँ पहिलो तलामा छाना छाएकोको तिथि दिन उल्लेख गर्न छुटेको देखिन्छ ।) | |
| २६. | ने. सं. ८२२ वैशाख कृष्ण द्वितीया गोय छाया ।। | उक्त दिन सुपारी चढाएर भाकल गरियो । (सिद्धाग्नि कोट्याहुति यज्ञ गर्ने संकल्पको । | |
| २७. | ने. सं. ८२२ वैशाख कृष्ण तृतीया मूल नक्षत्र सिद्धियोग श्रादित्यवार थ्व कुन्हु पिथु पूजा, यवोदक, शिवशक्ति कलश काय ।। वैशाख कृष्ण ४, पिथार्च्चन, वैशाख कृष्ण ५, पुरश्चरण, वैशाख कृष्ण ७, मण्डप गोय ।। | वैशाख कृष्ण तृतीया, चतुर्थी, पंचमी, सप्तमीका दिनहरूमा क्रमशः पिथु पूजा, यवोदक, शिवशक्ति कलश ग्रहण गर्ने, पीठार्च्चन, पुरचरण आदि कृत्य सम्पन्न गर्नुका साथै यज्ञ (?) मण्डप (कोट्याहुति यज्ञको लागि?) बनाउने काम भयो । | |



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

| | | | |
|---|---|---|---|
| २८. | ने. सं. ८२२ वैशाश कृष्ण अष्टमी बेतालि ब्नयका देवलस... | उक्त दिन तिथिमा बनाउन सकिएको मन्दिरमा बनेपा, पनौति, नाला, सांङा, ठिमी, घुलिखेल, चौकोट, नगदेश, श्रीखण्डपुर (खम्पु), बोडे आदि ठाउँबाट बढाइ ज्ञापन स्वरुप बेतालि पताका फहराउन आवश्यक सामग्री पठाइए। | |
| २८.(क) | बैशाख कृष्ण ८, आवन चेयाया पूजा.. अभिशेक | उक्त दिन तिथि पर्वमा छाना छाए वापत शान्ति स्वस्ति पूजा गरियो। | |
| (ख) | वैशाख कृष्ण ८, देवलस गाधल चो ज्या, क्वनपात चो ज्या जज्ञमण्डप चोज्या .. | उक्त दिन तिथि पर्वमा मन्दिरको गाधल भन्ने पर्दामा, क्वनपातमा र जज्ञमण्डपमा आवश्यक चित्र लेखाउने काम गराइयो। | (१७२-१७३) |
| २९.(क) | वैशाख कृष्ण ९ कोट्याहुति यज्ञ जज्ञ कुण्ड म्हुया | उक्त दिन कोट्याहुतियज्ञका निम्ति यज्ञ कुण्डको जग खनियो। | |
| (ख) | वैशाख कृष्ण ११ कुण्डपाद स्थापना ॥ | उक्त दिन कुण्डपाद स्थापन भयो। | |
| (ग) | वैशाख कृष्ण १३ द्वार स्थापन (जज्ञमण्डपया) तोरण स्थापन | उक्त दिन जज्ञ मण्डपमा द्वार र तोरण स्थापन भयो। | (८५ ख) |
| ३०. | वैशाख कृष्ण १३ खश पञ्चया सेवा कु दुकाया | उक्त दिन खश पञ्चहरूले पठाइएका सेवा कु उपहार भित्र्याइए। | |
| ३१. | ज्येष्ठ शुदि ८, १०, १२ नकदेश, ज्येष्ठ कृष्ण ४, ५, ८ धरिखेल, खम्पु, थेमि, भोत, चौक्वात, यल, साङान ह्व सेवा कु दुकाया ॥ | उक्त दिन तिथिमा नगदेश, घुलिखेल, श्रीखण्डपुर, ठिमी, बनेपा, चौकोट, ललितपुर र साङाबाट पठाइएका सेवा कु भित्र्याइए। | |



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

| | |
|---|---|
| ३२.(क) ज्येष्ठ शुदि १ अङ्कुरार्पण | उक्त दिन अङ्कुरार्पण कृत्य सम्पन्न भयो । |
| (ख) ज्येष्ठ शुदि ६ पुण्याहवाचन, सूर्य पूजा, द्वार पूजा, पताका महाध्वज तया, काशि होम, गुरु पूजा, ऋत्वीज वरण, मण्डप पूजा | उक्त दिन तिथिमा पुण्याहवाचन, सूर्य पूजा र द्वार पूजा भए । पताका र पहाध्वज राखिए । काशी होम, गुरु पूजा, ऋत्वीज वरण र मण्डप पूजा भए । |
| (ग) ज्येष्ठ शुदि ७ राज पूजा, थण्डिल उद्धार, जल जाग | उक्त दिन तिथि पर्वमा थण्डिल उद्धार, जग जाल (जल यज्ञ) कृत्य भए । |
| (घ) ज्येष्ठ शुदि ८ मण्डप यबोदक, पाद प्रक्षालन, भेवत वलि | उक्त दिन तिथिमा मण्डप यवोदक, पाद प्रक्षालन र भेवत वलि पूजा आदि कृत्य सम्पन्न भए । |
| (ङ) सं. ८२२ ज्येष्ठ शुक्ल नवमी उत्तर फाल्गुणी नक्षत्र सुद्धि योग आदित्यवार कुन्हु निसें कोट्याहुति यज्ञ अग्नि स्थापन, था पूजा, जागरण, आहुति, पुराण पाठ, जप, वलि, सदाव्रत दान, निश्राव दान, ब्रह्मभोज, भोज, प्याखं .. | सम्वत ८२२ ज्येष्ठ शुदि नवमी उत्तर फाल्गुणी नक्षत्र सुद्धि योग आदित्यवारका दिनदेखि ४८ दिन सम्म कोट्याहुति यज्ञ गराइए । उक्त कोट्याहुति यज्ञमा अग्नि स्थापन, पुराणादि शास्त्र पाठ, ग्रह शान्ति जप, वलि, सदाव्रत र निश्राव दान कृत्य हुनुको साथै ब्राह्मण आचार्य जोशी आदि पुरोहित र स्थानीय टोल निवासी, विभिन्न कामदारहरू, अतिथिहरूलाई भोजन गराउनुका साथ साथै नाच भजन बाजा आदि आयोजना गरेर मनोरञ्जन पनि गराइएको आभास हुन्छ । |
| ३३. ने. सं. ८२२ ज्येष्ठ कृष्ण १० देव स्नान याचका | उक्त दिन तिथिमा प्रतिष्ठा गरिने देव प्रतिमालाई स्नान गराइयो । |



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

| | | |
|---|---|---|
| ३४. | ने. सं. ८२२ ज्येष्ठ कृ १० प्र ११ दश कर्म | उक्त तिथि पर्वमा देव प्रतिमाको धार्मिक विधिपूर्वक दश कर्म संस्कार कृत्य सम्पन्न भए । |
| ३५. | ने. सं. ८२२ ज्येष्ठ कृ ११ देव शोधन | उक्त तिथिमा देव प्रतिमा शोधन कृत्य भयो । |
| ३६. | ने. सं. ८२२ ज्येष्ठ कृ १२ देव प्राण प्रतिष्ठा | उक्त तिथिमा देव प्रतिमामा धार्मिक विधिपूर्वक प्राण प्रतिष्ठा कृत्य गराइयो । |
| ३७. | ने. सं. ८२२ आषाढ शुदि १ देव स्थापना; गजुल छाया आषाढ शुदि ४ गजुल छाया प्रतिष्ठा पूजा, अभिशेक चौराशि पैचाल, दिग पूजा | उक्त दिन तिथिमा मन्दिरमा देव प्रतिष्ठा र मन्दिरमाथि गजूर स्थापना गरिए । उक्त तिथिमा गजूर प्रतिष्ठा पूजा, अभिशेक, चौराशि रोटी व्यञ्जन चढाइए, दिग पूजा गराइए । |
| | आषाढ शुदि ११ गाध दुन्ता | उक्त तिथिमा घण्टा चढाइए । |
| ३८. | श्रावण शुदि २ इनाय दो बिज्याङ | इनाय दो अर्थात् सूर्य विनायक स्थानमा पूजा गर्न राजा सवारी भयो । |
| ३९. | ने. सं. ८२३ पौष कृष्ण १२ भश्म नदी प्रवाह | कोट्याहुति यज्ञको भश्म नदीमा सेलाइयो । |

**(ख) न्यातपो मन्दिर निर्माणार्थ खर्चका निम्ति रकम निकासा:—**

सर्व प्रथम, राजा भूपतीन्द्र मल्लले पटक पटक गरी विभिन्न ठाउँमा आवश्यक निर्माण खर्चका निमित्त निकासा भएको जम्मा रकम मो. टं. ४०७४ दम्म १०

| | |
|---|---|
| तलेज् भवानीको ढुकुटीबाट निकासा भएको रकम | मो. टं. १०७ दम्म २१ |
| वंशीधरबाट प्राप्त रकम | मो. टं. २३० |
| सेवा कु बाट प्राप्त सहायता रकम नगद | मो. टं. २७१० |

(सेवाकुमा समाविष्ट जिन्सी सामान र टोल टोलका व्यक्तिहरूबाट सहयोग स्वरूप आएका काठ, ढुङ्गा र अन्य वस्तुको हिसाव अलगगै छन्)



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यसका मूल पाठ अंशका केही नमूना यहाँ उल्लेख गरिन्छ । जस्तैः–

**सम्वत् ८२२ कार्तिक वदि १, ङाता पोलल देवलदानेयता, अत छेयता दाम प्रसन्न जुला, शिवतान, जोगिदास, चुकुटि, भागिराम पेम्हसेन कायाव, धेधेया नायक म्होय पनिस्तं बिया अत छेस्का जुलो ।। ।। मोटं २४४ शुकि १ छपतक, तवचपलिस प्रसन्न जुला ।। कार्तिक व ५ अतकर्म्मियाता बियता, मो २०० ववथास प्रसन्न जुला ।। फाल्गुण शु १० अतं मवायाव म्होयपनिस्तं ताङा बियता मो १५० पुलबाहालया सा ङ्यालस प्रसं जुला ।। चैत्र व १० अतयाता मवायाव मो १०० छपतक फोङा । ज्येष्ठ व ५ सिन मवायाव, ङ्यायत, अतया बय बियता फोङा मोटं १०० लक्ष्मी चुकस...** (पत्राङ्क १६२, १६३ क, ७३ क, ७८ ख, ६२ क)

**सं ८२२ माघ शुदि ९ मो १०७ दं २१ श्री ३ तरेजुया कासे बिर ।।**

(पत्राङ्क ७१ ख, ७२ क)

**संम्वत् ८२२ वैशाख वदि ७ वंशिधरयाके काया दिन मोट १०० मोटं १०७ छपतक मोटं ४० छपतक काया ।। मोटं ६० छपतक काया ।। मोटं ३० छपतक काया ।। ।।** (पत्राङ्क ६२ क)

यी उद्धरणका नेपालीमा रूपान्तरित पाठः–

ने. सं. ८२२ कार्तिक वदि १ का दिन [राजा भूपतीन्द्र मल्लबाट] पाँचतले मन्दिर बनाउन, इँट बनाउन लाउन निकासा दिइएका रकम शिवनान, जोगिदास, चुकुटि, भोगिराम नाम भएका चार जना व्यक्तिले बुझी लिई म्होय नायकहरूलाई दिए । राजाले तवचपलिमा एक पटक मोटं २४४ शुकि १ अनुदान बकस भयो ।

कार्तिक वदि ५ मा इँट सम्बन्धी काम गर्ने कर्मीलाई दिन भनी मो २०० कोठामा बकस भयो ।

फागुन शुदि १० का दिन इँट नपुग हुँदा म्होयहरूलाई थप रकम दिन मो १५० पुल-बाहालको सँङ्यालमा राज भइरहँदा बखत बकस भयो । चैत्र वदि १० का दिन इँट वापत तिर्नलाई नपुग हुँदा यो १०० एक पटक राजा समक्ष माग गरियो ।

ज्ये वदि ५ का दिन काठ नपुग भएको बेलामा काठ किन्न र इँटको वयना तिर्नलाई राजा लक्ष्मी चोकमा सवारी हुँदा मोटं १०० बक्सन माग गरियो ।

सं. ८२२ माघ शुदि ९ का दिन मो १०७ दं २१ श्री ३ तलेजुको ढुकुटीको रकमवाट प्रदान गरियो ।

सम्वत ८२२ वैशाख वदि ७ वंशिधरसित मोटं १००, मोटं १०७, मोटं ४०, मोटं ६० र मोटं ३० पाँच पटक गरी लिइयो ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

न्यात्त पोलल (पाँच तले) मन्दिर निर्माणार्थ सहयोग स्वरूप ठाउँ ठाउँबाट र बिभिन्न व्यक्तिबाट प्राप्त हुन आएका विभिन्न जातका काठ, ढुङ्गा एवं अन्य निर्माण सामग्रीका सूची र हिसाव यसरी टिपिएका छन् उपर्युक्त अभिलेख ग्रन्थमा:—

**संम्वत् ८२२ पौख शुदि १३ चापसि दुकाया ।। भोतया चापसि दुकाया, ग्व १६ पेम्हा ग्व ७ नेम्हा, ग्व ६७ याका(त?), ग्व ६ बिलंपत, ग्व १ खुम्हा, ग्व ६ फलेपत ।। ग्व १८९ सिया थिक, ७५२ म्हं थिक, मोटं ४×दं १६ थिक ।।**

**पनातिया चाप्सि दुकाया, ग्व १६ पेम्हा, ग्व ३ स्वम्हा, ग्ब ५ च्याम्हा, ग्व ६० नेम्हा, ग्ब १ याकात, ग्व ८ फलेपत ।। ग्व १०१ सिया थिक, म्हं ५३३ थिक, मोटं ४/ दं २७ थिक ।।**

**साङाया चाप्सि दुकाया ग्व ४४ नेम्हा, ग्व ३० याकात, ग्व १ सोम्हा, ग्व ५ नेम्हा, ग्व २ पेम्हा, ग्व १ फलेपत् ।। ग्व ८३ सिया थिक, म्हं १८८ थिक, मोटं १× दं ६ थिक ।।**

**धरिखेलया... ग्व १०७ पेम्हा, ग्व ४ नेम्हा, ग्व १२ च्याम्हा, ग्व १५ खुम्हा, ग्व ४ श्वम्हा, ग्व २ ङाम्हा, ग्व २ गुम्हा, ग्व ५ याकात, ग्व ४३, ग्व ३ ।। ग्व २०० सिया थिक, म्हं १०६७ थिक, मोटं ९ दं ११ थिक ।।**

**चौक्वाठया... ग्व ७ नेम्हा ।। ग्व ७ सिया थिक, म्हं १४ थिक, दं १४ थिक ।।**

**खनपुया .. ग्व ३ पेम्हा, ग्व २ खुम्हा, ग्व १२ नेम्हा, ग्व ३ च्याम्हा, ग्व १ फलेपत् ।। ग्व २१ सिया थिक. म्ह १०३ थिक, शुकि ३ दं २२ थिक ।।**

**नालाया .. ग्व १९ पेम्हा, ग्व २ झि सोम्हा, ग्व ५ च्याम्हा, ग्व १ गुम्हा, ग्व १ ङाम्हा, ग्व २ याकात, ग्व २ फलेपत् ।। ग्व ३३ सिया थिक, म्ह २३६ थिक मोटं २ थिक ।।**

**ग्व ३३० सिया सथिक, म्ह २६८८ म्हाया सथिक, मोटं २२ शुकि २ दं १९ दामया सथिक ।**

**(पत्राङ्क १५७ क, ख)**

यी उद्धरणका नेपाली रूपान्तर:—

ने. सं. ८२२ पौष शुक्ल १३ मा प्राप्त हुन आएका चाँप काठ ।।

भोत (बनेपा) बाट प्राप्तं हुन आएका जम्मा १८९ थान काठ ७५२ जवान ज्यामीको श्रम र उनीहरूलाई वय (बयना/ज्याला) मोटं ४ र आधा र दम्म १६ परेको थियो ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पनौतिबाट प्राप्त हुन आएका जम्मा १०१ थान ५३३ जवान ज्यामीको श्रम र उनीहरूलाई बय/ज्याला मोटं ४/ दम्म २७ परेको थियो ।

साङाबाट प्राप्त हुन आएका जम्मा ८३ थान काठ १८८ जवान ज्यामीको श्रम र उनीहरूलाई बय/ज्याला मोटं १× दंम ९ परेको थियो ।

धुलिखेलबाट जम्मा २०० थान काठ प्राप्त हुन आएका १०६७ जवान ज्यामीको श्रम र उनीहरूलाई मोटं ९ दम्म ११ बय/ज्याला परेको थियो ।

चौकोटवाट ७ थान काठ प्राप्त हुन आएकोमा १४ जवान ज्यामीको श्रम र दम्म १४ बय/ज्याला परेको थियो ।

खंपु (श्रीखण्डपुर) बाट २१ थान काठ प्राप्त भएकोमा १०३ जना ज्यामीको श्रम वापत बय/ज्याला शुकि ३ दम्म २२ परेको थियो ।

नालाबाट ३३ थान काठ प्राप्त हुन आएकोमा २३६ जना ज्यामीको श्रम बापत मोटं २ बय/ज्याला परेको थियो ।। ।।

अभिलेख ग्रन्थबाट ती सबैका कुल जम्मा ६३० थान काठ २६८८ जना बरावर ज्यामीको श्रम र तिनीहरूलाई ज्याला/ब्रय मोटं २२ शुकि २ र दम्म १९ देखाइ-एको छ।

यस्तै कत्ति र थासि (सालको काठ) भन्ने काठ प्राप्ति बारेका पनि हिसाब देखाइएका छन् । ती यहां यो लेख अनावश्यक रूपले लम्बिने भयले उल्लेख गरिएन । त्यस्तै, प्रमान, चौतारा, राजफौद, हाकु घर्ब्वा, पदमसिं, विदेश्वर घर्ब्वा, तवधेक, मोहनभत, जयसिं भत, चुकुति दोको छें, भायराम, हाकु न्हुछे, घम खालिसा, सिवनान, चुकुति ग्वग, जागेश्वर जोशी, गंगादेव कस्त, वैद्य खालिसा, दातेम्हा न्हुलछे, रहदेव, तावत, ताति, मंगलाछे, इछु, राकोलाछे एवरा र इताछेबाट प्राप्त भएका जम्मा ८८ थान काठ, ६८५ जना ज्यामी बराबरका श्रम बापतको बय/ज्यालाको हिसाब बारेको मूल पाठ अंश पनि यहाँ उद्धरण गरिएन (अभिलेख ग्रन्थका पत्राङ्क १५७ र १५८ मा हेर्न सक्नु हुन्छ ।)।

(घ) भक्तपुरका टोलटोलबाट पांचतले मन्दिर निर्माण कार्यमा सहयोगार्थ प्राप्त हुन आएका साल काठका नाप, थान, ज्यामी संख्या र ज्याला/बय सहितका विस्तृत हिसाब यसरी टिपिएका छन् । उक्त अभिलेख ग्रन्थका (पत्राङ्क १५१-१५३) माः-



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तेखाचोया म्हं ६४ दं ६४ ॥ ग्व ९ × दु ४ × फा ८

| | | |
|---|---|---|
| ग्व १ | दु ४ | फा ९ |
| ग्व १ | दु ३ × | फा १२ |
| ग्व २ | दु ५ × | फा ६ |
| ग्व १ | दु १० | फा ७ |
| ग्व १ | दु ११ | फा १० |
| ग्व १ | दु १० × | फा ९ |
| ग्व १ | दु ४ × | फा ८ |
| ग्व १ | दु ८ × | फा १० |

यस्तै प्रकारले इताछे, तवचपाल, जेला, मंगलाछे, लाक्वलाछे, याछे, क्वाठन्दु, गोडमंढे (गोलमढि), तुपलाछे, खणिमा (खौमा), दुबु, त्रिपक्व छें, यंपलाछे, तलमंढे (तौमढि), चोछे, गलछें, यावला, राजकुल ध्वाका, भातावाचो, घतखा, बोलाछें, थंकलाछे टोलहरूबाट र शिवनानया जन, शंकरसिया, जन, पद्मसिया जन, चकुति ग्वगया जन, मोहोन भतया जन, चवतालाया जन, मधुसुदनया जन, हाकु घर्ब्वायाया जन, विदेश्वर घर्ब्वायाया जन, विशेश्वरया जन, चकुटिया जन, गणदेवया जन, रामेश्वरया जन, भायरामया जन, घनसिहया जन, दातेम्हाया जन, तवधेकया जन, हाकुया जन, रामेश्वरया जन इत्यादि नामका तत्कालीन सिपायि समूह समूहवाट प्राप्त काठ सहयोगको गणना सूची लेखिएका छन् । ती टोलहरू र जनसमूहवाट प्राप्त काठ जम्मा थान ४६५, ज्यामी भरिया २६८७ र बय/ज्याला रकम मोटं २२ × दम्म ९ लेखिएको देखिन्छ ।

(ङ) ललितपुरका टोल टोलबाट पाँचतले मन्दिर निर्माण कार्यमा सहयोग स्वरूप ने. सं. ८२२ माघ शुदि ६ मा प्राप्त घुंसि भन्ने सालको काठका सूची पनि प्रत्येक टोलको अलगै काठ थान, लम्बाइ चौडा मोटाइ नाप, ज्यामी भरिया संख्या र तिनीहरूलाई दिइएका बयं/ज्याला यसरी उल्लेखित छन्:–

---

ग्व = काठको थान गिन्ती
दु = लमाई
फा = चौडाई

× = आधा
ग्व १ दु ४ फा ९ भन्नाले लमाइ ४ हात चौडाइ ९ हात भएको १ थान साल काठ हो ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

संवत् ८२२ माघ शुदि ६ यंलाया पनिस्यं, धुनसि सि हव दुकाया ।।

| | नेपालीमा रूपान्तर |
|---|---|
| मंगलया ।। ग्व ३ दु ६× फो फा ६, | मंगल टोलको (प्राप्त हुन आएका काठ) थान ३ लम्बाई साढे ६ चौडाई मोटाई ६ हात |
| ग्व १ दु ९ फो ७ फा १० | थान १ लम्बाई ९ मोटाई ७ चौडाई १० हात |
| ग्व १ दु ३× फो १५ फा १९ | |
| ग्व २ दु ८ फो फा ८, | थान २ लम्बाई ८ हात मोटाई चौडाई ८ हात |
| ग्व १ दु ८× फो फा ८, | थान १ लम्बाइ साढे आठ मोटाई चौडाई ८ हात |
| ग्व १०४ मोटं २ दं ४४ | १०४ जना ज्यामी वराबरको श्रम उनीहरूलाई बय/ज्याला मो २ दंम ४४ (तिरेको)। |

यस्तै नै दथु ध्वल (?), सगल, यकान छे (?), नकबहिल, गालबाहाल, सोको बाहा (?), चन्ति (?), न्हागल, इखालखु, कोन्ति, ओरा, खपिंछे, हगल, इखाछे, तङ्गल, ईबाहाल (?), नोगल, भेलाछे, था बा (?), न्हफले (?), घालाछें, कोबाहाल, दोपात टोलहरूबाट प्राप्त काठ सहयोग सूची अभिलेख ग्रन्थका पत्राङ्क १५५ ख देखि १५७ क भित्र लेखिएका छन्। ती लेखहरूबाट कुल काठ थान ८५ प्राप्त भएको देखिन्छ त त्यसमा लागेका १८३ जना भरिया वराबरका श्रम वापत बय/ज्याला मोटं ४ दम्म १० परेको देखिन्छ।

(च) भक्तपुरका टोल टोलबाट, सिपायि जनसमूहबाट (राजफौद, धन खालिसा, शंकरसि इत्यादि २३ समूह), म्होगहरूबाट, भोत (बनेपा) पनौति नाला धुलिखेल साङा खनपु चौक्वाठ सात गाउँबाट प्राप्त ढुङ्गा र कोतखा लोहँ भन्ने ढुङ्गाका सूची उक्त अभिलेख ग्रन्थको पत्राङ्क १५९ ख देखि १६० भित्र टिपिएका छन्।

(छ) पाँचतले मन्दिरका केही अंश विशेषका नाप उक्त ग्रन्थको पत्राङ्क २४६ क मा यसरी उल्लेखित भएको देखिन्छ :-

देवलया ल्याख ।। खाल भेजं (?) सुआ, नागोलं था, खे कु १९ अं ६ जाव, कु २ ।।

थामया ता कु ६×, नाग लेबि सि, मोल हाथ जाव कु १× अं ६

झ्याल छुयता कु ६×, गलवा आवनो तु जाव अं २१, चुकल जाव कु २ अं २१,

नेताया नाग लेबि सकताङ जाव कु १× अं ६, झ्याल ता जाव कु ५×, चुकल जाव



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कु २ अं ५, आवनो तु गलचा जाव, अं २२ नाग लेबिं सकातां (सकतां) जाव कु १× अं २

सोताया झ्यालता जाव कु ४×, चुकल जाव कु १× अं ६, गलचा लेबिं, नाग, सि मोल, ला फव, जाव कु १× अं १०

पेताया झ्यालता जाव कु ४ अं २, चुकल जाव कु त्या १× अं ८, गलचा लेबिं नाग सि मोल जाव कु १× अं ६

ङ(ङा)ताया, झ्यालता, जाव ३, चुकल जाव, कु १ अं २१ थ्वते देवलया खा ।। ।।

नेपाली रूपान्तर

मन्दिरको (नापोको) कुरा ।।

खाल मेल (मोल ?) सु द्ध 'नागोल' भन्ने बुत्ता (सर्प बान्की परेको बुत्ता) भए ठाउँबाट मास्तिर खे (मुहुडा ?) हात १९ अंगुल ६, उचाई हात २ ।।[1]

थाम (खम्बा) लाई नाप–

हात साढे छ, नाग, लिबिंसि, मोलका[2] उचाई हात साढे एक र अंगुल ६,

झ्याल जडान गर्ने ठाउँका लागि साढे ६ हात,

गलचा र आवनको उचाई अंगुल २१

चुकलको उचाइ हात २ अंगुल २१

दोस्रो तलाको

नाग लिबिं सि सबै थोकका उचाई हात साढे एक अंगुल ६, झ्याललाई उचाई (ठाउँको निम्ति) साढे पाँच हात, त्यसको चुकलको उचाई हात २ अंगुल ५

गलछा र आवनको उचाई अंगुल २२,

नाग लिबिंसि सबै थोकका उचाई साढे एक हात अंगुल २

तेस्रो तल्लाको

झ्याललाई ठाउँको उचाई साढे ४ हात त्यसको चुकुको उचाई साढे एक हात अंगुल ६, गलचा र आवनको लेबिं, नाग,

सिं मोल, लाफव[3] आदि सबै थोकका उचाई हात साढे एक अंगुल १०

चौथो तलाको

झ्याललाई ठाउँको उचाई ४ हात अंगुल २ त्यसको चुकल (चुकुलको) उचाई साढे एक हात र अंगुल ८, गलचा, लेबिं, नाग र सिं मोलको उचाइ साढे एक हात अगुल ६

---

१, २, र ३ यस्तो अंग विशेषको बनोटको चित्रका निम्ति हेर्नुस्ः–

Niels Gutschow, B. Kolver– Newar Towns and Buildings (1987), Pages 179, 241, 242



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पाँचौं तलाको

झ्याललाई चाहिने ठाउँको उचाई २ हात त्यसको चुकलको उचाई हात एक अंगुल २१

(ज) पाँचतले मन्दिरको फस गाथ (बलेसीमा झुण्ड्याउने घण्टा) बनाउने काम, र तिनीहरूका गणना उक्त अभिलेख ग्रन्थको पत्राङ्क ७१ ख, ७२ क र १०७ ख मा यसरी लिपिबद्ध भएका पाइन्छन्:–

**सं ८२२ कार्त्तिक वदि १२ फस गाथ ज्या ॥ ॥**

**सेथ धा २४ कु २ थिक मो २२ ।॥ द्र कु ३**

**कास धा १७ प्र २ अस्ता २ तोला २ द्र प्र ३**

**रिर धानि ३१ कु १ अस्ता १ द्र प्र ३ ।॥**

**फस गाथ ग्व ५२६** (पत्राङ्क ७१ ख र ७२ क बाट)

**फस थया लाल धानि २ गाथया छें धानि २, गाथया सिखल धानि ५ ॥ ॥**

**थाथु ताया गाथ वाङ ग्व ४८**

**थाथु तान कोया गाथ ग्व ८०**

**दथु ताया गाथ ग्व १०४**

**दथु ताया कोया गाथ ग्व १२८**

**कोथु ताया गाथ ग्व १६८**

... ... ...

**फय गाथया लाल धानि १३×,**

**फय गाथवा चाक धानि ३** (पत्राङ्क १०७ ख बाट)

नेपालीमा रूपान्तर

सं ८२२ (वि. सं. १७५८) कार्तिक वदि १२ का दिनदेखि फस गाथ (बलेसीका घण्टा) बनाउन लगाइयो ।

त्यसका निम्ति प्रयोग भएका कच्चा माल सामान

मैन धार्नी २४ कु २ बापत मोहर २२ आना १२ द्र कु ३ (?) लागेको थियो ।

काँस धार्नी १७ प्र २ अस्ता २ तोला २ प्र ३
पितल धार्नी ३१ कु १ अस्ता १× प्र ३ ।॥

यो दुवैको मोल बापत मोहर १०७ ॥ दं २१ श्रीश्रीश्री तलेजुको दामबाट तिरेको बुझिन्छ ।

फस गाथ (बलेसी घण्टा) जम्मा ५२९ ओटा बनाइएको देखिन्छ ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गाथ (ठूलो घण्टा) लाल, छें र सिक्री फलामबाट नकर्मीहरूले बनाएकामा फलाम धार्नी क्रमशः २, २ र पाँच लागेको थियो। पाँचौं तलामा ४८ वटा, चौथो तलामा ८० वटा, तेस्रो तलामा १०४ वटा, दोस्रो तलामा १२८ वटा र पहिलो तलाको छानामा १६८ वटा फस गाथ (बलेसी घण्टाहरू) झुंडिएका छन्।

फस गाथ (बलेसी घण्टा)का लाल बनाउन फलाम धार्नी साढे तेह्र,

फस गाथका चाक (घेरा) बनाउनमा फलाम धार्नी ३ लागेको देखाइएको छ।

(झ) पाँचतले मन्दिरको गजूर बनाउने काम बारेको तथ्य टिप्पणी उक्त अभिलेख ग्रन्थ पत्राङ्क ७२–७३ मा यसरी लिपिबद्ध गरिएका छन्:–

सं ८२२ फाल्गुण वदि ५ गजूल ज्यायता ।।

धा १४० सिजल फोङा

धा ५ सिज[ल] फोङा

धा १ कु २।।। तो ७ बुक

धा २ कु १ ग्र २ काचि शंखर सिङ्याके काया

धा ४ कास फोङा

धा ३ कु २।। खपोसत

धा १५४ कु १ तो ७ थिक

कु ४ ग्र ३ छपतक

धा ४० कु २।। तो १ गजुल

धा ५० कु २/ ग्र २ मागोल

धा ३ कु १ ग्र १ हनुध्वज

धा ३ कु २ तो ३ मकुट ग्व ३

लु तोरा ३७ द्र २३ मो १५४५/// लु मुर

पाधर, धा २ तो ४ मं ६ मो ४२ ।। दं ४ द्र पाधर मुर (पत्राङ्क ७३ ख)

नेपालीमा रूपान्तर

ने. सं. ८२२ (वि. सं. १७५८) फाल्गुण वदि ५ गजूल बनाउने काम भयो।

तामा धार्नी १४०+५ धार्नी माग गरियो।



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शंकरसिंहबाट लिएको तामा मध्ये
गालेको पितल धा १ कु २/// तो ७
काँचो पितल धा २ कु १ अ २
काँस धार्नी ४ माग गरिएको
खपोसत धार्नी ३ कु २ ।।
जम्मा तौल धार्नी १५४ कु १ तो ७
गजूरको तौल धार्नी ४० कु २ ।। तो १
भागीलको तौल धार्नी ५० कु २ । अ २
हनुध्वज धार्नी ३ कु १ प्र १
मुकुट ३ को तौल धार्नी ३ कु २ तो ३
सुन तोला ६७ द्र २३
सुनको मूल्य मोहर १५४५///
पारो धा २ तो ४ मं ९ को मूल्य मोहर ४२// दं ४ द्र ७

स्मरणीय छ, उपर्युक्त गजूर बनाउन जम्मा जम्मी मोहर २०५५/ दं १ खर्च भएको देखाइएको छ (पत्राङ्क ७३ ख मा देखाइएको टिपोट अनुसार)।
त्यस बेलाको प्रचलित दर भाउ अनुसार

| | | |
|---|---|---|
| तोला १ सुनको | मोल मोहर २४ आना तेह्र र पैसा ३ | |
| फलाम धार्नी १ को | " | दम्म २४ |
| तामा धार्नी १ को | " | दम्म २८ |
| मैन धार्नी १ को | " | दम्म ११० |
| काँस धार्नी १ को | " | मोहर ३ जति |

(ञ) न्यातपोल (पाँचतले) मन्दिर बनाउनमा प्रयोग भएका इँटका संख्या र त्यसको मोल तिर्नमा भएको खर्च हिसाब उक्त अभिलेख ग्रन्थको पत्राङ्क २६० मा यसरी लिपिबद्ध भएको देखिन्छ:—

**सम्वत् ८२२ कार्त्तिक वदि १ ङातापोलल देवलयाता, छेयाता, लाछि चिनेयाता, अत ङ्याङाव दुकाया, म्होययाके पंचयाके ।।**
**दातेम्हा, न्हुछेया, वंति, महनिपार. धवन छा मोटं १८ द्व ३० स ५४५, मोटं १२ द्व २० स ४००, मोटं १८ दं ४, द्व २८७७३ अत दुकाया ।। ।।**



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

**वंशिधर, उपर, निको धेया, मो १७ दं ५०, द्व २९०२०, मोटं १४ द्व २३८००, मोटं १५, द्व २५४५९ अत दुकाया ॥...**

**थ्वते धेया, सथिकन, मोटं ६६८ दं १७ दाम बिया अत पा ११३५८२० थ्वते दुकाया ॥**

नेपालीमा रूपान्तर

संम्वत् ८२२ (वि.सं. १७५८) कार्तिक वदि १ न्यातपो (पाँचतले) मन्दिर बनाउन, देवल छें भबन बनाउन र लाछि (न्यात मन्दिर सेरोफेरोको चोक गल्लीका बाटो) मा छाउनलाई इँट खरीद गरी भित्र्याइयो । म्होय र पंचहरूवाट किनियो ।

दातेम्हा, न्हुछे, पंति महनिपार, धवन छा भन्ने ब्यक्तिबाट इँट ३०५४५ मोहर टंका (रूपैञा) १८ मा; २०४०० इँट मोहर टंका १२ मा; इँट २८७७३ मोहर टंका १८ मा खरीद गरियो ।

वंशीधर, उपर, निको धेबाट मोटं १७ दाम ५० को २९०४० इँट, मोटं १४ को २३८०० इँट, मोटं १५ को २५४५९ इँट खरिद गरियो ।

यस्तै अन्य नौ विक्रेता समूहबाट समेत गरी जम्मा ११, ३५, ८५० गोटा इँट मोटं ८६६ दं १७ मा खरिद गरियो ।

पत्राङ्क १८८ मा पनि इँट खरीदको हिसाब लेखिएका छन् । यसको पाठ यस प्रकारको छः–

**घर्नासि, उपा, सोदोल ३ मोटं १ ॥ सिद्धि, उपा, जि ङासल १५ पा ७० दं ६२ ॥ जनराम, उपा, च्वादोल ८ मोटं २ दं ७९ ॥ बुधिराम, उपा, पेदोल ४ मोटं १ दं ४० ॥ थिक दाम वाङ मोटं ७ दं २१ ॥ ॥**

**धनराम, चेकन अत, जिम न्हसल १७ पा ५० मोटं ३ शुकि २ ॥ बुद्धिराम, चेकन अत, जिम ङासल १५ मोटं ३ ।' सेवहरि, चेकन अत, जिम ङासल १५ मोटं ३ ॥ देवराम, चेकन अत, जिम नेसर १२ पा ५० मोटं २ शुकि २ ॥ सिद्धिराम, चेकन अत, निय छसल २१ पा ३० मोटं ४ शुकि १ ॥ थिक दाम वाङ मोटं १६ शुकि १ ॥ रामहरि, उपा, सोदोल १ शतछि ३१ पा ५० मोटं १ दं ६ ॥ मनहोल, उपा, जिम गुसल १९ पा ५० दं ७७ ॥ बुधिराम, उपा, न्हसल ७, दं २८ ॥ चंड, (चन्द्र/चण्ड ?) उपा, नेशल २ दं ८ ॥ मोहन मट्टि, उपा पेदोल मोटं १ दं ४० ॥**



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

**ईमा पा ४ दं १२ संषल याके ।। थिकं दाम बाङ मोटं ३ दं ५२ ।। ।।**
**चुकुं, जय कृष्ण, उपा, गुदोल १ सोसल ६३ ग्वग्वल पा ६८ मोटं ३ दं १७ ।।**
**मनिधल, उपा, नेदोल २ दं ८० ।। बुद्धिराम, उपा, च्यादोल ८ पा ५० दं ३४ ।।...**
**कृष्णधर, ग्वग्वल शत्या व पेपा १५४ दं १२... गोग्वल, बिश्वलयाके जिम ङासल**
**१५ मोटं १ ।। थिक दाम बाङ मोटं १५ ।।** (पत्राङ्क १८८ क, ख)

नेपालीमा रूपान्तर:–

'उपा' इँट किनेको : घर्मसिबाट मोटं १ को ३०००; सिद्धिबाट दाम ६२ को १५७०;
जनरामबाट मोटं २ दं ७९ को ८०००; बुधिरामबाट मोटं १
दं ४० को ४००० ।
त्यसमा जम्मा लागेको मोटं ७ दाम २१ ।। ।।

चेकन अत अर्थात् तेलिया इँट किनेको:
घनरामबाट मोटं ३ शुकि २ को १७५०; बुद्धिरामबाट मोटं ३ को १५००;
सेवहरिबाट मोटं ३ को १५००; देवरामबाट मोटं २ शुकि २ को १२५०;
सिद्धिरामवाट मोटं ४ शुकि १ को २१३० ।। त्यसमा लागेको जम्मा मोटं १६
शुकि १ ।।

| | | | | | |
|---|---|---|---|---|---|
| ग्वग्वलपा इँट किनेको : | विश्वलबाट | मोटं १ को | | ग्वग्वल १५०० |
| उपा, | " " | चुकुं, जयकृष्णवाट | मोटं ३ | दं १७ को | ग्वग्वलपा ६८ |
| | " " | कृष्णघरबाट | | दं १२ को | ग्वग्वलपा १५४ |
| | " " | | | | उपा ९०५३ |
| इमापा | " " | संषलबाट दं १२ को ४ वटा | | | |
| उपा | " " | रामहरिबाट मोटं १ दं ६ को | | | ३१३१; |
| | | मनहोलबाट दं ६७७ को | | | १९५०; |
| | | बुद्धिरामबाट दं २८ को | | | ७००; |
| | | दं ३४ को | | | ८०५०; |
| | | चंडवाट दं ८ को | | | २००; |
| | | मोहन भट्टिबाट मोटं १ दं ४० को | | | ४०००; |
| | | जम्मा मोल मोटं १५ परेको । | | | |

उक्त अभिलेख ग्रन्थको पत्राङ्क १६२ क, ख मा पनि खरीद गरिएका तेलिया इँट १०२६३४ को मोटं २० दं ३२ र पत्राङ्क १६३ क मा इँट, झिगटी, ग्वग्र



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(ग्वग्वल), क्वपोको मोल मोटं २३९ दं ५० (झिंगटी इँटको संख्या लेखिएको छैन); ठूलो तेलिया इँट २००० को मोल वापत मोटं ५० (प्रति ठूलो तेलिया इँटको दं ३ का दरले) तिरेकाको उल्लेख पनि देखिन्छ।

उक्त मन्दिर बनाउने काममा लागेका कालीगढ ज्यामी कामदारहरूका प्रकार र ती प्रत्येकका संख्या मोटामोटी (भोजमा निम्त्याइएका सूचीको आधारमा) तल लेखिए अनुसार भएको देखिन्छ। (पत्राङ्क ३० क देखि ३१ ख)

| | | | | | |
|---|---|---|---|---|---|
| लोहो कर्मी (ढुङ्गाको काम गर्ने) | ३१ | जना | लुँ कर्मी (सुनको काम गर्ने) | १२ | जना |
| " ललितपुरका | ४४ | " | निबा (सुनमा जलप लगाउने) | १२ | " |
| आवाल | ३९ | " | चेतकल (चित्रकार) | १६ | " |
| एघात | ३२ | " | सालिम | २१२ | " |
| बाला | १५ | " | गाथा | ४८ | " |
| पामि (काठ चिर्ने) | १२ | " | इत्यादि। | | |
| नकर्मी (फलामको काम गर्ने) | ४४ | " | | | |
| ताम्राकार | ४७ | " | | | |
| जोवाल (ताम्राकारका सहयोगी?) | ३ | " | | | |

प्रस्तुत 'सिद्धाग्नि कोट्याहुति देवल प्रतिष्ठा' अभिलेख ग्रन्थ विशेषत: न्यातपौ (पाँचतले) मन्दिर निर्माणकार्यका साथसाथै र निर्माणकार्य पुरा भई मन्दिर प्रतिष्ठा सम्बन्धी शान्ति स्वस्तिका तान्त्रिक कर्मकाण्ड कृत्यमा भएका खर्च र ठाउँ ठाउँबाट पठाइएका सेवा कु, ब्रह्मभोज र अरू पाहुनाहरूलाई भोज खुवाइएका, ठाउँ ठाउँबाट आएका नृत्य मण्डली इत्यादिका विवरण टिपिएका देखिन्छन्। खर्चको टिपोट सम्बन्धी अभिलेख ग्रन्थ हुँदा त्यसमा (न्यातपौ) पाँचतले मन्दिर निर्माण विषयका क्रमबद्ध विस्तृत परिचय वर्णन छैनन्। निर्माण सम्बन्धी प्राविधिक पक्षीय तथ्यहरू पनि मनग्गे छैनन्। यति भएर पनि उक्त अभिलेख ग्रन्थबाट मन्दिर निर्माण सम्बन्धी कार्यक्रम तिथि, त्यसमा संलग्न कामदारहरू र तिनीहरूका पारिश्रमिक; त्यसका निम्ति आवश्यक निर्माण सामग्री काठ, ढुङ्गा, इँट बारे तथ्याङ्क; सहयोग अनुदान दिने काममा त्यस बेलाको गाउँ ठाउँ र स्थानीय जनसमूहका सक्रियता, तत्कालीन कामदार कालिगड र सिपाही समूह, टोल टोलका (भक्तपुर र ललितपुरका) नाम र संख्या इत्यादि जे जति उपलब्ध भएका छन्– ती अवश्य पनि राजा भूपतीन्द्र



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मल्लको शासनकालीन राजनैतिक, सामाजिक, धार्मिक, सांस्कृतिक, आर्थिक प्रशासनिक र प्राविधिक विषयमा अध्ययन अनुसन्धान गर्न चाहनेहरूका लागि अत्यन्त उपयोगी एवं दुर्लभ प्रायः भइराखेको ताजा प्रामाणिक तथ्य हुन्। प्रस्तुत लेखबाट सूचित यी सामग्री र आठौं अंकको **अभिलेख** (२०४७ सालको पृ. ६९–७७) मा प्रकाशित लेख तथा नेपाल भाषाको वार्षिक पत्रिका **खेलुइताः** (ने. सं. ११११०, अंक ११, पृ. ३१–४२) मा प्रकाशित सोही विषय सम्बन्धी तथ्यवाट सर्वसाधारण पाठकहरू, अनुसन्धाता र इतिहासकारहरूलाई सहायक सिद्ध होला भन्ने लाग्छ। अस्तु।



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection



1(b)



2(a)



3(b)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection



१५३ (क)



१५३ (ख)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.



१५५ (ख)



१५६ (क)

घिक। ॥साव्ठयाबाप्विदुकाया, ख ४४ नक्का, ख ३० याकाग, ख ९ साक्का, ख ६ नक्का, ख २ थक्का, ख १ ह्लयतु ॥ ख ८३ सियाथिक रू
१८८ थिक, मा८ १४ दं २ थिक॥ ॥धविस्वलयाबाप्विदुकाया, ख १०० थक्का, ख ५ नक्का, ख १२ वाक्का, ख १६ खुक्का, ख ४ थक्का, ख
२ दाक्का, ख २ सुक्का, ख ६ याकाग, ख ४३, ख ३ ॥ ख २०० सियाथिक, रू १०३ थिक, मा८ २ दं ११ थिक॥ ॥चाक्वाठयाबाप्विदुकाया
ख ग नक्का ॥ ख ग सियाथिक, रू १४ थिक, दं १४ थिक॥ ॥खनयुयाबाप्विदुकाया, ख ३ थक्का, ख २ खुक्का, ख १२ नक्का, ख ३ या
क्का, ख १ ह्लयतु ॥ ख ७ सियाथिक, रू १०३ थिक, शुक्रि ३ दं २२ थिक॥ ॥नालायाबाप्विदुकाया, ख १२ थक्का, ख २ किसाक्का:
ख ६ वाक्का, ख १ खुक्का, ख १ ताक्का, ख २ याकाग, ख २ ह्लयत ॥ ख ३३ सियाथिक, रू २३६ थिक, मा८ २ थिक॥ ॥ख ६३० सिया
थिक, रू २३८८ क्कायासथिक, मा८ २२ शुक्रि २ दं १२ दामयासथिक॥ ॥थयलमानयनिसवाप्विदुकाया॥ ववगालाया, ख
६ बाप्वि रू ६० ॥बाजव्हतया, ख १३४ बाप्वि रू १३४ ॥हाकुधर्गाया, ख ४० बाप्वि रू ४० ॥यमसियाया, ख २ बाप्वि रू १३ ॥वि
क्कवधर्गाया, ख १ बाप्वि रू १४ ॥नवधकया, ख ४ बाप्वि रू २७ ॥माहानरुगाया, ख ३ बाप्वि रू २६ ॥जयसिंहगाया, ख २

१५७ (ख)

क्षमसामेश्वर॥ ॥देवलयाख्यु, खस्वाल ह्लसद्धानानेल्था, खक १२ ॐ ३ जावकु २ ॥थमयानकु ६४, नागलविसिमालहोथ जावकु १४ ॐ
६ स्यालकु यताकु ६४ गलबासावनासु जावकृ ३१ बूकल जावकु २ ॐ २१ नतायानागलविसकानजावकु १४ ॐ ३ स्यालताजावकु ६४ बूक
ल जावकु २ ॐ ६ ग्रावनासुगलवाजावकृ २२ नागलविसकानजावकु १४ ॐ २ सातायास्यालताजावकु ४४ बूकलजावकु १४ ॐ ३ गलवा
लविनाग सिमाललाख्व जावकु १४ ॐ १० पतायास्यालताजावकु ४ ॐ २ बूकलजावकयो १४ ॐ ८ गलबालविनाग सिमाल जावकु १४
ॐ ३ कुतायास्यालताजाव ३ बूकल जावकु १ ॐ २१ थतदेवलयाख्वा ॥ थवनयाकुक्काल रू ६ बृहस्पति रू १ शुक्र रू ३ शनि रू ६ आ
दि रू ६ सोम रू ७ अंगा रू ३ शुक्र रू १ बृह रू ४ शुक्र रू २ आदि रू ३ अंगा रू ७ शनि रू ४ आदि रू ६ सोम रू २ अंगा रू २ बुध रू २ बृह रू २
शुक्र रू १ अंगा रू ३ अंगा रू १ बुध रू ३ सोम रू ७ अंगा रू ४ बुध ॥काबनयाकुक्काल रू १ सोम रू ६ बुध रू ३ बृह रू ७ शुक्र रू ६ आदि रू
३ आदि रू ३ सोम रू ७ अंगा रू ४ बुध रू ८ बृह रू ३ शुक्र रू ३ शनि रू १ सोम रू २ अंगा रू ४ बुध रू २ शुक्र रू ४ शनि रू ३ आदि रू २ शनि
रू १ बृह रू ३ शुक्र रू ६ शनि ॥ रू ६३ सथिक॥ ॥माघवदि ६ आवृद्रयाज महादेवयाक धनसिंगवधक न्यायूतसिपुदकाया, थू २०१

२४६ (क)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कर्म्मीउरक्षायूरा॥माघवदि८पूषूकर्म्मीउरक्षायूरा॥माघवा१४नपूषक्रकर्म्मीउ।क्षायूरा॥फाल्गुनसं४यापूषूकर्म्मी१०क्षायूउ॥ ॥सम्बत ८२२ कार्त्तिक
वदि१०ता॥घलद्वबलयातस्कयाता,लाक्षि चिनयाता॥इत्ताद्याटाव दूकाया,क्षायंयाकर्खेयाक्षोदान क्षा,क्रूस्कया,वीनिमरुनियाव,ध्रुवन
स्क,माटि१८ द्व ३० स३०, माटि१२ द्व२० स४००, माटि१८ दं४x द्व२८॥६ इत्तादूकाया॥ ॥वंशीधनडपन,निकाधेया,माटि१॥दं
३० द्व२१०२०,माटि१४ द्व२३८००,माटि१३,द्व२३४३२,इत्तादूकाया॥ ॥राम,देव वामडयाधेयाधेया,माटि८ ३ शुकि३ दं४ ल
१३२१००,माटि ३ दं२८,द्व२०३००,माटि॥८ शुकि३ दं३,ल१३२१८,इत्तादूकाया॥ ॥शाकु धर्म्म कनुदालया,माटि१२ दं१३ द्व
३२३०,माटि१४ दं१३ द्व२४०२३,माटि॥१ शुकि३ दं २२ द्व३०१००,इत्तादूकाया॥ ॥राय नामशादान,स्वपाकाया,माटि१४ द्व१३४४
माटि८ द्व१॥६ शुन,माटि१४ द्व१३१३० इत्तादूकाया॥ ॥जिवपवमानया,धेयायास्द,देवयूया,माटि२० दं१० द्व३४२००,माटि१० दं॥ द्व॥
१०,माटि१३ शुकि२ दं१२ द्व२२२३० इत्तादूकाया॥ ॥पूनर्सिंपशुवाम,वाक्षा,धेनधेया,माटि४३ शुकि३ दं२१ द्व॥३०१२,माटि ३० द्व३
१३३३,माटि ...८२०० इत्तादूकाया॥ ॥नामंगवक्रयसिं,जिवकृष्ण,रमयीतिलिमानिविधेया,माटि२० दं२० द्व३४३०० माटि

२६० (क)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

# भूमिसम्बन्धी केही तमसूक ताडपत्रहरू

**–सिद्धिरत्न शाक्यभिक्षु**

राष्ट्रको परिचय नै इतिहास हो। नेपालको इतिहासमा मध्यकालको ऐतिहासिक श्रोतको रूपमा हस्तलिखित ग्रन्थहरू, घटनावलीहरू, ताम्रपत्र, शिलापत्र, इष्टिका पत्र, काष्ठपत्र इत्यादि अभिलेखहरू इतिहासलाई तथ्य प्रमाणित रूप दिनका लागि अत्यन्त महत्वपूर्ण मानिन्छ भने भूमि सम्बन्धी तमसूक ताडपत्रहरू पनि त्यतिकै महत्वपूर्ण मान्न सकिन्छ। इतिहासकार धनवज्र वज्राचार्यज्यूले भन्नु भएको छ, नेपालको प्राचीन इतिहास र आधुनिक इतिहास स्वदेशी तथा विदेशी इतिहासकारहरूले जति ध्यान दिएका थिए, साँच्चै भन्ने हो भने मल्लकालीन इतिहासमा त्यति दृष्टि दिएको पाइँदैन। त्यसको प्रमुख कारण मध्यकालको राजनैतिक अवस्थामा देखा परेको कमजोरी नै मुख्य कारण पनि मान्नु भएको छ। यो मध्यकाल, प्राचीनकाल र आधुनिककालको सिलसिलालाई जोड्ने कडिका रूपमा रहेका हुनाले पनि मध्यकालीन नेपाललाई राम्ररी जान्नुपर्ने हुन्छ।

यसरी मध्यकालमा शिलापत्र, ताम्रपत्र, उत्कीर्ण पत्रहरू लिखित रूपमा रहेका ऐतिहासिक श्रोतहरू निकै पाइएता पनि तिनीहरूको गहन रूपले केलाई अध्ययन गर्नु बाँकी नै छ। यस्ता ताडपत्रहरू घरघरमा थन्किएर रहने भएको हुँदा त्यसका लागि राष्ट्रिय अभिलेखालयले विभिन्न तरिकाहरू अपनाई सर्वसाधारणलाई समेत ताडपत्रहरूको संरक्षण तथा प्रकाशन गर्न प्रेरित गर्दै आएको छ।

हुनत, वि. सं. को ४ औं देखि ७ औं शताब्दीको उत्तरार्द्ध सम्म प्रचलित भएका पूर्व लिच्छवि लिपिमा लेखिएको राष्ट्रिय अभिलेखालयमा संग्रहित दशभूमिश्वर, रत्नकेतु सूत्र र ७ औं शताब्दीको उत्तरार्द्ध देखि १२ औ शताब्दीमा लेखिएको उक्त लिच्छवि लिपिको स्कन्दपुराण (अम्बिका खण्ड) ग्रन्थहरू ताडपत्रमै लेखिएका छन्। पूर्व मध्यकालमा पनि यस्ता ताडपत्रहरूमा लेखिएका विभिन्न बिषयका हस्तलिखित



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ग्रन्थहरू पाइन्छन् । यसबाट पूर्व मध्यकालको अध्ययन गर्नमा निकै सहयोग पुऱ्याउँछ । खुशीको कुरो हो यसरी पूर्व मध्यकालको पनि लिखत (कारोवारहरू)का पत्रहरू भेटिन थालेका छन् । अहिले सम्मको यस्तो ताडपत्रहरू सबभन्दा पुरानो वि. सं. २०३७ मा ललितपुर, बुद्ध जयन्ती समारोह समितिद्वारा प्रकाशित 'हेमराज शाक्यद्वारा' सम्पादित शिबदेव संस्कारित ''रुद्रवर्ण महाविहार तालपत्र अभिलेख'' नामक पुस्तकको १ पृष्ठमा मूलपाठ छापिएको ताडपत्रलाई मान्न सकिन्छ । यो ताडपत्र ने. सं. १०३ मार्ग शुक्लको छ । विक्रम संवतमा १०३९ पर्दछ । यसबाट पूर्व मध्यकालमा पनि यस्ता ताडपत्रहरू धेरै हुन सक्ने अनुमान गर्न सकिन्छ ।

राष्ट्रिय अभिलेखालयमा संग्रहित जम्मा १०८७ भूमि सम्बन्धी तमसूक ताडपत्रहरू प्रकाशित हुन वाँकी तथा पहिले प्रकाशन हुँदा वीच वीचमा छुट हुन गएका ताडपत्रहरूलाई यस अंकमा नेपाल संवत ६७७ देखि ८८६ सम्मका (वि. सं. १६१४ १८२३) ताडपत्रहरूमा भक्तपुरका ३, ललितपुरका १२ गरी जम्मा १५ थान सम्पादन गरी प्रस्तुत छ । ती प्रस्तुत ताडपत्रहरू मध्ये क्रम संख्या ४९० र ४९२ का ताडपत्रहरू भुजिमोल लिपिमा लेखिएका छन् । तिनीहरू क्रमशः नेपाल संवत् ६७७ (वि. सं. १६१४) र नेपाल संवत् ६७९ (वि. सं. १६१६) का छन् । बाँकी सबै प्रचलित नेपाल लिपिमा लेखिएका छन् ।

ताडपत्र तमसूकको महत्त्व भन्नाले प्रथमतः तत्कालीन जात जातीका नामहरू तथा विभिन्न टोल, स्थानको प्राचीन नाम थाहा पाउन अत्यन्त सहयोग मिल्दछ भने ताडपत्रहरूको व्यहोरामा उल्लेख भएका जाति थरहरू वज्राचार्य, वंदे, भंन्दि, भंन्दिल, कायष्ठ, कुर्मिना, अमात्य, दुवार, राउत, मुल्मी इत्यादिको छुट्टै महत्त्व रहेको छ । अहिले प्रकाशित १५ थान भित्र मुन कायष्ठ, हाकुसिंह कायष्ठ, लन्ह मुनि कायष्ठको नाम लेखकको रूपमा छन् । तर कतिपय ताडपत्रहरूमा लेखकको नाम दिइएको हुँदैन । अभिलेख सार्ने सिद्धान्तको क्रममा चाहे शुद्ध लेखिएको होस् या अशुद्ध, जस्तो दिइएको छ त्यस्तै सार्नु पर्ने हुनाले यहाँ सोही सिद्धान्त अनुसार ताडपत्रहरूवाट मूल पाठ सार्ने प्रयास गरेको छु । सो ताडपत्रहरूको परिचय तल दिइन्छ ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बट्टा नं. ३१ क्र. सं. ४५२

मूलपाठः–

१) श्रीयोस्तु सम्बत ८८६ मार्गशिर पंचमियातिष्ठाः श्री मध्यपुलि थाने दथुटोलया काधिवासिनः ग्राहक धनकसि भालोकस नाम्ना सकासातः ववथ्वा टोलक बास्तव्य धारणकः गुणजेन भालो नेम्ह फुकिस हुतिकस नाम्नेनं शुक्रिय

२) सुवज्यमाणिकं थानसे २ जगिमि दिस प्रदेशः सुसांकसे क्षत्रनं पश्चिमतः गुच-बुकसे क्षेत्रनं उत्तलतः खप्ववुकसे क्षेत्रनं पूर्व्वतः धलसिमायाः दक्षिनतश्व एतमध्य पिथो क्षत्र नाम संज्ञक तते क्षत्राङ्का दुपि पनिकः ऋखनसे २ उत्रव्वो

३) क छब्वाक सहितनं जुलो... क्षत्र यथा देशकाल प्रश्रोतमान संचालाघेन सुर्वनं मूलेमादाय क्रयनं विक्रयनं स्वाधनियं क्रयन विक्रयन भवतिः यदि स्यादेविक लाजिक व्याघात पलेन्त दां धार्णकेन स्वय प्रस्वधनियं

४) अत्र पत्राथ दृष्ट साक्षि वजाचाज्य धंजु वंदेः धनवित सि महादेश्रो धमनं-दसिब भंन्दिः जय संबर भंन्डिः मानसिव भंन्डिः जगजेतव भंन्डि भागिव भन्डोः धदतव भन्डि सिवो, नंदसिव भन्दिः भाषा

५) लिषदं काएष्ठ मुन संपल ।।शुभ।।

मूल पत्रको परिचय र सारांशः–

यो ने. सं. ८८६ (वि. सं. १८२३) मंसीर पंचमीमा लेखिएको भूमि सम्बन्धी ताडपत्र तमसूक हो। यसको साइज लम्बाई ३८.५ चौडाई ३.५ से. मी. छ। माटाको सीलछाप छ। छापमा घेराभित्र श्री अंकित र घेरा बाहिर विन्दु बुट्टाहरू छन्।

यसमा मध्यपुर ठिमी ववथ्वा टोल बस्ने गुनजेन भारो र दुइ दाजुभाइ सहितले आपनो आफैले भोग गरिराखेको पिथो भन्ने खेत कर्ष दुई र उत्तर पट्टि भागको एक भाग सहित वेचविखन गरेको उल्लेख छ।

उक्त खेतका ४ किल्ला यस प्रकार उल्लेख भएको देखिन्छ। पिथो क्षेत्रको ४ किल्लामा जुगिनि देश प्रदेश सुसांक क्षेत्रबाट पश्चिम गुछवुक क्षेत्रबाट उत्तर खप्व वुकबाट पूर्व धलसिमाको दक्षिण भनी खुलाइएको छ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यसको मूल्य देशकाल चलन अनुसार उचित मूल्य लिई दिएको भन्ने छ। दैवी र राजकीय वाहेक संकट झैझगडा परेमा ऋणीले नै व्यहोर्नु पर्ने उल्लेख छ। साक्षीमा धंजू वजाचाज्य, धनवित सिं, महादेश्रो, धमनंदसिं, भंन्दि, जय सेखर भंन्डि, मान-सिंह भंन्डिः, जगजेतव भंडि, भागिव भन्डीः, धदतव भन्डि, नंदसिव भन्डि इत्यादि छन्। लेखक मुन संपल कायष्ठ छन्।

## ने. सं....

**बट्टा नं ३१** **क. सं. ४५५**

मूल पाठः–

१) **.. ल मास्य कृष्ण पक्ष ।। अमावास्यां तिथौ ।। पूर्वाषाद नक्षेत्रे ।। रानेश्वेत-सूर्यग्राश महा पर्व्व दिने थ्व दिन कुन्हु शुहस्तन दुंता... ...हला मयियात नि ववुया हाथ...**

२) **...तंका १ जव तंका २ थ्वया वुसानन ग्यान देवया... निच्छम्हं राचक भोज वोन्य माल मवोकारे पंचमाहा पातक राकवा का.. (पु)त्रत जूरो**

३) **...आयु आरोग जन धन सन्तान वृद्धिलस्तु ।। थ्वते भाष दृष्ट साक्षी श्री २ चंन्द्र सूर्य दिराक ।।शुभ।।**

ताडपत्रको परिचय र सारांशः–

यस ताडपत्रको अगाडिको र पछाडिको भाग टुक्रा भई खसी सकेका छन्। बीच बीचको भाग पनि टुक्रा भइसकेकालाई जोडेर राखेकाले वीच वीचको अक्षर-हरू पनि देखिंदैन। यसको लम्बाई २८.५ र चौडाई २.५ से. मी. छन्।

यसमा साल भएको टुक्रा खसी सकेको छ। अमावसि तिथि र सूर्यग्रहण परेको दिनमा आफैले (नाउँ नभेटिएको) यस गुठीको व्यवस्था गरेको र प्रत्येक वर्ष आउने आयस्ताले भोज पनि ख्वाउनुपर्ने कुनै एक गुठीको व्यवस्था गरेको बुझिन्छ।

ग्यान देवको... भोज जानु पर्‍यो गएन भने पंच महापाप लागला र यो गुठी चलाएमा आरोग्य, धनजन, सन्तान वृद्धि होस् भनी लेखेको छ। दृष्ट साक्षीमा चन्द्र सूर्य राखेको छ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बट्टा नं. ३१ क्र. सं. ४५८

मूल पाठः–

१) श्रीयोस्तु ।। सम्वत् ८५३ आषाढ कृष्ण पंचम्यायांतिथौ श्री मध्यपुरि स्थाने । ववरंखूटोरकाधिवासिनं ग्राहाक वज्राचार्य जुगिदेव वंदेकस नाम्ना शकासातः नकटोरकै वास्तव्यं धारर्णकः जगतसिङ भारो कस्य नामेन मुत्रियं मुभुज्य मानिकं थानस्य दक्षिन दिस प्रदेस्य मार्गन पश्चिवसतः शुरवो मागन उत्तरतः रछरां चिन्तामुनि वंदे नेम्हकस्य क्षेत्रेन पूर्व्वतः गरभूमेम्यांयां दक्षिनतश्व एत-मध्य पवूस्वधत्या म...

२) तगां न्हसवोस नेबो एक रोपनिक रोव छि १ तत क्षेत्र जथा देशकार प्रश्रोरत-मान तथा संचाराघेर्न शुश्रोन मुलेमादाय क्रय विक्रय स्वाधिनेन क्रयन विक्री यस्तं भवतिर्यद्यस्यादेविक राजिक व्याघात परेन तदा धार्णकेन स्वयं परिस्व-धनियं ग्रतपत्राथे दृष्ट साक्षि वज्राचाज्ये पूर्णसिह, रन्हक सिह, धनमांसि, कर्णसिह विस्यश्वर वावू भन्डि मनबूर्नसि वावू भन्डि रन्हमासिवु भन्डि धनज वावू

३) भन्डि विसश्वलवू भन्डि जिबनंदवू भन्डि शुषर कष्तवू भन्डि रिखित कायस्ठ हाकुसिह शुभ ।।

मूल पत्रको परिचय र सारांशः–

यो ने. सं. ८५३ (वि. सं. १७९०) आषाढ कृष्ण पंचमीमा लेखिएको ठिमी भक्तपुरको खेत वेचबिखन सम्बन्धीको ताडपत्र तमसूक हो । यसको साइज लम्बाई ६९.५ चौडाइ ३.५ से. मि. छ । माटोको सीलछापमा श्री अंकित छ ।

यसमा ठिमी नकटोरका जगतसिंह भारोले ववरंखूटोलका जुगिदेव वज्राचार्य-लाई सात भागको एक भाग अर्थात् १ रोपनी वेचविखन गरिदिएको उल्लेख छ। खेतको मूल्य देशकालमा चलेको अनुसार सुवर्ण मूल्य लिई दिएको भनिएको छ। यदि यसमा दैवी, राजकीय आदि लागि परेको बाधा वाहेक खिचोला भएमा ऋणीले नै व्यहोर्नु पर्ने भन्ने उल्लेख गरिएको छ । यस पत्रमा दृष्ट साक्षी बस्नेहरूमा पूर्णसिह वज्राचाज्ये, रन्हक सिह, धनमांसि, कर्णसिह्, विस्यश्वर वावू भन्डि, मनवूर्नसि वावू भन्डि, रन्हमासिवू भन्डि घनज वावू भन्डि विसश्वलवू भन्डि जिवनंदवू भन्डि, मुपर कस्तवू भन्डि छन् भने लेखकमा हाकुसिह कायष्ठ छन् ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बट्टा नं. ३१ क्र. सं. ४६१

मूल पाठः—

१) श्रेयोस्तु ।। सम्वत ७८४ श्रावण कृष्ण तितियायांतिथौ श्री मध्यपुरि स्थाने ववलंखूतोरकाधिवासिन ग्राहाक दजाचार्य्ये मुनिवंदेकस्य नारना सकाकात । स्वतोलकै वास्तव्यं धार्णक पुनदेव भारोकस्य नाम्नेन शुद्रियं शुभुज्येमानिकं प्रदेशे रोतुमेश तुथितुमेश पश्चिमत रातुमिश धर्म्म रामकस्य... (टुक्रा खसेको)

२) धर्म्मरामकस्य गृहेण रातुमेश दक्षिणतश्चः एतमध्य ववरंखूतोर मगुरान वंता क्षेलसिबर गृहेणाम संज्ञकं तस्य यंवोयेव्रोन जिम ई्स्वकूत्या १३ × अगुरिवि ४ योथ्वक्षे राक्षेखाङ वंवो योवन जिम छकूत्या ११ × अंगुरि खु ६ वोन जिम स्वकू १३ वंथ्वक्षे, वं वो वोय जिम न्हसकू १७ अंगुरि न्हस ७ . (टुक्रा नभएको)

३) अयकवार, वंथ्व क्षे, रिवि, तुंथिम्ह ववन सहित, तत गृहे मार्ग धारा पूर्व स्वसिमा परिभोगं ततगृहे जथादेशकार प्रवतमानस्तथा संचाव्राधेर्ण शुवर्ण-मुरेमादाय क्रप्रविक्रय स्वाधिनेन क्रयनविक्रयतं भवति... जिक् व्याघात परेन तथा धार्णकैनखयं परिस्वधनियं अत्र पत्रार्थे दृ .. (टुक्रा नभएको)

४) ...भारो, हाकुख्वाल भालो एन्द्रसिंह दुवार, मानसिंह दुवार, वजाचार्ज्ये दंन्द-पानि वंदे, उखा दुवार, सहसराम कर्मि नाएक, दशहरि कर्मि नाएक, दायित मान भारो रिखित कायष्ठ लन्हंमुनि ।।शुभ।।

मूल पत्रको परिचय र सारांशः—

यो ने. सं. ७८४ (वि. सं. १७२१) श्रावण कृष्ण तृतीयामा लेखिएको ठिमी भक्तपुरको ताडपत्र तमसूक हो । यसको साइज लम्बाई ५५ चौडाई ३ से. मी. छ । यसमा छाप खसी सकेको छ । चार टुक्रा भइसकेको यी ताडपत्रको अन्तिम टुक्रा पनि हराई सकेको छ ।

यसमा ठिमी ववलंखूटोरमा बस्ने पुनदेव भारोले त्यही ठाउँ बस्ने मुनिवंदे बज्राचार्यलाई घर बिक्री गरेको देखिन्छ । यस ववलंखूटोरमा रहेको घरको क्षेत्रफल उत्तर दक्षिण १३।। हात पूर्व पश्चिम ११// हात ६ अंगुल रहेको देखाएका छन् । घरको बाटो पहिलेको सिमाना सहित उपभोग गर्न पाउने किसिमले लेखिदिएको



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

देखिन्छ। घरको मूल्य यति उति भनी तोकिएको छैन। केवल देशकाल अनुसार सुवर्ण मूल्य तिरि लिएँ दिएँ भनिएको छ। पत्रको दृष्ट साक्षिमा हाकु स्वाल भारो, एन्द्रसिंह दुवार, मानसिंह दुवार, वजाचाज्ये दन्दपानि वंदे, उखा दुवार, सहस्र राम कर्मि नाएक, दशहरि कर्मि नाएक, दायित मान भारो इत्यादि राखिएका छन्। लेखकमा लन्हमुनि कायष्ठ देखिन्छ।

## ने. सं. ८५४

बट्टा नं. ३२ क्र. सं. ४७२

मूल पाठः–

**१) श्रेयोस्तु ।। सम्वत ८५४ चैत्र कृष्ण ।। पञ्चम्यान्तिथौ ।। श्री ललितब्रुमायां श्री माणीग्लात्पश्चिमस्ठः ।। गाडवाहार चाकलं येता गृह श्री रघुवंश रावुत्त योगनरसिं वावुस नाम्नः स्वकीयं स्वभुज्यमानिकं ।। दत्तवाहार यंकुलि वाहार ननि येता गृह वृहस्ठकार मानसिंह रावुत्तस नाम्ना सका**

**२) सात् ।। ङखोतपो क्षेत्र क्षेलवव क्षेत्र नाम प्रदेश ।। सदावर्त्ति गुथिया क्षेत्रात्पश्चिमतः, भागिराम निस्वया क्षेत्रा उत्तरतः ।। वाहालखा मेरुबावुस क्षेत्रात्पूर्व्वतः। श्री राजयाव चन्द्रमुनि व देजुयाव द्वयो क्षेत्र दक्षिणतश्च ।। एतेषामध्ये तत्क्षेत्रा चतुररोवो पणिकं रोव पि ४ तत्क्षेत्र यथा नग**

**३) र काल प्रवर्त्तमानेन तथा संचारार्घेण यथोचितमूल्यमादाय क्रय विक्रय स्वाधिनेन तेना निवृत्तिकं न्यायेन क्रयेन विक्रयेत्वं भवति ।। यदि स्यादैविक राजिक विना तत्क्षेत्रस्य शंकट विवादकाले तदा धार्णकेन परिशोधनीयं अत्र पत्रार्थे साक्षी धार्णकस्य पुत्र धनबावु दृष्टः ।। पूर्व्व तरपत्र तल**

**४) शिवउपतिन चोङम व्याकसि मकाया मालङाव धार्णकसन पिविस्यं केनेमाल जुरो ।। तत्क्षेत्रस्य क्रय पर सर्व्वशोधान पाचू जूरो ।।शुभं।।**

मूल पत्रको परिचय र सारांशः–

यो ने. सं. ८५४ (वि. सं. १७९१) चैत्र कृष्ण पञ्चमीमा लेखिएको भूमिसम्बन्धी ताडपत्र तमसूक हुन्। यसको साइज लम्बाई ५०.५ चौडाई ४.५ से. मि. छ। माटाको सीलछाप छ। छापको बीचमा श्री अंकित छ। श्रीको वरिपरि बाहिर घेरामा विन्दुबुट्टा छन्। यो छाप चर्किसकेको छ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यसमा ललितपुरको मानिगलको पश्चिममा रहेको गाडवाहार येता गृह वस्ने रघुवंश रावुत्त र योगनरसिंह वावु यी दुइको नाउमा रहेको खेत दत्तवाहार यंकुलि वाहार ननि येता गृह वस्ने वृहस्ठकार मानसिंह रावुत्तलाई ङखो तपो क्षेलको नाउँको खेत ४ रोपनी खेत वेचविखन गरेको उल्लेख छ। खेतको चार किल्ला वाहालरुखाका मेरु वावुको खेतबाट पूर्व सदाबर्ति गुठीको खेतबाट पश्चिम, राज र चन्द्रमुनि वदे यी दुईको खेतबाट दक्षिण, भागिरामको खेतबाट उत्तर भनी खुलाई दिएको छ। खेतको मूल्य देशकाल चलन अनुसार यथोचित मोल लिई विक्री गरिएको भनिएको छ। पत्रमा धार्णकको छोरा धनवावु दृष्ट साक्षि राखेको छ। ताडपत्रको पछाडि ङखोतया क्षेलक्ववु क्री पत्र भनी लेखिएको छ।

## ने. सं. ८३५

बट्टा नं ३२ क्र. सं. ४७६

मूल पाठः–

१) श्रेयोस्तु ।। सम्वत ८३५ आषाढ कृष्ण अष्टमान्तिथौ ।। श्री ललितवुमायां श्री माणीग्लःतपश्च ।। माहापार वंध्वाछा चाकलं यन्तगृह अमात्य राजाराम भारोस नाम्ना सकाशात ।। ज्येष्ठ विहारि लिखिछे येतागृह हाकुदेव भारोस...

२) ..ज्य माणिकं ।। फुर्सिनि वातिका नाम प्रदेश ।। – – घलसिमाय पूर्व्वत– – दक्षिणतश्च एतत्मध्ये तद्‌वातिका सार्द्ध द्वयो कर्षङ्क कर्त नसितया २ तद्‌वातिका...

३) घं सम्परिभोग्यन्त यथा नगरकाल प्रवर्त्तमानेन तथा सञ्चालार्घण यथोचित मूल्यमादाय क्रयविक्रय स्वाधिनेन तेनानिवृत्तिक न्यायेन क्रयेन विक्रय तम्भवति ।। यदिस्याद्दैवीक राजिक विनातद्‌वातिकाया शङ्कटविवादकाले तदा धार्णके-

४) न परिशोधनीयं ।। अत्र पत्रार्थ साक्षी धार्णकस्य पुत्र मनोरथ सिंह भारो दृष्टं ।। तद्‌वातिकाया क्रय सर्व्वशोधन पूरण पाचु जुरो ।।शुभं।।

ताडपत्रको परिचय र सारांशः–

यो ने. सं. ८३५ (वि. सं. १७७२) आषाढ कृष्ण अष्टमिमा लेखिएको ललितपुरको ताडपत्र तमसूक हो। यसको साइज लम्बाई ४६.५ चौडाई ३.५ से.मि.



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

छ। माटोको सीलछाप छ। छापको वीचमा श्री र बाहिर घेरामा विन्दु वुट्टा छन्। यस ताडपत्रको केही भाग मूसाले खाइसकेको छ।

यसमा ललितपुर मङ्गल बजारवाट पश्चिममा रहेको माहापार,वंध्वाखाँचाकलं यन्तगृह बस्नेलाई ज्येष्ठविहारि लिविछे येता गृहका हाकुदेव भारोले आफ्नो आफैले भोग चलन गरिआएको फुसिनि वाटिका भन्ने ठाउँको बारी साढे दुई कर्ष वेचविखन गरेको छ। बारीको चार किल्लामा घलसिमादेखि पूर्व र दक्षिण भई घेरेको बारी भनी देखाइएको छ। बारीको मोल देशकाल चलन अनुसार यथोचित मूल्य लिई विक्री गरिदिएको भन्ने लेखिएको छ। यदि यसमा दैवीय, राजकीय आदि बाधा बाहेक खिचोला भएमा ऋणीले नै व्यहोर्नु पर्ने भन्ने उल्लेख गरिएको छ। साक्षी ऋणीकै पुत्र मनोरथ सिंह भारोलाई राखिएको छ। अन्तमा यस वारीको लेनदेन सबै काम सकियो भन्ने पनि लेखिएको छ।

## ने. सं. ८३४

बट्टा नं. ३२ क्र. सं. ४७९

मूल पाठः–

**१) श्रेयोस्तु सम्वत ८३४ श्राव...।। चतुथ्यातिथौ श्री ललितब्रु...**

**२)तत पाताल नाम प्र... मार्गन पश्चिमतः ग्राहकस**

**३) ... ... ...द्धिनेनते नानि**

मूल पत्रको परिचय र सारांशः–

यो ने. सं. ८३४ (वि. सं. १७७१) श्रावण महिना चतुर्थिमा लेखिएको ललितपुरको तमसूक ताडपत्र हो। यसको साइज लम्बाई (टुक्रा टुक्रा जोडेर) ९ र चौडाई २.५ से. मी. छ। यसमा माटाको सीलछाप छ। छापमा 'श्री' अङ्कित भै वरिपरि घेरामा विन्दु बुट्टाहरू छन्।

यो ताडपत्र धेरै जीर्ण भई सासानो माटोको छाप भएको टुक्रा सहित तीनओटा टुक्राहरू छन्। यो ताडपत्र पाताल जग्गा खरिद विक्री गरेको सम्बन्धी देखिन्छ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बट्टा नं. ३३ क्र. सं. ४८२

मूल पाठः–

१) श्रेयोस्तु ।। सम्वत ८४५ माघ कृष्ण प्रति प्रपद्यातिथौ पंरु देश माचो त्वाललं यतागृह देवीदास भारोस नाम्न स्वकीयं स्वभुज्यमानिकं सएव देश यछे त्वाललं यतागृह भागिसिंह भारोस नाम्ने शकाशात् यिलिमा क्षेत्रनाम प्रदेशे श्री श्री राजया क्षत्रा पश्चिमत उत्तर

